# सामाजिक अध्ययन पाठ्यक्रम, २०८२

## आधारभूत तह (कक्षा ६–८)

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

# सामाजिक अध्ययन पाठ्यक्रम, २०८२

## आधारभूत तह (कक्षा ६-८)

**पाठ्यघण्टा : ५** | **वार्षिक कार्यघण्टा : १६०**

## १. परिचय

मानव समाज, यसको वरपरको वातावरण र क्रियाकलापको अध्ययन गराई राष्ट्रिय तथा स्थानीय सन्दर्भ र आवश्यकताका साथमा विश्वपरिवेशलाई समेत सम्बोधन गर्ने गरी सामाजिक अध्ययन विषयको यो पाठ्यक्रम परिमार्जन गरिएको छ । यस पाठ्यक्रमले सामाजिक विज्ञानका व्यावहारिक पक्षहरू समेटी यसका विषयक्षेत्र निर्धारण पनि गरेको छ । यो पाठ्यक्रम तयार गर्दा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले गरेको मार्गदर्शन, सरोकारवालासँग अनलाइन तथा स्थलगत रूपमा गरिएका छलफल तथा अन्तर्क्रिया, वर्तमान परिवेश तथा २०७७ सालमा विकसित सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा विषयको पाठ्यक्रमलाई गहन अध्ययन र विश्लेषण गरी यस स्वरूपमा परिमार्जन गरिएको हो । यस पाठ्यक्रमले विद्यार्थीलाई असल नागरिक भई जीवनयापन गर्न सहयोग पुऱ्याउन असल आचरण निर्माण, अनुशासन, जिम्मेवारी, सहयोग, सहकार्य, शान्ति, प्रेम, समानुभूति, विश्वास, भाइचारा, विविधताको सम्मान जस्ता पक्षलाई व्यावहारिक रूपमा विकास गराउँदै लैजाने लक्ष्य राखेको छ । यस पाठ्यक्रमले कक्षा ९-१० मा सामाजिक अध्ययनका लागि पूर्वाधार तयार गर्ने अपेक्षा राखेको छ ।

यस पाठ्यक्रममा मूलतः हामी र हाम्रो समाज, हाम्रा मूल्यमान्यता, सामाजिक सुधार, नागरिक चेतना, हाम्रो पृथ्वी, आर्थिक क्रियाकलाप, हाम्रो विगत, अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग एवम् जनसङ्ख्या व्यवस्थापन विषयक्षेत्रभित्र तहगत सक्षमता, विद्यार्थीको रुचि, स्तर र आवश्यकताअनुसार विषयवस्तु अनुकूलन तथा समायोजन गरिएको छ । साथै यसमा श्रमप्रति सम्मान तथा काम गर्ने बानीको विकासका लागि घरायसी कार्यलगायतका वास्तविक जीवनसँग सम्बद्ध पक्षलाई सिकाइकै अङ्गका रूपमा समावेश गरिएको छ । यस क्रममा हामी र हाम्रो समाज विषयक्षेत्रमा समुदाय, समाज र विकाससँग सम्बन्धित विषयवस्तु समावेश गरिएका छन् । हाम्रा मूल्यमान्यता विषयक्षेत्रमा असल आचरण, सामाजिक व्यवहार, सांस्कृतिक विविधता, सम्पदा र राष्ट्रियतासँग सम्बन्धित विषयवस्तु र सामाजिक सुधार विषयक्षेत्रमा दुर्व्यवहार, गलत प्रथा, लागुपदार्थ दुर्व्यसन र समाज सुधारमा क्रियाशील सरोकारवाला पक्षसँग सम्बन्धित विषयवस्तु समावेश गरिएका छन् । नागरिक चेतना विषयक्षेत्रमा नियम, संविधान, लोकतन्त्र, न्याय, अधिकार र कर्तव्यसँग सम्बन्धित विषयवस्तु एवम् हाम्रो पृथ्वी विषयक्षेत्रमा पृथ्वीको गोलार्ध, अक्षांश, देशान्तर, गति, मौसम तथा हावापानी, नक्साकार्य, भूकम्प, महामारी, बाढी, पहिरो, डुबान, शीतलहर, चट्याङ, हिमपहिरो तथा हिमताल विस्फोटसँग सम्बन्धित विषयवस्तु समावेश गरिएका छन् । आर्थिक क्रियाकलाप विषयक्षेत्रमा कृषि, उद्योग, सेवा, पर्यटन, वित्तीय संस्था, मुद्रा र लगानीसँग सम्बन्धित विषयवस्तु एवम् हाम्रो विगत विषयक्षेत्रमा नेपाल शब्द र देशको इतिहास तथा सभ्यतासँग सम्बन्धित विषयवस्तु; अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग विषयक्षेत्रमा मित्रराष्ट्रसँगको सम्बन्ध र सहयोग, दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन, भूपरिवेष्टित राष्ट्र र कुटनीतिक नियोगसँग सम्बन्धित विषयवस्तु समावेश गरिएका छन् । जनसङ्ख्या व्यवस्थापन विषयक्षेत्रमा जनसङ्ख्याको परिचय, संरचना, परिवर्तन, स्रोत तथा व्यवस्थापनसँग सम्बन्धित विषयवस्तु समावेश गरिएका छन् । यस पाठ्यक्रममा समसामयिक घटना तथा गतिविधिलाई सान्दर्भिक विषयक्षेत्रमा नै समायोजन गरी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्न सकिने व्यवस्था गरिएको छ ।

यस पाठ्यक्रमलाई परिचय, तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, विषयवस्तु र यसको विस्तृतीकरण, विषयवस्तुको क्षेत्रअनुसार सिकाइ सहजीकरण क्रियाकलापका लागि सञ्चालन गर्न सकिने सम्भावित क्रियाकलाप, सम्भावित प्रयोगात्मक तथा परियोजना कार्यका लागि मार्गदर्शन तथा मूल्याङ्कन विधि, प्रक्रिया तथा साधनहरू समावेश गरी राष्ट्रिय ढाँचा तथा प्रचलित अभ्यासअनुसार व्यवस्थित गरिएको छ । यस विषयको शिक्षण सिकाइका लागि साप्ताहिक ५ पाठ्यघण्टा अर्थात् वार्षिक १६० कार्यघण्टा छुट्याइएको छ । यस विषयमा विद्यार्थीको मूल्याङ्कनका लागि ५० प्रतिशत भार आन्तरिक मूल्याङ्कन र ५० प्रतिशत भार बाह्य मूल्याङ्कनका लागि छुट्याइएको छ ।

## २. तहगत सक्षमता

**कक्षा ६–८ को सामाजिक अध्ययन विषयको अध्ययन पूरा गरेपछि विद्यार्थीमा निम्नलिखित सक्षमताहरू हासिल हुने छन् :**

१. समाजको विकासक्रम, पूर्वाधार निर्माणमा सम्भावनाको खोजी एवम् सहभागिता
२. सांस्कृतिक विविधता, सम्पदा र राष्ट्रियतासम्बद्ध मूल्यमान्यताहरूको पहिचान, संरक्षण र संवर्धनमा सहयोग
३. असल समाजका बाधकतत्त्वको पहिचान र समाज सुधारमा क्रियाशील सरोकारवाला पक्षको भूमिका विश्लेषण
४. संविधान, लोकतन्त्र, न्याय, अधिकार र कर्तव्यको सम्मान र पालना
५. पृथ्वीको बनोट तथा नेपालको भौगोलिक अवस्था पहिचान, नक्साकार्य र विपत्मा सुरक्षाका उपाय अवलम्बन
६. कृषि, उद्योग, पर्यटन र सेवाका सम्भावना पहिचान र स्वरोजगारका उपायहरू अवलम्बन
७. नेपालको इतिहास तथा सभ्यताले नेपाली जनजीवनमा पारेको प्रभावको बोध, मूल्याङ्कन र प्रस्तुति
८. मित्रराष्ट्र, दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन र भूपरिवेष्टित राष्ट्रका बिचमा हुने सहयोग र सम्बन्धहरूको बोध र प्रस्तुति
९. जनसङ्ख्या वृद्धिको प्रभावको समीक्षा र व्यवस्थापनका लागि सहकार्य

## ३. कक्षागत सिकाइ उपलब्धि

| विषयक्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| | सिकाइ उपलब्धि | सिकाइ उपलब्धि | सिकाइ उपलब्धि |
| १. हामी र हाम्रो समाज | १. समुदायको परिचय दिई विशेषता उल्लेख गर्न<br>२. विकासका पूर्वाधारको महत्त्व उल्लेख गर्दै आफ्नो समुदायका विकासका पूर्वाधारहरूसँग परिचित हुन<br>३. विकासका पूर्वाधारका रूपमा शिक्षा र स्वास्थ्यको महत्त्व उल्लेख गर्न | १. समाजको परिचय दिई यसको विकासक्रम उल्लेख गर्न<br>२. विकासको पूर्वाधारका रूपमा यातायात र सञ्चारको महत्त्व बताउन<br>३. आफ्नो स्थानीय तहमा भएका विकासका सम्भावना पहिचान गर्न | १. सामाजिकीकरणको महत्त्व बोध गरी घुलमिल हुन<br>२. विकासका पूर्वाधारका रूपमा खानेपानी र ऊर्जाको महत्त्व खोजी गर्न<br>३. आफू बसेको प्रदेशमा भएका विकासका सम्भावना पहिचान गर्न |
| २. हाम्रा मूल्यमान्यता | ४. आत्मअनुशासनको पालना गर्न<br>५. चाडपर्वहरूमा सहभागिता जनाउन<br>६. हाम्रा सम्पदाहरूको परिचय दिई यिनको महत्त्व र संरक्षणका उपाय बताउन | ४. असल आचरण र सामाजिक व्यवहारको पालना गर्न<br>५. हाम्रा सामाजिक तथा धार्मिक संस्कारसँग परिचित भई सोअनुरूप व्यवहार गर्न<br>६. हाम्रा सांस्कृतिक सम्पदाको खोजी र संरक्षण गर्न<br>७. सहिदलाई सम्मान गर्दै उहाँहरूको योगदानबाट प्रेरणा लिन | ४. नैतिक आचरणको विकास र अभ्यास गर्न<br>५. विविधतामा एकताका रूपमा नेपालको परिचय दिई सामाजिक सद्भाव कायम राख्न<br>६. नेपालका राष्ट्रिय सम्पदाहरूको पहिचान गरी संरक्षण र संवर्धन कार्यमा सरिक हुन<br>७. राष्ट्रियताको सम्मान गर्न |

| विषयक्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| | सिकाइ उपलब्धि | सिकाइ उपलब्धि | सिकाइ उपलब्धि |
| **३. सामाजिक सुधार** | ७. असल समाजका बाधकतत्त्वहरू पहिचान गरी सुधारका उपाय अवलम्बन गर्न<br>८. असल समाज निर्माणमा विद्यालय र युवा क्लबको भूमिका पहिचान गर्न | ८. असल समाजका बाधकतत्त्वहरू पहिचान गरी सुधारका उपाय अवलम्बन गर्न<br>९. सामाजिक सुधारमा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूको भूमिका पहिचान गर्न | ८. असल समाजका बाधक तत्त्वहरू पहिचान गरी सुधारका उपाय अवलम्बन गर्न<br>९. असल समाज निर्माणमा विभिन्न निकायहरूको भूमिका पहिचान गर्न |
| **४. नागरिक चेतना** | ९. नागरिकको परिचय दिई असल नागरिकका गुण विकास गर्न<br>१०. आफ्नो गाउँ वा नगर कार्यपालिकाले प्रदान गर्ने सेवाहरूसँग परिचित हुन र उपयोग गर्न<br>११. नियमको पालना गर्न<br>१२. अधिकारप्रति सचेत रही कर्तव्य पालना गर्न | १०. लोकतन्त्रको परिचय र विशेषता उल्लेख गर्न<br>११. लोकतान्त्रिक संस्कारको पालना गर्न<br>१२. संविधानको परिचय दिन र आवश्यकता बताउन<br>१३. मौलिक हकको उपयोग गर्न तथा नागरिक कर्तव्य पालना गर्न<br>१४. सार्वजनिक सेवा र सुविधाको उपभोगमा सबैको समान अवसरको सम्मान गर्न | १०. लोकतान्त्रिक शासन व्यवस्थामा सरकार र नागरिकले खेल्नुपर्ने भूमिका उल्लेख गर्न<br>११. सङ्घीयताको परिचय दिई यसको महत्त्व उल्लेख गर्न<br>१२. स्थानीय विवाद समाधानमा न्यायिक समिति र मेलमिलाप केन्द्रको भूमिका प्रस्तुत गर्न<br>१३. मानव अधिकारको परिचय दिई यसको सम्मान गर्न<br>१४. सचेत सेवाग्राहीका रूपमा सार्वजनिक सेवाको उपयोग गर्न |
| **५. हाम्रो पृथ्वी** | १३. पृथ्वीको परिचय दिन<br>१४. पृथ्वीको बाहिरी स्वरूप पहिचान गर्न<br>१५. नेपालको भौगोलिक क्षेत्रअनुसारका हावापानी, वनस्पति र मानवीय गतिविधिको परिचय दिन<br>१६. नक्साका आधारभूत सिप हासिल गर्न<br>१७. बाढी पहिरो र डुबानको परिचय दिन र यसबाट सुरक्षित हुने उपाय अपनाउन | १५. अक्षांश र देशान्तरको परिचय दिन<br>१६. मौसम र हावापानीको परिचय दिई मानव जीवनमा तिनको प्रभाव बताउन<br>१७. आफ्नो प्रदेशको नक्सा उतारी तथ्य भर्न<br>१८. भूकम्प र महामारीको परिचय दिन र यसबाट सुरक्षित हुने उपाय अवलम्बन गर्न | १५. पृथ्वीको गतिको प्रभाव बताउन<br>१६. नेपालमा ऋतुअनुसारका हावापानी र मानवीय गतिविधि पहिचान गर्न<br>१७. एसिया महादेशको परिचय दिन<br>१८. नेपालको नक्सा कोर्न र उपयुक्त सङ्केतको प्रयोग गरी तथ्य भर्न<br>१९. शीतलहर, चट्याङ, हिमपहिरो र हिमताल विस्फोटको परिचय दिई सुरक्षित हुन |

| विषयक्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| | **सिकाइ उपलब्धि** | **सिकाइ उपलब्धि** | **सिकाइ उपलब्धि** |
| **६. आर्थिक क्रियाकलाप** | १८. कृषिकार्यको परिचय दिई यसको महत्त्व र विकासका सम्भावना बताउन<br>१९. नेपालका आर्थिक स्रोतसाधनहरूको परिचय र महत्त्व बताई यिनीहरूको सदुपयोगका उपाय उल्लेख गर्न<br>२०. लगानीको परिचय दिई महत्त्व बताउन | १९. उद्योगको महत्त्व र विकासका सम्भावना बताउन<br>२०. नेपालको जलस्रोत र खनिज सम्पदाको परिचय र महत्त्व उल्लेख गर्न<br>२१. उपभोक्ता अधिकारप्रति सचेत रहन<br>२२. मुद्राको परिचय दिई यसको व्यावहारिक प्रयोग गर्न | २०. नेपालका आर्थिक क्रियाकलाप (सेवा र पर्यटन) को वर्तमान अवस्था, महत्त्व र विकासका सम्भावनाका उपाय बताउन<br>२१. मानव संसाधनसँग परिचित भई महत्त्व बताउन र स्वरोजगारका उपायहरू अवलम्बन गर्न<br>२२. नेपालका बैङ्क तथा वित्तीय संस्थाको परिचय दिन र यी संस्थाहरूबाट प्राप्त हुने सेवाहरूको पहिचान गर्न |
| **७. हाम्रो विगत** | २१. नेपाल शब्दको उत्पत्तिसँग परिचित हुन<br>२२. प्राचीन नेपालको सामाजिक र आर्थिक अवस्था उल्लेख गर्न<br>२३. मिथिला सभ्यताको परिचय दिई त्यसले मानव जीवनमा पारेको प्रभाव बताउन | २३. मध्यकालीन नेपालको सामाजिक र आर्थिक अवस्था उल्लेख गर्न<br>२४. सिँजा सभ्यताको परिचय दिई मानव जीवनमा पारेको प्रभाव बताउन | २३. नेपालको एकीकरणमा पृथ्वीनारायण शाह, राजेन्द्रलक्ष्मी, बहादुर शाहको योगदान र एकीकरणको प्रभाव उल्लेख गर्न<br>२४. काठमाडौँ उपत्यका र सिन्धु उपत्यकाको प्राचीन सभ्यता र यसले मानव जीवनमा पारेको प्रभाव बताउन<br>२५. आफ्नो क्षेत्रका ऐतिहासिक स्थल एवम् स्मारकहरूको अवलोकन गरी अध्ययन प्रतिवेदन तयार गर्न |
| **८. अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग** | २४. नेपालको छिमेकी देशहरूसँगको आपसी सहयोग र सम्बन्ध उल्लेख गर्न | २५. सार्कको परिचय दिई यसका उद्देश्य र गतिविधि बताउन<br>२६. नेपालको बेलायत र अमेरिकाबिचको सम्बन्ध र सहयोग उल्लेख गर्न | २६. भूपरिवेष्टित राष्ट्रको परिचय दिई भूपरिवेष्टित राष्ट्रका रूपमा नेपालले भोग्नुपरेका समस्या, सम्भावना र समाधानका उपायहरू बताउन<br>२७. कुटनीतिक नियोगको परिचय दिई यिनका कार्यहरू बताउन |
| **९. जनसङ्ख्या व्यवस्थापन** | २५. जनसङ्ख्याको परिचय दिई महत्त्व उल्लेख गर्न<br>२६. जनसङ्ख्या परिवर्तनका कारक तत्त्वहरू उल्लेख गर्न<br>२७. जनसङ्ख्या तथ्याङ्कका स्रोतहरू प्रस्तुत गर्न | २७. नेपालको जनसङ्ख्याको वर्तमान अवस्था पहिचान गर्न<br>२८. नेपालमा जनसङ्ख्या परिवर्तनको प्रभाव उल्लेख गर्न<br>२९. जनसङ्ख्या व्यवस्थापनको अवधारणा र महत्त्व उल्लेख गर्न | २८. नेपालको जनसङ्ख्याको बनोटको अवस्था विश्लेषण गर्न<br>२९. नेपालमा बसाइँसराइका प्रकार, कारण र प्रभाव बताउन<br>३०. जनसङ्ख्या व्यवस्थापनका उपायहरू पहिचान गरी जनसङ्ख्या व्यवस्थापनमा स्थानीय सरकारको भूमिका उल्लेख गर्न |

## ४. विषयवस्तुको क्षेत्र र क्रम

### कक्षा ६

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| १. **हामी र हाम्रो समाज** | १. समुदायको परिचय दिई विशेषता उल्लेख गर्न | **१.१ समुदाय**<br>● परिचय<br>● विशेषता<br>- समान परम्परा/संस्कृति<br>- सहयोग र सद्भाव<br>- सामूहिक कार्य<br>- सामूहिक जिम्मेवारी<br>- आवश्यकताको परिपूर्ति<br>- सुरक्षा | ● विद्यार्थीलाई समुदायसँग सम्बन्धित चित्र, पोस्टर, भिडियो आदि प्रदर्शन गर्दै छलफलका माध्यमबाट समुदायको परिचय स्पष्ट पार्नुहोस् ।<br>● विद्यार्थीहरूको समूहमा समुदायका विशेषता छलफल गरी टिपोट गर्न लगाई कक्षाकोठामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● विद्यार्थीको विभिन्न समूह बनाई प्रत्येक समूहलाई समुदायका एक एकओटा विशेषता झल्कने भूमिका अभिनय गर्न लगाउनुहोस् ।<br>● सामूहिक कार्य र सहयोगको उदाहरण तथा अभ्यास पालैपालो कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● विद्यार्थीलाई आफ्नो समुदायका आवश्यकता र सुरक्षाका उपायहरू टिपोट गर्न लगाई त्यसका समाधान पहिचान गरी बताउन लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) समुदाय भनेको के हो ?<br>(ख) समुदायका प्रमुख विशेषता उल्लेख गर्नुहोस् ।<br>(ग) समुदायमा सामाजिक सद्भावको आवश्यकता किन पर्छ ?<br>(घ) समुदायको विकासका लागि सामूहिक जिम्मेवारी कसरी निर्वाह गर्नुपर्छ ?<br>**२. अभिनयको अवलोकन फाराम प्रयोग गरेर** | १४ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| | २. विकासका पूर्वाधारको महत्त्व उल्लेख गर्दै आफ्नो समुदायका विकासका पूर्वाधारहरूसँग परिचित हुन | **१.२ विकासका पूर्वाधार**<br>● परिचय<br>● महत्त्व<br>● समुदायको विकासका पूर्वाधारहरूको पहिचान | ● विभिन्न पूर्वाधारहरू, जस्तै : सडक, पुल, विद्यालय, अस्पताल आदिसँग सम्बन्धित तस्बिर वा भिडियो प्रदर्शन गर्दै छलफलका माध्यमबाट विकासका पूर्वाधारको परिचय प्रस्ट पार्नुहोस् ।<br>● हाम्रो समुदायमा विकासको पूर्वाधार नभएको भए के हुन्थ्यो भनी प्रश्न गरेर विकासका पूर्वाधारको अभावको परिकल्पना गराउन लगाउनुहोस् । कक्षाका साथीको समूहमा पूर्वाधारको महत्त्व टिपोट गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● कुन कुन पूर्वाधार हाम्रो समुदायका लागि महत्त्वपूर्ण छ भन्ने विषयमा समूह छलफल गराई उनीहरूको विचारहरू कक्षाकोठामा प्रस्तुत गर्न लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**नमुना प्रश्न**<br>(क) विकासका पूर्वाधार भनेको के हो, उदाहरणसहित प्रस्ट पार्नुहोस् ।<br>(ख) विकासका पूर्वाधार किन आवश्यक छन् ?<br>(ग) तपाईंको समुदायमा रहेका मुख्य पूर्वाधारको सूची तयार पार्नुहोस् ।<br>(घ) आफ्नो समुदायमा आवश्यक नयाँ पूर्वाधारको आवश्यकता पहिचान गरी लेख्नुहोस् ।<br>(ङ) विकासका पूर्वाधारले समुदायको समग्र विकासमा कसरी सहयोग गर्छन्, उदाहरणसहित व्याख्या गर्नुहोस् । | |
| | ३. विकासका पूर्वाधारका रूपमा शिक्षा र स्वास्थ्यको महत्त्व उल्लेख गर्न | **१.३ विकासका पूर्वाधारहरू : शिक्षा र स्वास्थ्य**<br>● परिचय<br>● महत्त्व | ● विद्यालय, अस्पताल, पुस्तकालय, स्वास्थ्यचौकी आदिका तस्बिर/भिडियो देखाएर विकासका पूर्वाधारका रूपमा शिक्षा र स्वास्थ्यको परिचय सम्बन्धमा छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीलाई शिक्षा र स्वास्थ्यको महत्त्व झल्कने गरी शिक्षक, विद्यार्थी, डाक्टर, बिरामीको भूमिका अभिनय गर्न लगाउनुहोस् ।<br>● "यदि शिक्षा र स्वास्थ्य नभएको भए के हुन्थ्यो होला ?" भनेर परिकल्पना गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । शिक्षकले थप उदाहरण प्रस्तुत गरी शिक्षा र स्वास्थ्यको महत्त्व प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) शिक्षा भनेको के हो ?<br>(ख) स्वास्थ्य भनेको के हो ?<br>(ग) शिक्षा र स्वास्थ्य किन महत्त्वपूर्ण पूर्वाधार हुन् ?<br>(घ) तपाईंको समुदायमा शिक्षा सहज रूपमा उपलब्ध गराउनका लागि के गर्नुपर्ला, सुझाव प्रस्तुत गर्नुहोस् ।<br>**२. विद्यार्थीले गरेका भूमिका अभिनयको अवलोकन गरेर** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| **२. हाम्रा मूल्यमान्यता** | ४. आत्मअनुशासनको पालना गर्न | **२.१ हाम्रा मूल्यमान्यता**<br>● आत्मअनुशासन<br>- मर्यादित व्यवहार, नियमको पालना<br>- सत्य/निष्ठा, सोच विचार गरेर बोल्ने<br>- सहनशीलता, शान्ति र संयमता<br>- समयको पालना | ● 'सुनौ, बुझौं, अनि मात्र प्रतिक्रिया दिऔं' भन्ने नियम बनाई विद्यार्थीलाई मर्यादित व्यवहारका सम्बन्धमा छलफल गर्न लगाउनुहोस् । हतारमा प्रतिक्रिया दिनेलाई पुनः ध्यान दिएर सोचविचार गरी प्रतिक्रिया दिन लगाउनुहोस् । अन्त्यमा संयमित भई सोचविचार गरेर बोल्नाले राम्रो परिणाम आउँछ भनी प्रस्ट पार्नुहोस् ।<br>● आत्मअनुशासन के हो र किन आवश्यक छ भन्ने सम्बन्धमा मस्तिष्क मन्थन गराउनुहोस् ।<br>● आत्मअनुशासनमा पर्ने विभिन्न पक्षहरूको सूची बनाउन लगाई छलफलका माध्यमबाट प्रस्ट पार्नुहोस् ।<br>● सही सूचना सम्प्रेषण र समयको पालना गर्दा हुने फाइदाहरूको चार्ट बनाई प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● सहनशीलता, शान्ति र संयमता मानव जीवनका अमूल्य रत्न हुन् भन्ने सन्दर्भलाई विभिन्न उदाहरण, सन्दर्भ तथा कथामार्फत स्पष्ट पार्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br>**१. नमुना प्रश्न**<br>(क) आत्मअनुशासन भनेको के हो ?<br>(ख) आत्मअनुशासनको विकास गर्ने उपायहरू उल्लेख गर्नुहोस् ।<br>(ग) विद्यालय वा घरमा आत्मअनुशासनमा रहन तपाईंले के गर्दै आउनुभएको छ ?<br>(घ) आत्मअनुशासनको पालना गर्दा हुने फाइदाहरू प्रस्तुत गर्नुहोस् ।<br>**२. अन्य साधन प्रयोग गरेर**<br>(क) अवलोकन<br>(ख) स्वमूल्याङ्कनको फाराम | २२ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| | ५. चाडपर्वहरूमा सहभागिता जनाउन | **२.२ हाम्रा चाडपर्वहरू**<br>● विभिन्न चाडपर्व (दसैँ, तिहार, छठ, इद, ल्होसार, क्रिसमस, उँधौली उँभौली, बुद्धपूर्णिमा आदि)<br>- परिचय<br>- महत्त्व<br>- सहभागिता र सम्मान | ● समूह निर्माण गरी विद्यार्थीलाई आफ्नो समुदायमा प्रचलित कुनै एक चाडको नाम, किन मनाइन्छ, कसरी मनाइन्छ ? विशेष खाना/कपडा/चलन के के छन् ? जस्ता कुरा समावेश गरी पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● विद्यार्थीलाई चाडपर्वको महत्त्व टिपोट गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● विभिन्न चाडपर्वमा गरिने क्रियाकलाप तथा खानेकुराको तालिका तयार पारेर प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● विद्यार्थीलाई आफ्नो परिवारले मान्नेभन्दा फरक चाडपर्व मान्ने साथी वा छिमेकीका चाडपर्वमा सहभागी भए नभएको सोधी त्यसको अनुभव बताउन लगाउनुहोस् र अरूले मान्ने चाडपर्वप्रति सम्मान गर्न अभिप्रेरित गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) चाडपर्व भनेको के हो ? नेपालमा मनाइने प्रमुख चाडपर्वहरूको सूची तयार पार्नुहोस् ।<br>(ख) चाडपर्वहरू मनाउनुको उद्देश्य के हो ?<br>(ग) चाडपर्वहरू मनाउँदा सबै धर्म, संस्कृति र समुदायलाई सम्मान गर्ने तरिका के हुन सक्छन् ?<br>(घ) सामाजिक एकता र मेलमिलाप कायम गर्न चाडपर्वहरूले कसरी मदत गर्छन्, तर्क प्रस्तुत गर्नुहोस् ।<br>**२. जोडी वा समूहमा आफ्नो समुदायको चाडपर्व मनाउँदाको क्रियाकलाप वा गीत, नृत्य आदिको नक्कल तथा अभिनयका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| | ६. हाम्रा सम्पदाहरूको परिचय दिई यिनको महत्त्व र संरक्षणका उपाय बताउन | **२.३ हाम्रा सम्पदा**<br>● परिचय<br>● प्रकार<br>- धार्मिक, सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक<br>● महत्त्व<br>● संरक्षणका उपायहरू | ● नेपालका प्रमुख धार्मिक र सांस्कृतिक सम्पदासँग सम्बन्धित चित्र, भिडियो, उदाहरण आदि प्रस्तुत गरी ती सम्पदाहरूको परिचय दिनुहोस् ।<br>● विभिन्न सम्पदाको नाम टिपोट गर्न लगाई ती सम्पदालाई धार्मिक, सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक आधारमा वर्गीकरण गर्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गरी सम्पदाका प्रकार सम्बन्धमा प्रस्ट पार्नुहोस् ।<br>● प्रत्येक विद्यार्थीलाई आफ्नो समुदायमा रहेका सम्पदाको नाम, स्थान र त्यसको महत्त्व कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● समूहमा छलफल गरी सम्पदा संरक्षणका उपायहरूको सूची प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● सम्पदाहरूको संरक्षणमा व्यक्ति र परिवारले खेल्न सक्ने भूमिकाका सम्बन्धमा छलफल गरी संरक्षणमा सहभागी हुन अभिप्रेरित गर्नुहोस् ।<br>● विद्यालय नजिकै रहेको कुनै एक सम्पदा क्षेत्रको भ्रमण गराई क्षेत्रभ्रमण फाराममार्फत तथ्य सङ्कलन गरी प्रस्तुत गर्न लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) सम्पदा भनेको के हो ?<br>(ख) सम्पदाका प्रकारमा के के पर्छन्, उदाहरणसहित प्रस्तुत गर्नुहोस् ।<br>(ग) नेपालका कुनै पाँचओटा सांस्कृतिक र प्राकृतिक सम्पदाको नाम लेख्नुहोस् ।<br>(घ) सम्पदाको संरक्षण किन गर्नुपर्छ ?<br>(ङ) आफ्नो समुदायमा रहेका सम्पदाको संरक्षणमा तपाईंले कस्तो भूमिका निर्वाह गर्नुभएको छ ?<br>**२. क्षेत्र भ्रमणमा विद्यार्थीको सहभागिता, सक्रियता, सङ्कलित तथ्य र प्रस्तुतीकरणको आधारमा मूल्याङ्कन गरेर** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| **३. सामाजिक सुधार** | ७. असल समाजका बाधकतत्त्वहरू पहिचान गरी सुधारका उपाय अवलम्बन गर्न | **३.१ असल समाजका बाधकतत्त्वहरू**<br>● दुर्व्यवहार<br>- परिचय<br>- रोकथाम र समाधान<br>● गलत प्रथा<br>- (छाउपडी)<br>- असर<br>- छाउपडी विरुद्ध सजगता र सचेतता | ● विभिन्न प्रकारका दुर्व्यवहार र तिनले पारेको प्रभावसम्बन्धी घटना प्रस्तुत गर्दै छलफल गराउनुहोस् ।<br>● बालबालिकामाथि हुन सक्ने दुर्व्यवहार र त्यस्ता व्यवहारबाट बच्ने उपायसम्बन्धी सूची प्रस्तुत गर्दै छलफल गराउनुहोस् ।<br>● छाउपडी र त्यसले पारेको असरसँग सम्बन्धित घटना अध्ययन गर्न लगाई छलफल गराउनुहोस् ।<br>● दुर्व्यवहार र गलत प्रथाविरुद्ध सचेतना जगाउने नारा, प्लेकार्ड, पोस्टर आदि तयार गरी सचेतना ऱ्यालीको आयोजना गराउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) दुर्व्यवहारका उदाहरणहरू दिनुहोस् ।<br>(ख) दुर्व्यवहारबाट बालबालिकालाई कस्तो असर पर्छ ?<br>(ग) दुर्व्यवहारबाट बच्न तपाईंले के कस्ता उपायहरू अपनाउनुहुन्छ ?<br>(घ) छाउपडी प्रथा किन हटाउनुपर्छ ?<br>(ङ) तपाईंको समुदायमा रहेका कुनै एक गलत प्रथाको बारेमा बताउनुहोस् ।<br>**२. सचेतना ऱ्यालीमा सहभागिता, सक्रियता, सिर्जनशीलता र नेतृत्व क्षमताका आधारमा** | १४ |
| | ८. असल समाज निर्माणमा विद्यालय र युवा क्लबको भूमिका पहिचान गर्न | **३.२. असल समाज निर्माणमा सङ्घसंस्थाको भूमिका**<br>● विद्यालय<br>● युवा क्लब | - स्थानीय युवा क्लबका कुनै एक प्रतिनिधिलाई स्रोत शिक्षकका रूपमा आमन्त्रण गरी असल समाज निर्माणमा क्लबले गर्दै आएका गतिविधि सम्बन्धमा छलफल गर्नुहोस् ।<br>- विद्यालय र युवा क्लबले असल समाज निर्माणमा खेल्ने भूमिका सम्बन्धमा रनिङ डिक्टेसन गराउनुहोस् ।<br>- विभिन्न किसिमका सामाजिक समस्या विरुद्ध प्लेकार्ड तयार गरी स्थानीय समुदायमा ऱ्याली निकाल्न लगाउनुहोस् ।<br>- असल समाज निर्माणमा विद्यालयको भूमिका शीर्षकमा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) युवा क्लबले कुन काम समाजका लागि गर्न सक्छ ?<br>(ख) विद्यालयले विद्यार्थीमा के कस्ता मूल्य विकास गर्न सहयोग पुऱ्याउँछ ?<br>(ग) युवा क्लबले गाउँमा सरसफाइ अभियान चलाउँदा कस्तो परिवर्तन आयो ?<br>(घ) समाज निर्माणमा विद्यालय/युवा क्लबको भूमिका प्रस्तुत गर्नुहोस् ।<br>**२. वक्तृताको अवलोकन गरेर** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| **४. नागरिक चेतना** | ९. नागरिकको परिचय दिई असल नागरिकका गुण विकास गर्न | **४.१ असल नागरिक**<br>● नागरिकको परिचय<br>● असल नागरिकका गुणहरू (नियम तथा कानुनको पालना, समाजमा शान्ति कायम, अरूको अधिकारको सम्मान, देशभक्ति, स्वदेशी कला, संस्कृतिको संरक्षण आदि) | ● शब्दार्थ चित्र (Semantic Word Map) को प्रयोग गरी नागरिक, बासिन्दा, असल नागरिकका गुणहरू सम्बन्धमा छलफल गराउनुहोस् ।<br>● राज्यबाट नागरिकले प्राप्त गर्ने अधिकार, संरक्षण र सेवासुविधाका सम्बन्धमा छलफल गरी नागरिकको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>● असल नागरिकका गुणहरू लेखिएको चार्ट प्रस्तुत गरी ती गुणअनुरूप विद्यार्थीले गरेका व्यवहारको उदाहरण भन्न लगाउनुहोस् र सबै गुण आत्मसात् गर्न प्रेरित गराउनुहोस् ।<br>● एउटा दिने, एउटा लिने (Give One, Take One) क्रियाकलापका माध्यमबाट असल नागरिकका गुणहरूको सूची तयार गर्न लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br>**१. नमुना प्रश्न**<br>(क) नागरिक कसलाई भनिन्छ ?<br>(ख) असल नागरिकमा हुनुपर्ने गुणहरूको सूची बनाउनुहोस् ।<br>(ग) तपाईंले असल नागरिकको भूमिका कसरी निर्वाह गर्नुभएको छ ?<br>**२. रुजुसूची प्रयोग गरी असल नागरिकका गुणहरूको मूल्याङ्कन गरेर** | २२ |
| | १०. आफ्नो गाउँ वा नगर कार्यपालिकाले प्रदान गर्ने सेवाहरूसँग परिचित हुन र उपयोग गर्न | **४.२ स्थानीय सरकार**<br>● स्थानीय सरकारका रूपमा गाउँ वा नगर कार्यपालिकाको परिचय र विकास कार्यहरू<br>● गाउँ/नगर कार्यपालिकाबाट प्रदान हुने सेवा र उपयोग | ● विद्यार्थीलाई आफू बसेको गाउँ वा नगर कार्यपालिकाबाट प्राप्त सेवा (जस्तै ः घरको नक्सा पास, समुदायमा विकास निर्माणका कार्य, जन्मदर्ता, प्रकोपको समयमा उद्धार, फोहोरमैला व्यवस्थापन) सम्बन्धी अनुभव प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● स्थानीय सरकारले गरेको कुनै निर्णय वा विकास निर्माणका कार्यहरू उल्लेख गर्दै स्थानीय सरकारको अवधारणा प्रस्ट पारी देशमा तीन तहका सरकार रहन्छ भन्ने जानकारी दिनुहोस् ।<br>● गाउँ वा नगरपालिका कार्यालयको भ्रमण गराएर वा कार्यालयसँग सम्बन्धित व्यक्तिलाई स्रोत शिक्षकका रूपमा विद्यालयमा बोलाएर स्थानीय सरकारले सञ्चालन गर्ने विकासका कार्य र तिनीहरूले प्रदान गर्ने सेवाहरूका सम्बन्धमा अन्तर्क्रिया गर्नुहोस् ।<br>● तातोआलु खेल खेलाई सिकाइको सबलीकरण गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br>**१. नमुना प्रश्न**<br>(क) स्थानीय सरकारले गर्ने विकास निर्माणका कार्यको सूची बनाउनुहोस् ।<br>(ख) आफू बसोबास गरेको स्थानीय तहमा बालबालिकाका लागि खेल मैदान निर्माण गर्न अनुरोध गरी स्थानीय सरकारलाई निवेदन लेख्नुहोस् ।<br>**२. अन्तर्क्रिया कार्यक्रममा विद्यार्थीको सहभागिता, सक्रियता र सिर्जनशीलताको अवलोकन गरेर** | |

<table>
<tr><th>विषयक्षेत्र</th><th>सिकाइ उपलब्धि</th><th>विषयवस्तुको विस्तृतीकरण</th><th>सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप</th><th>सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया</th><th>कार्य-घण्टा</th></tr>
<tr><td></td><td>११. नियमको पालना गर्न</td><td>४.३ नियमको पालना<br>● नियमको परिचय<br>● सङ्घसंस्था (विद्यालय, बाल क्लब, जुनियर रेडक्रस सर्कल आदि) सञ्चालन, र व्यवस्थापनका लागि नियमको महत्त्व<br>● नियमको पालना</td><td>● विद्यार्थीलाई धार्मिक स्थल, पार्क वा कुनै एउटा सार्वजनिक स्थलमा गर्नु हुने र गर्न नहुने कुराहरू बताउन लगाई नियमको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>● नियम किन चाहिन्छ ? नियम पालना नगर्दा के हुन्छ ? भन्ने प्रश्नमा मस्तिष्कमन्थन गराई कक्षा, विद्यालय, जुनियर रेडक्रस सर्कल, बाल क्लब, साहित्यिक मञ्च, समुदाय आदिको सञ्चालन र व्यवस्थापनमा नियमको महत्त्व छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>● सबै विद्यार्थीको सहभागितामा कक्षाकोठाको नियम/आचारसंहिता निर्माण गरी पालना गर्न लगाउनुहोस् ।</td><td>तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :<br>१. नमुना प्रश्न<br>(क) नियम किन आवश्यक छ ?<br>(ख) तपाइँले समुदायका के कस्ता नियमहरूको पालना गर्नुभएको छ ?<br>(ग) तपाईंको कक्षाको नियम कसरी बनाइन्छ ?<br>(घ) नियम निर्माणमा किन सबै जनाको सहभागिता हुनुपर्छ ?<br>२. कक्षाको नियम पालनाको अवलोकन गरेर</td><td></td></tr>
<tr><td></td><td>१२. बालअधिकारप्रति सचेत रही कर्तव्य पालना गर्न</td><td>४.४ बालअधिकार र कर्तव्य<br>● परिचय<br>● बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता<br>● आफ्नो अधिकारप्रतिको सचेतता र उपयोग<br>● बालश्रम विरुद्धको सचेतना<br>● कर्तव्यको पालना</td><td>● बालअधिकारहरूबाट बञ्चित कुनै बालकको अवस्था झल्किने काल्पनिक घटना प्रस्तुत गरी छलफलका माध्यमबाट बालअधिकारको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>● बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताअन्तर्गतका अधिकारहरू लेखिएका चार्ट प्रस्तुत गरी बालअधिकारका विभिन्न पक्षहरूका सम्बन्धमा छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>● विद्यालयमा विद्यार्थीले पाएका र पाउनुपर्ने बालअधिकारको सूची तयार गरी प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● बालश्रम झल्किने विभिन्न फोटो र भिडियो प्रदर्शन र प्रश्नोत्तर गर्दै यसबाट बालअधिकारको उपयोगमा सिर्जना हुने बाधा छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>● बालअधिकार र बालश्रमविरुद्धका नाराहरू लेखिएका प्लेकार्ड बनाई स्थानीय समुदायमा बालअधिकार सचेतना र्‍याली गर्न लगाउनुहोस् ।<br>● परिवार, विद्यालय र समुदायमा पालना गर्नुपर्ने कर्तव्यको चार्ट बनाई ती कर्तव्यहरू विद्यार्थीले कसरी पालना गरेका छन्, पालैपालो भन्न लगाउनुहोस् र पालना गर्न अभिप्रेरित गर्नुहोस् ।</td><td>तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :<br>१. नमुना प्रश्न<br>(क) तपाइँका अधिकार र कर्तव्यको सूची बनाउनुहोस् ।<br>(ख) तपाईंले विद्यालयमा आफ्ना अधिकार पाउनु भएन भने के गर्नुहुन्छ ?<br>(ग) बालबालिकालाई अधिकार किन आवश्यक पर्छ ?<br>(घ) तपाईंले कर्तव्यको पालना कसरी गर्नुभएको छ ?<br>२. अन्य साधन प्रयोग गरेर<br>(क) अवलोकन<br>(ख) रुजुसूची</td><td></td></tr>
</table>

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| **५. हाम्रो पृथ्वी** | १३. पृथ्वीको परिचय दिन | **५.१ पृथ्वी**<br>● परिचय<br>आकार र गोलार्ध | ● विद्यार्थीहरूको दुई समूह बनाई हरेक समूहलाई एउटा बल र मार्कर दिएर एउटा समूहलाई बलको ठिक बिचबाट दायाँबायाँ र अर्को समूहलाई तलमाथि हुने गरी रेखा तान्न लगाउनुहोस् र बललाई पृथ्वीको नमुना मानेर गोलार्धको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>● ग्लोब प्रदर्शन गर्दै पृथ्वीको आकार र दुई गोलार्धसँग परिचित गराउनुहोस् ।<br>● विश्वको भौतिक नक्सा प्रदर्शन गर्दै पृथ्वीको धरातलको परिचय दिनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) पृथ्वीको आकार कस्तो छ ?<br>(ख) पृथ्वीको चित्र बनाउनुहोस् ।<br>(ग) गोलार्ध भनेको के हो ? | २६ |
| | १४. पृथ्वीको बाहिरी स्वरूप पहिचान गर्न | **५.२ पृथ्वीको बाहिरी स्वरूप**<br>● जमिनको भाग (पहाड, मैदान, बेँसी, उच्च समस्थली, खोँच, टापु आदि)<br>● पानीको भाग (समुद्र, ताल, नदीनाला, पोखरी, झरना आदि) | ● विश्वको नक्सामा जमिन र पानीको भाग छुट्याउन लगाई जमिनको भाग (पहाड, मैदान, बेँसी, उच्च समस्थली, खोँच, टापु आदि) र पानीको भाग (समुद्र, ताल, नदीनाला, पोखरी, झरना आदि) पहिचानको अभ्यास गराउनुहोस् ।<br>● पृथ्वीको बाहिरी स्वरूप झल्कने चित्र वा भिडियो प्रदर्शन गर्दै तिनका विभिन्न स्वरूपका सम्बन्धमा छलफल गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) पृथ्वीको बाहिरी स्वरूप कस्तो रहेको छ ?<br>(ख) पृथ्वीको कति कति प्रतिशत भाग जमिन र पानीले ओगटेको छ ?<br>(ग) जमिनका विभिन्न भागहरूको चित्र बनाउनुहोस् ।<br>**२. नमुना निर्माण क्रियाकलापमा विद्यार्थीको सहभागिता, सक्रियता र सिर्जनशीलताको अवलोकन गरेर** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| | १५. नेपालको भौगोलिक क्षेत्र अनुसारका हावापानी, वनस्पति र मानवीय गतिविधिको परिचय दिन | **५.३ नेपालको भौगोलिक क्षेत्र**<br>● हिमाल<br>● पहाड<br>● तराई<br>(हावापानी, वनस्पति र मानवीय गतिविधि) | ● नेपालको भौतिक नक्सा प्रदर्शन गर्दै नेपालको मुख्य तीनओटा भौगोलिक क्षेत्रका सम्बन्धमा छलफल गर्नुहोस् ।<br>● नेपालको खाली नक्सामा हिमाल, पहाड र तराई छुट्याएर त्यसमा फरक फरक रङ लगाएर कक्षामा प्रदर्शन गर्न लगाउनुहोस् ।<br>● हिमाल, पहाड र तराईको हावापानी, वनस्पति र मानवीय गतिविधि झल्कने चित्र, फोटो तथा भिडियो प्रदर्शन गर्दै छलफल गर्नुहोस् र परिचय दिनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) नेपालका भौगोलिक क्षेत्रहरूको नाम लेख्नुहोस् ।<br>(ख) नेपालको हिमाली क्षेत्रको हावापानी र जनजीवन कस्तो रहेको छ ?<br>(ग) नेपालको पहाडी र तराई क्षेत्रको जनजीवनबिच केकस्ता भिन्नता रहेका छन् ? | |
| | १६. नक्साका आधारभूत सिप हासिल गर्न | **५.४ नक्साका आधारभूत सिप**<br>● नक्सामा सङ्केत पहिचान<br>● सीमा, मुख्य स्थल र राजमार्ग<br>● नक्सा कोर्ने अभ्यास ( कक्षाकोठाको नक्सा, विद्यालय रहेको समुदाय र स्थानीय तहको नक्सा) | ● कुनै ठाउँको नक्सा प्रदर्शन गर्दै नक्साको सामान्य परिचय दिनुहोस् ।<br>● विद्यार्थीको दुई दुई जनाको जोडी बनाई प्रत्येक जोडीलाई एउटा एटलस दिएर त्यसमा भएको कुनै नक्सा वा कुनै ठाउँको नक्सा दिएर त्यसको अध्ययन गरी विभिन्न तथ्यहरू पत्ता लगाउन भन्नुहोस् र शिक्षकले आवश्यक सहयोग गराउनुहोस् ।<br>● नक्सामा प्रयोग गरिने विभिन्न प्रकारका सङ्केतको सूची प्रदर्शन गर्दै कुनै ठाउँको खाली वा काल्पनिक नक्सामा ती तथ्यहरू भरेर सङ्केत गर्न लगाउनुहोस् ।<br>● विद्यार्थीका विभिन्न समूह बनाई हरेक समूहलाई कक्षाकोठा, विद्यालय, समुदाय र स्थानीय तहको नक्सा कोरेर कक्षामा प्रदर्शन गर्न लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) आफ्नो समुदायको सामान्य नक्सा बनाई चारैतर्फको सिमाना उल्लेख गर्नुहोस् ।<br>(ख) नक्सामा प्रयोग हुने सङ्केतहरू बनाउनुहोस् ।<br>**२. नक्सा कार्यको अवलोकन गरेर** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| | १७. बाढी, पहिरो र डुबानको परिचय दिई यसबाट सुरक्षित हुने उपाय अपनाउन | **५.५ विपत्**<br>● बाढी, पहिरो र डुबान<br>- परिचय र सुरक्षित हुने उपाय | ● विद्यार्थीलाई बाढी, पहिरो, डुबानका बारेमा जानकारी आदानप्रदान गराउन विद्यार्थीहरूको समूह बनाई प्रत्येक समूहलाई एउटा एउटा विषय (बाढी, पहिरो र डुबान) सम्बन्धमा छलफल गराउनुहोस् र त्यस्ता विपत्का कारण, प्रभाव र सुरक्षाका उपायहरू टिपोट गरी प्रत्येक समूहलाई कक्षामा प्रस्तुति दिन लगाउनुहोस् ।<br>● विद्यार्थीलाई आफ्नो क्षेत्रका जोखिमयुक्त स्थानको पहिचान गराउन विद्यालय वा गाउँको नक्सा बनाउन लगाउनुहोस् ।<br>● कस्तो ठाउँमा पहिरो जान्छ र डुबान हुन्छ भन्ने स्थानहरू चिन्न लगाउनुहोस् ।<br>● सुरक्षित स्थानहरू (उँचो भाग, सुरक्षित भवन आदि) पनि चिह्न लगाउनुहोस् र नक्सालाई कक्षामा टाँसेर छलफल गर्नुहोस् ।<br>● विपत्का बेलामा व्यावहारिक उपाय सिकाउन बाढी, पहिरो वा डुबान आएको बेला कसरी सुरक्षित हुने भन्ने नाटक तयार गर्नुहोस् र विद्यार्थीलाई बुबा, आमा, शिक्षक, उद्धारकर्मी आदिको भूमिका अभिनय गराउनुहोस् ।<br>● स्थानीय अनुभवबाट सिक्नका लागि बाढी, पहिरो वा डुबानको अनुभव भएको व्यक्तिलाई कक्षामा बोलाई विद्यार्थीलाई प्रश्न सोध्न लगाई टिपोट गर्न लगाउनुहोस् । त्यसपछि उनीहरूले के सिके भन्ने बारेमा बताउन लगाउनुहोस् ।<br>● सुरक्षासम्बन्धी उपायहरू श्रव्यदृश्य सामग्रीमार्फत सिकाउनुहोस् ।<br>● 'बाढी आउँदा के गर्ने ?' 'पहिरोबाट कसरी बच्ने ?' भन्ने शीर्षकमा आकर्षक पोस्टर बनाई कक्षाको भित्तामा टाँस्न लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) विपत्को परिचय दिनुहोस् ।<br>(ख) बाढी, पहिरो र डुबानको परिचय दिई यसबाट बच्ने उपायहरू उल्लेख गर्नुहोस् ।<br>(ग) स्थानीय जोखिमयुक्त स्थानको पहिचान गरी नक्सा बनाउनुहोस् ।<br>**२. विपत्बाट सुरक्षित रहने पूर्वाअभ्यास** (Drill) **मा सहभागिता, सक्रियता र नेतृत्व सिपका आधारमा**<br>**३. पोस्टर निर्माण क्रियाकलापमा सहभागिता, सक्रियता र सिर्जनशीलताका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| ६. आर्थिक क्रियाकलाप | १८. कृषिकार्यको परिचय दिई यसको महत्त्व र विकासका सम्भावना बताउन | **६.१ कृषिकार्य**<br>● परिचय<br>● महत्त्व र विकासका सम्भावना | ● तल प्रस्तुत गरिए जस्तै प्रश्नहरू निर्माण गरी त्यसैका आधारमा छलफल गराई कृषिकार्यका सम्बन्धमा विद्यार्थीको पूर्वज्ञानको अवस्था पत्ता लगाउनुहोस् ।<br>१. तपाईँहरूले खेतबारीमा गर्नुभएको कामको अनुभव बताउनुहोस् ।<br>२. कृषिकार्यअन्तर्गत के कस्ता कामहरू गरिन्छ ?<br>● विद्यार्थीको पूर्वज्ञानका आधारमा द्रुतलेखन विधिमार्फत कृषिको परिचय लेख्न लगाउनुहोस् र प्रतिनिधिमूलक ढङ्गबाट प्रस्तुत गर्न लगाई शिक्षकले चार्ट वा स्लाइडमार्फत कृषिको परिचय प्रस्ट पार्नुहोस् ।<br>● कृषिकार्य (तरकारी खेती, पशुपालन, मौरीपालन, माछापालन) गरी मनग्य आम्दानी गर्न सकिने केही नमुना कथा वा सत्य घटनाहरू प्रस्तुत गरी कृषिको महत्त्वका सम्बन्धमा छलफल गराई प्रस्ट पार्नुहोस् ।<br>● 'नेपालमा कृषि विकासको सम्भावना' शीर्षकमा निम्नानुसारका विषयवस्तु समेटी वक्तृता तयार गर्न लगाउनुहोस् र कक्षामा वक्तृत्वकला प्रतियोगिता आयोजना गरी प्रस्तुत गर्न लगाउनुहोस् ।<br>- उर्वरभूमि<br>- विविध प्रकारको हावापानी<br>- सिँचाइका लागि पर्याप्त जलस्रोत | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) कृषिअन्तर्गत के कस्ता कार्य पर्छन् ?<br>(ख) कृषिको महत्त्व बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।<br>(ग) नेपालमा कृषिक्षेत्रको विकासका के कस्ता सम्भावना रहेका छन्, लेख्नुहोस् ।<br>**२. वक्तृताको मूल्याङ्कन रुब्रिक्स प्रयोग गरेर** | २० |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| | १९. नेपालका आर्थिक स्रोतसाधनहरूको परिचय र महत्त्व बताई यिनीहरूको सदुपयोगका उपाय उल्लेख गर्न | **६.२. नेपालका आर्थिक स्रोतसाधनहरू**<br>● भूमि र वन सम्पदाको परिचय र महत्त्व<br>● वनजन्य उत्पादनको पहिचान र सदुपयोग | ● विभिन्न आर्थिक गतिविधिहरूको उदाहरण दिँदै उनीहरूका लागि आवश्यक स्रोतसाधनका सम्बन्धमा छलफल गराउनुहोस् ।<br>● आर्थिक स्रोतसाधनको उदाहरण दिई आर्थिक स्रोतसाधनको सम्बन्धमा परिचित गराउनुहोस् ।<br>● भूमि र वनसम्पदाको चित्र, चार्ट वा स्लाइड प्रस्तुत गर्दै भूमि र वनसम्पदालाई आर्थिक स्रोतसाधनका रूपमा परिचित गराउनुहोस् ।<br>● विद्यार्थीको दुई समूह निर्माण गरी समूह एकलाई भूमिको परिचय र महत्त्व, समूह दुईलाई वनसम्पदाको परिचय सम्बन्धमा समूहगत रूपमा छलफल गरी सम्बन्धित विषयवस्तु चार्टमा तयार पारी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । यसरी प्रस्तुत गर्दा एक समूहबाट भएको प्रस्तुतिमा अर्को समूहबाट आवश्यक पृष्ठपोषण दिन लगाउनुहोस् र सहजीकरण गर्नुहोस् ।<br>● वनबाट हामीलाई के के प्राप्त हुन्छ भनी सामूहिक प्रश्न गर्दै जोडीमा छलफल र टिपोट गर्न लगाउनुहोस् ।<br>● भूमि र वनसम्पदाको सदुपयोग समेटिएको दुई साथीबिचको संवादमा भूमिका अभिनयसहित छलफल गराउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br>**१. नमुना प्रश्न**<br>(क) भूमि र वनसम्पदाको महत्त्व लेख्नुहोस् ।<br>(ख) भूमि र वनसम्पदाले नेपालको अर्थव्यवस्थामा कस्तो योगदान पुऱ्याएको छ, बुँदागत रूपमा लेख्नुहोस् ।<br>(ग) तपाईंको समुदायमा भूमि र वनसम्पदाको संरक्षणको स्थिति कस्तो रहेको छ, संरक्षणका लागि थप सुझाव दिनुहोस् ।<br>**२. भूमिका अभिनयमा विद्यार्थीको सहभागिता र सक्रियताका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| | २०. लगानीको परिचय दिई महत्त्व बताउन | **६.३. लगानी**<br>● परिचय<br>● महत्त्व | ● केही व्यावहारिक उदाहरण प्रस्तुत गर्दै विद्यार्थीलाई लगानीको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>● सफलताको कथामार्फत लगानीको अवधारणा र फाइदा प्रस्ट पार्नुहोस् ।<br>● विभिन्न व्यक्तिले विभिन्न क्षेत्रमा लगानी गरेर भएका फाइदा समेटिएको संवाद तयार गरी अभिनय गराउनुहोस् ।<br>● कथा र संवादमार्फत बुझाइमा आएका लगानीका फाइदाहरू चार्टमा प्रस्तुत गराउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) लगानी भन्नाले के जनाउँछ ?<br>(ख) लगानी गर्दा के कस्ता फाइदा आर्जन गर्न सकिन्छ, लेख्नुहोस् ।<br>**२. संवाद र अभिनयमा विद्यार्थीको सहभागिता, सक्रियता र सिर्जनशीलताका आधारमा** | |
| **७. हाम्रो विगत** | २१. नेपाल शब्दको उत्पत्तिसँग परिचित हुन | **७.१ नेपाल शब्दको उत्पत्ति**<br>● ऐतिहासिक र भाषिक आधार | ● हाम्रो देशको नाम कसरी नेपाल रहन गएको होला भन्ने प्रश्न सोधेर विद्यार्थीबाट प्राप्त उत्तरलाई शैक्षणिक पाटीमा टिप्ने, विद्यार्थीका विचार वा अनुमानलाई समेट्दै छलफल गर्नुहोस् ।<br>● शब्द चित्र, कथा तथा भिडियोमार्फत नेपालको प्राचीन कालखण्डको छोटो परिचय दिनुहोस् ।<br>● नेपाल शब्दको उत्पत्तिको ऐतिहासिक र भाषिक आधार सम्बन्धमा प्रचलित केही किंवदन्तीलाई कथात्मक शैलीमा प्रस्तुत गरी छलफल गराउनुहोस् ।<br>● नेपाल शब्दको उत्पत्तिसम्बन्धी छोटा भिडियोहरू कक्षामा देखाउँदै त्यसबारे विद्यार्थीसँग प्रश्नोत्तर गरी प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) नेपाल शब्दको उत्पत्तिका सम्बन्धमा ऐतिहासिक आधार लेख्नुहोस् ।<br>(ख) नेपाल शब्दको उत्पत्तिका सम्बन्धमा प्रचलित कुनै दुइटा भाषिक आधार लेख्नुहोस् । | १८ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| | २२. प्राचीन नेपालको सामाजिक आर्थिक अवस्था उल्लेख गर्न | **७.२ प्राचीन नेपाल**<br>● **गोपाल वंश र महिषपाल वंश**<br>- परिचय<br>- आर्थिक तथा सामाजिक अवस्था<br>● **किरात काल**<br>- परिचय<br>- आर्थिक तथा सामाजिक अवस्था | ● विभिन्न चित्र, तस्बिर र भिडियोका आधारमा गोपालवंश र महिषपाल वंशको परिचय दिनुहोस् ।<br>● गोपाल वंश, महिषपाल वंश र किरात कालको आर्थिक तथा सामाजिक अवस्था समेट्ने बुँदाटिपोट गरिएको चार्टपेपरको प्रयोगसहित कथात्मक शैलीमा सिकाइ सहजीकरण गर्नुहोस् ।<br>● किरात कालको परिचय, आर्थिक तथा सामाजिक अवस्थालाई विभिन्न चित्र, तस्बिर र भिडियोका माध्यमबाट वर्णनात्मक शैलीमा सिकाइ सहजीकरण गर्नुहोस् ।<br>● पुस्तकालयमा लगेर काठमाडौँ उपत्यकाका राजाहरूको प्राचीन कालको राजनीतिक, सामाजिक र आर्थिक अवस्था र विगत एवम् सभ्यता समेटिएको विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन गराउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) गोपाल वंशको छोटो परिचय दिनुहोस् ।<br>(ख) महिषपाल वंशको आर्थिक अवस्थाका बारेमा लेख्नुहोस् ।<br>(ग) किरात कालको सामाजिक अवस्थाका बारेमा वर्णन गर्नुहोस् ।<br>**२. प्राचीन नेपालको सामाजिक आर्थिक अवस्थालाई कथनात्मक शैलीमा प्रस्तुत गर्न लगाएर** | |
| | | **७.३ लिच्छवि काल**<br>● परिचय<br>● आर्थिक तथा सामाजिक अवस्था | ● लिच्छवि कालको परिचय तथा सामाजिक अवस्था झल्काउने खालका विभिन्न तस्बिर, भिडियो र कथाका माध्यमबाट लिच्छवि कालको परिचय दिनुहोस् ।<br>● लिच्छवि कालका आर्थिक क्रियाकलापहरूलाई सूची बनाई सिकाइ सहजीकरण गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) लिच्छवि कालको छोटो परिचय दिनुहोस् ।<br>(ख) लिच्छवि काललाई स्वर्ण काल भन्नुका कारणहरू लेख्नुहोस् ।<br>(ग) लिच्छवि कालमा महिलाको अवस्था कस्तो थियो ? . | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| | २३. मिथिला सभ्यताको परिचय दिई त्यसले मानव जीवनमा पारेको प्रभाव बताउन | **७.४ मिथिला सभ्यता**<br>● परिचय र मानव जीवनमा परेको प्रभाव | ● मिथिला सभ्यता झल्काउने विभिन्न तस्बिर, चित्र कथा, भिडियो आदिका आधारमा मिथिला सभ्यताको परिचय दिनुहोस् ।<br>● मिथिला सभ्यता झल्काउने इतिहासका पुस्तक, पुस्तकालय, इन्टरनेट र अन्य भिडियोहरूका माध्यमबाट मिथिला सभ्यताले मानव जीवनमा पारेको प्रभाव बताउँदै सिकाइ सहजीकरण गर्नुहोस् ।<br>● मिथिला सभ्यता झल्काउने चित्र बनाई कक्षामा प्रदर्शन गर्न लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) मिथिला सभ्यताको परिचय दिनुहोस् ।<br>(ख) मिथिला सभ्यताका बारेमा विभिन्न चित्रहरू सङ्कलन गर्नुहोस् ।<br>(ग) मिथिला सभ्यताको महत्त्वका बारेमा छोटो लेख तयार गर्नुहोस् ।<br>**२. चित्रको अवलोकन गरेर** | |
| **८.अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग** | २४. नेपालको छिमेकी देशहरूसँगको आपसी सहयोग र सम्बन्ध उल्लेख गर्न | **८.१ नेपाल र भारतबिच सम्बन्ध र सहयोग**<br>● नेपाल र भारतबिचको सामाजिक सांस्कृतिक र आर्थिक सम्बन्ध तथा सहयोग | ● छिमेकी राष्ट्र भारतसँग नेपालको सम्बन्धका बारेमा विद्यार्थीको जानकारी र अनुभव प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● कथाकथन विधिद्वारा नेपाल भारतबिचको जनस्तरको सांस्कृतिक र सामाजिक सम्बन्ध प्रस्तुत गर्ने साथै व्यापार र रोजगारीका कारण विकसित आर्थिक सम्बन्धबारे प्रस्ट पारिदिनुहोस् ।<br>● नेपाल र भारतले एकअर्काको आर्थिक र सामाजिक विकासमा पुर्‍याएको सहयोग र योगदान सम्बन्धमा छलफल गराउनुहोस् ।<br>● सबलीकरणका लागि नेपाल र भारतबिचको सम्बन्ध तथा सहयोग विषयमा वक्तृत्वकला प्रतियोगिताको आयोजना गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) नेपाल र भारतका जनताबिच अत्यन्त घनिष्ट सम्बन्ध छ भन्ने कुरा पुष्टि गर्ने कुनै एउटा उदाहरण दिनुहोस् ।<br>(ख) भारतसँगको सम्बन्धबाट नेपालले के कस्ता फाइदा लिन सक्छ ?<br>(ग) नेपाल भारत सम्बन्ध झल्किने एउटा छोटो सन्देश लेख्नुहोस् ।<br>**२. वक्तृताको अवलोकन गरेर** | १० |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| | | **८.२ नेपाल र चीनबिचको सम्बन्ध तथा सहयोग**<br>● नेपाल र चीनबिचको सामाजिक, सांस्कृतिक र आर्थिक सम्बन्ध तथा सहयोग | ● एसिया वा विश्वको नक्सामा नेपाल र चीनको अवस्थिति पत्ता लगाउन लगाई दुई देशलाई सीमा जोडिएका छिमेकीका रूपमा परिचित गराउनुहोस् ।<br>● तिब्बतसँग सीमा जोडिएको नेपालको उत्तरी भेग र तिब्बती जनजीवनसम्बन्धी डकुमेन्ट्री प्रदर्शन गरी दुई देशको जनजीवनका साझा विशेषताहरूबारे छलफल गराउनुहोस् ।<br>● नेपाल र चीनबिचको सामाजिक, सांस्कृतिक र आर्थिक सम्बन्धमा प्रकाशित समाचारहरू सङ्कलन गरी कोलाज बनाई प्रदर्शन गर्न लगाउनुहोस् ।<br>● नेपाल र चीनले एकअर्काको आर्थिक र सामाजिक विकासमा पुऱ्याएको सहयोग र योगदानका सम्बन्धमा छलफल गराउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) नेपाल र चीनको सम्बन्ध कस्तो रहेको छ ?<br>(ख) नेपाल र चिनबिचको सम्बन्ध कहिले सुरु भयो ?<br>(ग) चीन सरकारको सहयोगबाट नेपालमा सञ्चालित आयोजनाहरूको सूची तयार पार्नुहोस् ।<br>**२. विद्यार्थीले तयार गरेको कोलाजको सिर्जनशीलता, पूर्णता, साजसज्जा आदिका आधारमा** | |
| **९.जनसङ्ख्या व्यवस्थापन** | २५. जनसङ्ख्याको परिचय र महत्त्व उल्लेख गर्न | **९.१ जनसङ्ख्या**<br>● परिचय<br>● महत्त्व | ● तपाईंहरूको गाउँ/सहरमा मानिसको सङ्ख्या बढिरहेको छ कि घटिरहेको भन्ने जस्ता प्रश्न राखेर छलफल गराउनुहोस् ।<br>● विद्यार्थीलाई साना समूहमा विभाजन गरी जनसङ्ख्याको अर्थ के हो ? जनसङ्ख्याको वृद्धि वा घटबढले समाजमा कस्तो असर पार्छ भन्ने जस्ता प्रश्नहरूका आधारमा छलफल गराउनुहोस् ।<br>● भिडभाड भएका र सुनसान ठाउँका तस्बिरहरू देखाएर विद्यार्थीलाई जनसङ्ख्याको प्रभाव र महत्त्वका बारेमा छलफल गर्न लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) जनसङ्ख्या भन्नाले के बुझिन्छ ?<br>(ख) जनसङ्ख्याको दुइटा प्रकार लेख्नुहोस् ।<br>(ग) जनसङ्ख्याको महत्त्व प्रस्ट पार्नुहोस् ।<br>(घ) जनसङ्ख्या समाजको विकासमा कसरी सहायक हुन्छ ?<br>**२. अवलोकनमा आधारित मूल्याङ्कन**<br>(विद्यार्थीले समूहमा छलफल गरेर जनसङ्ख्याको महत्त्वका बुँदा प्रस्तुत गरेपछि सहभागिता र समन्वयका आधारमा मूल्याङ्कन गर्नुहोस् ।) | १४ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| | २६. जनसङ्ख्या परिवर्तनका कारक तत्त्वहरू उल्लेख गर्न | **९.२ जनसङ्ख्या परिवर्तनका कारक तत्त्वहरू**<br>जन्म, मृत्यु र बसाइँसराइ | ● जन्म, मृत्यु र बसाइँसराइका बारेमा विद्यार्थीको पूर्वज्ञान परीक्षण गर्न मस्तिष्कमन्थन गराउनुहोस् ।<br>● एउटा परिवार सहरमा बसाइँ सर्दै छ । अर्को परिवारको सहरतिरै बच्चा जन्मेको छ । कोही बिरामी भएर सहर गएका छन् । यसले जनसङ्ख्यामा कस्तो असर पर्छ भनी छलफल गराउनुहोस् ।<br>● 'बसाइँसराइले समाजमा पार्ने प्रभाव' शीर्षकमा छोटो अनुच्छेद लेख्न लगाउनुहोस् ।<br>● अब मेरो पालो (Pen in the Middle) विधिमार्फत जनसङ्ख्या परिवर्तनका कारक तत्त्वहरूको विश्लेषण गराउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) जन्मदर बढ्ने कारण के के हुन सक्छन् ?<br>(ख) मृत्युदर घटाउने उपायहरू बताउनुहोस् ।<br>(ग) जनसङ्ख्या परिवर्तन भनेको के हो ?<br>(घ) 'बसाइँसराइले समाजमा पार्ने असरहरू' बारे एक अनुच्छेद लेख्नुहोस् । | |
| | २७. जनसङ्ख्या तथ्याङ्कका स्रोतहरू उल्लेख गर्न | **९.३ जनसङ्ख्या तथ्याङ्कका स्रोतहरू**<br>● जनगणना<br>● पञ्जीकरण<br>● अभिलेख | ● जनसङ्ख्यासम्बन्धी तथ्याङ्क कसरी पत्ता लगाइन्छ होला ? तपाईंको जन्मको विवरण कहाँ लेखिएको छ भनी प्रश्न सोधी विद्यार्थीलाई जिज्ञासु बनाउनुहोस् ।<br>● जनगणना कर्मचारी, जन्मदर्ता कार्यालय र सरकारी अभिलेख फाइलहरूका तस्बिर/क्लिप देखाएर पाठप्रति उत्सुकता जगाउनुहोस् ।<br>● तीन कार्ड बनाई जनगणना, पञ्जीकरण, अभिलेख समूह बनाई विद्यार्थीलाई विभिन्न जनसङ्ख्या तथ्य (जस्तै : जन्मदर, मृत्युदर, बसाइँसराइ सङ्ख्या आदि) दिई कुन स्रोतबाट प्राप्त हुन्छ भनेर मिलाउने खेल गराउनुहोस् ।<br>● विद्यार्थीलाई जनगणना कर्मचारी, नगरपालिका कर्मचारी, अभिलेख व्यवस्थापकको भूमिकामा अभिनय गराउनुहोस् ।<br>● एउटा टोलीले जनगणना गरिरहेको नाटक प्रस्तुत गर्ने र अर्को टोलीले जन्मको पञ्जीकरण गर्न आउने व्यक्तिको संवाद देखाउने क्रियाकलाप गराउनुहोस् ।<br>● विद्यार्थीलाई घरबाट आफ्नो परिवारको कुनै तथ्य (जन्म मिति, बसाइँसराइ, वर्ष आदि) ल्याउन लगाउनुहोस् र ती तथ्याङ्कहरू कुन स्रोतमा पर्छ भनी छलफल गराउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) जनगणना भनेको के हो ?<br>(ख) पञ्जीकरण र अभिलेखबिचको फरक के हो ?<br>(ग) जनगणनाको तथ्याङ्क किन महत्त्वपूर्ण हुन्छ ?<br>(घ) पञ्जीकरण प्रणालीको महत्त्व शीर्षकमा छ वाक्य लेख्नुहोस् ।<br>(ङ) तीनओटै जनसङ्ख्या तथ्याङ्कका स्रोतहरूको तुलना गर्नुहोस्<br>**२. प्रयोगात्मक/गतिविधिमा आधारित मूल्याङ्कन** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| **१. हामी र हाम्रो समाज** | १. समाजको परिचय दिई यसको क्रमिक विकास उल्लेख गर्न | **१.१ समाज**<br>● परिचय<br>● आवश्यकता<br>● समाज विकास | ● मस्तिष्कमन्थनमार्फत मानव विकासक्रमसम्बन्धी पूर्वज्ञानको परीक्षण गराउनुहोस् ।<br>● प्रारम्भिक मानवको जीवनशैली झल्काउने चित्र वा भिडियो देखाएर वा कथा सुनाएर समाजको परिचय र आवश्यकता सम्बन्धमा छलफल गराउनुहोस् ।<br>● मध्यकालीन समाज र आधुनिक मानवको जीवनशैली झल्काउने चित्र वा भिडियो देखाएर वा कथा सुनाएर छलफल गराउनुहोस् ।<br>● प्रारम्भिक, मध्यकालीन र आधुनिक समाजको विशेषता तुलनात्मक तालिका तयार पारी प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● विद्यार्थीहरूको तीन समूह निर्माण गरी पहिलो समूहलाई प्रारम्भिक, दोस्रो समूहलाई मध्यकालीन र तेस्रो समूहलाई आधुनिक मानवका गतिविधिहरू अभिनय गर्न लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) समाजको परिचय दिनुहोस् ।<br>(ख) समाजको आवश्यकता किन परेको हो ?<br>(ग) आधुनिक समाजमा प्रविधिको भूमिका उल्लेख गर्नुहोस् ।<br>(घ) प्रारम्भिक, मध्यकालीन र आधुनिक समाजका विशेषताहरूको छुट्टाछुट्टै सूची तयार पार्नुहोस् ।<br>**२. भूमिका अभिनयमा सहभागिता, सक्रियता र सिर्जनशीलताका आधारमा** | १४ |
| | २. विकासको पूर्वाधारका रूपमा यातायात र सञ्चारको महत्त्व बताउन | **१.२ विकासका पूर्वाधार**<br>● यातायात र सञ्चारको परिचय र महत्त्व | ● विभिन्न यातायातका साधन (बस, रेल, साइकल, हवाईजहाज, पानीजहाज आदि) र सञ्चारका माध्यम (पत्र, टेलिफोन, इन्टरनेट, टिभी, रेडियो आदि) भएका चित्र वा भिडियो प्रदर्शन गरी प्रश्नोत्तरका माध्यमबाट विकासको पूर्वाधारका रूपमा यातायात र सञ्चारको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीको दुई समूह बनाई यातायात र सञ्चारको महत्त्व भित्तेचित्र सहकारी (Cooperative Graffity) मार्फत टिपोट गर्न लगाउनुहोस् ।<br>● दैनिक जीवनमा यातायात र सञ्चारले कसरी सहयोग पुऱ्याएका छन् भन्ने सम्बन्धमा विद्यार्थीलाई उनीहरूको अनुभव पालैपालो बताउन लगाउनुहोस् र यातायात र सञ्चारको महत्त्व लेखिएको चार्ट/स्लाइड प्रस्तुत गरी छलफलद्वारा प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) यातायात र सञ्चारका साधनहरूको सूची बनाउनुहोस् ।<br>(ख) यातायात र सञ्चारको महत्त्व उल्लेख गर्नुहोस् ।<br>(ग) समुदायमा यातायात र सञ्चारको सुविधाले ल्याएका परिवर्तनहरू समेटी समाचारको नमुना तयार गर्नुहोस् ।<br>**२. भित्तेचित्र सहकारीमा सहभागिता, सक्रियता र सिर्जनशीलताको आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | ३. आफ्नो स्थानीय तहमा भएका विकासका सम्भावनाहरू पहिचान गर्न | **१.३ आफ्नो स्थानीय तहमा भएका विकासका सम्भावना**<br>● विकासका लागि आवश्यक स्रोतसाधन<br>● स्थानीय तहभित्रका विकासका सम्भावनाका क्षेत्र (जस्तै : कृषि, पर्यटन, जलस्रोत, जडीबुटी, खनिज आदि) | ● आफ्नो स्थानीय तहमा उपलब्ध विकासका लागि आवश्यक स्रोतसाधनहरू विद्यार्थीलाई पालैपालो बताउन लगाई विभिन्न स्रोतसाधनहरू (जलस्रोत, खनिज, वनसम्पदा, जनशक्ति आदि) को चित्र, भिडियो, चार्ट प्रदर्शन गर्दै छलफल गरी विकासका लागि आवश्यक स्रोतसाधनसँग परिचित गराउनुहोस् ।<br>● स्थानीय जानकार व्यक्तिलाई स्रोतव्यक्तिका रूपमा आमन्त्रण गरी स्थानीय तहमा रहेका विकासका सम्भावनाहरू सम्बन्धमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्नुहोस् ।<br>● विद्यार्थीको समूह निर्माण गरी आफ्नो स्थानीय तहका विकासका सम्भावनाहरू विषयमा प्यानल छलफल गरी निष्कर्ष कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● स्थानीय तहको स्रोतसाधन र सम्भावनाहरू समेटी चार्ट वा पोस्टर तयार गरी प्रस्तुत गर्न लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) तपाईंको स्थानीय तहमा उपलब्ध विकासका लागि आवश्यक स्रोतसाधनहरूको सूची बनाउनुहोस् ।<br>(ख) तपाईंको स्थानीय तहमा विकासका लागि के के अवसरहरू छन् ?<br>(ग) तपाईंको स्थानीय तहमा पर्यटन प्रवर्धन गर्नका लागि के कस्ता सुझाव दिनुहुन्छ ?<br>**२. प्यानल छलफलमा सहभागिता र सक्रियताका आधारमा**<br>**३. चार्ट वा पोस्टर निर्माणमा विद्यार्थीको सिर्जनशीलता र प्रस्तुतिका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| **२. हाम्रा मूल्यमान्यता** | ४. असल आचरण र सामाजिक व्यवहारको पालना गर्न | **२.१ असल आचरण र सामाजिक व्यवहार**<br>● **असल आचरण**<br>- मूल्यमान्यताको पालना<br>- राम्रो कामको प्रशंसा<br>- क्षमाशील आचरण<br>- सत्कार्य र सहयोग<br>● **असल सामाजिक व्यवहार**<br>- भेटघाट र अनुभव आदानप्रदान<br>- सामूहिक सोच र भावना<br>- सामाजिक कार्यमा संलग्नता र सहकार्य | ● विद्यार्थीलाई गोलो घेरामा राखी आफूले अवलम्बन गर्दै आएका असल आचरण आदानप्रदान गर्न लगाउनुहोस् र अरू साथीबाट आफूले के असल आचरण सिकियो, अनुसरण गर्न प्रेरित गर्नुहोस् ।<br>● राम्रो कामको प्रशंसा, क्षमाशील आचरण, सत्कार्य र सहयोगको महत्त्व सम्बन्धमा सोच - जोडीमा आदानप्रदान गर (Think-Pair-Share) क्रियाकलाप गराई आवश्यक सहजीकरण गर्नुहोस् ।<br>● भेटघाट र अनुभव आदानप्रदान, सामूहिक सोच र भावना, सामाजिक कार्यमा संलग्नता र सहकार्यलगायतका सामाजिक व्यवहारहरूको अभिनय गर्न लगाई तिनीहरूको महत्त्वका सम्बन्धमा छलफल गराउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१ नमुना प्रश्न**<br>(क) कुनै पाँचओटा असल आचरणको सूची बनाउनुहोस् ।<br>(ख) राम्रो कामको प्रशंसा गर्न किन आवश्यक छ ?<br>(ग) सामूहिक कार्य र सहकार्यबाट हुने फाइदाहरू लेख्नुहोस् ।<br>**२. दिइएको जस्तै रुब्रिक्स प्रयोग गरेर विद्यार्थीको असल आचरणको मूल्याङ्कन गरेर** | २२ |

| अवलोकित व्यवहार | अङ्कन | | | |
|---|---|---|---|---|
| | ४ | ३ | २ | १ |
| राम्रो कामको प्रशंसा गर्ने | | | | |
| अरूको गल्तीमा क्षमा दिने | | | | |
| सामूहिक सोच | | | | |
| सामाजिक कार्यमा संलग्नता | | | | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | ५. हाम्रा सामाजिक तथा धार्मिक संस्कारहरूसँग परिचित भई सोअनुरूप व्यवहार गर्न | **२.२ हाम्रा सामाजिक तथा धार्मिक संस्कारहरू**<br>• सामाजिक संस्कारहरू<br>- जन्म, विवाह, मृत्यु<br>- धार्मिक गतिविधिहरू (आराधना/भक्ति/प्रार्थना, पूजा, ब्रत, दान, सहयोगापेक्षी-प्रतिको सेवा, अहिंसा आदि) | • विद्यार्थीलाई आफ्नो परिवार वा समुदायमा प्रचलित जन्म, विवाह वा मृत्यु संस्कारको अनुभव बताउन लगाउनुहोस् ।<br>• अभिभावक वा समुदायका ज्येष्ठ सदस्यसँग सोधपुछ गरेर परिवार वा समुदायमा प्रचलित जन्म, विवाह वा मृत्यु संस्कारका सम्बन्धमा जानकारी सङ्कलन गरी प्रस्तुत गर्न लगाउनुहोस् ।<br>• विद्यार्थीलाई आफ्नो समुदायमा भइरहेका धार्मिक गतिविधिहरू (जस्तै : पूजा, आराधना, ब्रत, दान) साथै धार्मिक स्थल (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) मा देखेका र अनुभव गरेका संस्कारहरू पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।<br>• अहिंसासम्बन्धी नीति कथा प्रस्तुत गरी यसको आवश्यकता र महत्त्वका बारेमा अन्तर्क्रिया गराउनुहोस् ।<br>• समुदायका सहयोगापेक्षीहरूको पहिचान गरी उनीहरूलाई कसरी सहयोग गर्न सकिन्छ भन्ने विषयमा धारणा प्रस्तुत गर्न लगाउनुहोस् र सहयोगका लागि प्रेरित गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) तपाईंको परिवारमा प्रचलनमा रहेका मुख्य सामाजिक संस्कारहरू के के हुन् ?<br>(ख) आफ्ना पारिवारिक संस्कार वा कर्म गर्न नखोज्ने व्यक्तिलाई तपाईं के सुझाव दिनुहुन्छ ?<br>(ग) समुदायमा प्रचलित विभिन्न धार्मिक गतिविधिको सूची तयार गर्नुहोस् ।<br>**२. सामाजिक तथा धार्मिक संस्कारमा सहभागिता सम्बन्धमा अभिभावकको प्रतिक्रिया अभिलेख फारामको प्रयोग गरेर** | |
| | ६. हाम्रा सांस्कृतिक सम्पदाहरूको खोजी र संरक्षण गर्न | **२.३ हाम्रा सांस्कृतिक सम्पदा**<br>• लोकगीत<br>• लोकबाजा<br>• लोकधुन<br>• लोकनृत्य<br>• पर्व र संस्कारअनुसारका पहिरन, गरगहना<br>• मौलिक परिकार | • विद्यार्थीलाई आफ्नो समुदायमा प्रचलित लोकगीतहरू सुनाउने र उनीहरूलाई कुनै एक लोकगीत गाउने अभ्यास गराउनुहोस् ।<br>• विद्यार्थीलाई लोकगीतको सम्बन्धमा विभिन्न स्रोतबाट जानकारी सङ्कलन गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुका साथै लोकगीत गाउन र सुन्न प्रेरित गर्नुहोस् ।<br>• नेपालका विभिन्न लोकबाजा (मादल, सारङ्गी, बाँसुरी, ढोल, झ्याम्टा, धिमे, पञ्चेबाजा, आदि) को चित्र वा वास्तविक बाजा देखाई ती बाजाहरूका सम्बन्धमा छलफल गर्नुका साथै बजाउने अभ्यास गराउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) लोकगीतलाई एक वाक्यमा परिभाषित गर्नुहोस् ।<br>(ख) यदि तपाईं आफ्नो स्थानीय तहको प्रमुख हुनुभयो भने सांस्कृतिक सम्पदाको जगेर्ना गर्न के गर्नुहुन्छ, लेख्नुहोस् । | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | | | ● विद्यार्थीको समूह निर्माण गरी प्रत्येक समूहलाई कुनै एउटा लोकनृत्यको अभ्यास गर्न लगाउनुहोस् ।<br>● विद्यार्थीलाई विभिन्न जातजाति र समुदायको पहिरनका सम्बन्धमा जानकारी सङ्कलन गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● विद्यार्थीलाई नेपालका विभिन्न मौलिक परिकारहरू, जस्तै : सेलरोटी, खिर, बारा, ढिँडो, भक्का, ठेकुवा, योमरी आदि परिकारमध्ये एकअर्कासँग नदोहोरिने गरी कुनै एक परिकार घरबाट ल्याउन लगाई ती परिकारहरूसँग परिचित गराउनुहोस् । | (ग) युवाहरूले परम्परा र संस्कृति बचाउन के गर्नुपर्ला, कुनै तीन उपाय लेख्नुहोस् ।<br>(घ) 'लोकबाजाको संरक्षणमा विद्यार्थीको भूमिका' शीर्षकमा एक वक्तृता तयार पार्नुहोस् ।<br>**२. लोकगीत, लोकनृत्य र लोकवाद्यवादनमा सहभागिता, सक्रियता र सिर्जनशीलताका आधारमा** | |
| | ७. सहिदहरूलाई सम्मान गर्दै उहाँहरूको योगदानबाट प्रेरणा लिन | **२.४ नेपालका सहिदहरू**<br>● लखन थापा, गङ्गालाल श्रेष्ठ, दशरथ चन्द, धर्मभक्त माथेमा, शुक्रराज शास्त्री | ● विद्यार्थीको समूह निर्माण गरी प्रत्येक समूहलाई एउटा सहिद (लखन थापा, गङ्गालाल श्रेष्ठ, दशरथ चन्द, धर्मभक्त माथेमा, शुक्रराज शास्त्री) को जीवनकथा अध्ययन गर्न लगाई उनीहरूको सङ्घर्ष, योगदान, बलिदान र प्रेरणादायी पक्ष चार्टमा तयार पारी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● सहिदको योगदानको बारेमा विद्यार्थीबिच सिर्जनात्मक लेखन प्रतियोगिता गराउने र उत्कृष्ट रचनालाई सूचनापाटीमा टाँसेर हौसला बढाउनुहोस् ।<br>● विद्यार्थीलाई सहिद दिवस कार्यक्रममा सहभागी गराई सहिदको योगदानबाट प्रेरणा लिन अभिप्रेरित गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) सहिद कसलाई भनिन्छ ?<br>(ख) धर्मभक्त माथेमालाई किन मृत्युदण्ड दिइयो ?<br>(ग) नेपालमा प्रजातन्त्रको स्थापनामा सहिदको योगदानको समीक्षा गर्नुहोस् ।<br>(घ) सहिदको जीवनीबाट तपाईंले कस्तो प्रेरणा प्राप्त गर्नुभयो, उल्लेख गर्नुहोस्<br>**२. सिर्जनात्मक लेखनमा सहभागिता, सक्रियता र सिर्जनशीलताका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| **३.सामाजिक सुधार** | ८. असल समाजका बाधकतत्त्वहरू पहिचान गरी सुधारका उपाय अवलम्बन गर्न | **३.१. असल समाजका बाधकतत्त्व**<br>● गलत प्रथा (बालबिवाह, दाइजो/ तिलक)<br>- असर र सुधारका उपाय<br>● **देखासिकी, फजुल खर्च, ठगी**<br>- असर र रोकथामका उपाय | ● समाजमा प्रचलनमा रहेका गलत प्रथा, बालविवाह तथा दाइजो प्रथा र त्यसले पारेको प्रभाव झल्कने चित्र, फोटो, भिडियो, समाचार जस्ता सामग्री प्रस्तुत गर्दै छलफल गराउनुहोस् ।<br>● बालविवाह हुनबाट जोगिन एक बालिकाले गरेको प्रयत्न झल्कने कथा प्रस्तुत गर्दै आफू स्वयम् वा परिवारका सदस्यलाई बालविवाहको सिकार हुनबाट जोगाउन अपनाउनुपर्ने उपाय सम्बन्धमा छलफल गराउनुहोस् ।<br>● दाइजो प्रथाका कारण एउटा परिवार समस्यामा परेको र अर्को परिवारले दाइजो प्रथा तोडेर समाजमा उदाहरणीय बनेको तुलनात्मक कथा प्रस्तुत गर्दै छलफल गराउनुहोस् ।<br>● आवश्यकताअनुसार समूह निर्माण गरी बालविवाह, दाइजो प्रथा, फजुल खर्च, देखासिकी, ठगी सम्बन्धमा पाठ्यपुस्तक र सन्दर्भ सामग्री अध्ययन गर्दै मुख्य बुँदाहरू टिपोट गर्न लगाउनुहोस् र पालैपालो सबै समूहलाई प्रस्तुत गर्न लगाई छलफल गराउनुहोस् ।<br>● दुई दुई जनाको जोडीमा बसेर बालविवाह, दाइजो प्रथा, फजुल खर्च, देखासिकी, ठगीमध्ये कुनै एक विषय विरुद्ध चेतनामूलक कविता, कथा, गीत वा अन्य सिर्जनामध्ये कुनै एक सामग्री तयार पारी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● बालविवाह, दाइजो प्रथा, फजुल खर्च, देखासिकी, ठगी जस्ता कार्यका विरुद्धमा नारा, प्लेकार्ड, पोस्टर आदि तयार गरी सचेतना र्‍याली आयोजना गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br>**१. नमुना प्रश्न**<br>(क) बालविवाह, दाइजो प्रथा, फजुल खर्च, देखासिकी, ठगी जस्ता तत्त्वले समाजमा कस्तो असर पार्छ ?<br>(ख) तपाईंको समाजमा रहेका सामाजिक समस्याको सूची तयार पारी समाधानका उपाय पनि लेख्नुहोस् ।<br>**२. विद्यार्थीले समूह कार्य गरिरहँदा अवलोकन गरी सक्रियता, नेतृत्व सिप र सहकार्यको सामूहिक मूल्याङ्कन गरेर**<br>**३. सिर्जनात्मक लेखन र सचेतना र्‍यालीमा सहभागिता, सक्रियता र सिर्जनशीलताका आधारमा** | १४ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | ९. सामाजिक सुधारमा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको भूमिका पहिचान गर्न | **३.२. सामाजिक सुधारमा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको भूमिका**<br>- स्काउट<br>- रेडक्रस | • विद्यालयमा गठन भएका रेडक्रस र स्काउटका अध्यक्ष वा सदस्यहरूलाई कक्षाकोठामा आमन्त्रण गरी यसको परिचय र कार्य सम्बन्धमा छलफल गराउनुहोस् ।<br>• विद्यार्थीहरूलाई स्काउटको लोगो, त्यस संस्थाले गरेका गतिविधि, संस्थापकको फोटो आदि सङ्कलन गर्न लगाई प्रदर्शन गर्दै स्काउटले समाज सुधारका लागि गरेका र गर्न सक्ने राम्रा कार्यहरूको उदाहरण दिँदै छलफल गर्नुहोस् ।<br>• विद्यालयमा वा वरपर स्काउट वा रेडक्रस संस्था भएमा त्यहाँका प्रतिनिधिलाई कक्षामा बोलाई विद्यार्थीसँग अन्तर्क्रिया गराउने वा रेडक्रसको सम्बन्धमा जानकार व्यक्तिलाई ल्याई अन्तर्क्रिया गराउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br>**१. नमुना प्रश्न**<br>(क) स्काउटका संस्थापक को हुन् ?<br>(ख) स्काउटले के के कार्य गर्छ ?<br>(ग) रेडक्रसले तपाईंको समुदायमा के के कार्य गर्दै आएको छ ?<br>(घ) तपाईंको समाजमा काम गर्ने सामाजिक संस्था र तिनले गरेका कार्यलाई तालिकामा प्रस्तुत गर्नुहोस् ।<br>(ङ) तपाईंको विद्यालयमा गठन भएको जुनियर रेडक्रस र स्काउटले के के कार्य गर्दै आएका छन्, बुँदामा लेख्नुहोस् ।<br>**२. अन्तर्क्रियामा सहभागिता र सक्रियताका आधारमा** | |
| **४.नागरिक चेतना** | १०. लोकतन्त्रको परिचय र विशेषता उल्लेख गर्न | **४.१ लोकतन्त्र**<br>• परिचय<br>• विशेषता | • विभिन्न प्रश्नहरूका माध्यमबाट लोकतन्त्रबारे विद्यार्थीको पूर्वज्ञान पहिचान गरी आवश्यक पृष्ठपोषणसहित यसको परिचय दिनुहोस् ।<br>• द्रुत लेखन विधिको प्रयोग गरेर समूह समूहमा रही लोकतन्त्रका विशेषता लेख्न लगाउनुहोस् ।<br>• लोकतन्त्रमा सरकार र नागरिकले खेल्नुपर्ने भूमिका लेखिएको चार्ट कक्षाकोठाबाहिर टाँसी रनिङ डिक्टेसन (Running Dictation) गराउनुहोस् ।<br>• पाठका मुख्य मुख्य विषयवस्तुलाई फ्लोचार्ट (Flow Chart) मा प्रस्तुत गरी सिकाइको सबलीकरण गराउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br>**१. नमुना प्रश्न**<br>(क) लोकतान्त्रिक शासन व्यवस्थाको परिचय दिनुहोस् ।<br>(ख) नेपाललाई किन लोकतान्त्रिक मुलुक भनिएको हो, प्रस्ट पार्नुहोस् ।<br>(ग) लोकतान्त्रिक शासन व्यवस्थामा नागरिकको भूमिका कस्तो हुनुपर्छ ?<br>**२. द्रुत लेखन र रनिङ डिक्टेसनमा सहभागिता र सक्रियताको आधारमा** | २२ |

<table>
<tr><th>विषयक्षेत्र</th><th>सिकाइ उपलब्धि</th><th>विषयवस्तुको विस्तृतीकरण</th><th>सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप</th><th>सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया</th><th>कार्य घण्टा</th></tr>
<tr>
<td></td>
<td>११. लोकतान्त्रिक संस्कारको पालना गर्न</td>
<td>४.२ लोकतान्त्रिक संस्कार<br>● परिचय<br>● लोकतान्त्रिक संस्कारको विकास गर्न अवलम्बन गर्नुपर्ने उपायहरू</td>
<td>● लोकतान्त्रिक संस्कार झल्किने फोटो, चित्र वा भिडियो प्रस्तुत गर्दै ती सामग्रीबाट विद्यार्थीले सिकेका र अनुभव गरेका कुरा बताउन लगाई उनीहरूको विचारलाई समेटी लोकतान्त्रिक संस्कारको परिचय दिनुहोस् ।<br>● विद्यार्थीले पालना गरेका लोकतान्त्रिक व्यवहारहरूको सूची तयार गर्न लगाउनुहोस् ।<br>● सामूहिक छलफलका माध्यमबाट लोकतान्त्रिक संस्कारको महत्त्व खोजी गरी प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● विभिन्न क्रियाकलापहरूका माध्यमबाट विविधताको सम्मान गराउँदै सामूहिक सहभागिताबाट निर्णय गराउनुहोस् र अरूको अधिकारको सम्मान गर्नुहोस् र यसैगरी सबैलाई समान र निष्पक्ष व्यवहार गर्ने, अरूको विचार सुन्ने, नियमको पालना गर्नेलगायतका लोकतान्त्रिक संस्कार विकासको अभ्यास गराउनुहोस् ।<br>● समूहमा लोकतान्त्रिक संस्कारको महत्त्वसम्बन्धी नाटक तयार गरी अभिनय गर्न लगाउनुहोस् ।</td>
<td>तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः<br>१. नमुना प्रश्न<br>(क) कस्तो संस्कारलाई लोकतान्त्रिक संस्कार भनिन्छ, उदाहरण दिनुहोस् ।<br>(ख) लोकतान्त्रिक संस्कारले समाजमा कस्तो प्रभाव पार्छ, स्पष्ट पार्नुहोस् ।<br>(ग) तपाईंले आफूमा विकास गर्नुपर्ने लोकतान्त्रिक संस्कारहरूको सूची तयार पार्नुहोस् ।<br>(घ) तपाईंको कक्षाका साथीहरूमा भएका लोकतान्त्रिक संस्कारहरूको सूची तयार गर्नुहोस् ।<br>२. विद्यार्थीले पालना गरेका लोकतान्त्रिक आचरणलाई तल दिइए जस्तै श्रेणीमापन फारामको प्रयोग गरेर मूल्याङ्कन गर्नुहोस् ।
<table>
<tr><th>लोकतान्त्रिक आचरण</th><th>अपेक्षित</th><th>अपेक्षित भन्दा कम</th></tr>
<tr><td>विविधताको सम्मान गर्ने</td><td></td><td></td></tr>
<tr><td>सामूहिक सहभागिताबाट निर्णय गर्ने</td><td></td><td></td></tr>
<tr><td>अरूको अधिकारको सम्मान गर्ने</td><td></td><td></td></tr>
<tr><td>सबैलाई समान र निष्पक्ष व्यवहार गर्ने</td><td></td><td></td></tr>
<tr><td>अरूको विचारको सम्मान</td><td></td><td></td></tr>
<tr><td>नियमको पालना गर्ने</td><td></td><td></td></tr>
</table>
३. नाटक लेखन र अभिनयमा सहभागिता, सक्रियता र सिर्जनशीलताका आधारमा</td>
<td></td>
</tr>
</table>

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | १२. संविधानको परिचय दिन र आवश्यकता बताउन | **४.३ संविधानको परिचय**<br>● संविधानको परिचय<br>● संविधानको आवश्यकता | ● विद्यालयलाई व्यवस्थित रूपमा सञ्चालन गर्न नियमहरूको आवश्यकता सम्बन्धमा समूह छलफल गराउँदै राज्य सञ्चालनको नियमका रूपमा संविधानको परिचय दिनुहोस् ।<br>● संविधानको महत्त्व लेखिएको चार्ट प्रस्तुत गरी बुँदागत रूपमा छलफल गर्दै संविधानको आवश्यकता बोध गराउनुहोस् ।<br>● नेपालको संविधानको निर्माण प्रक्रिया, घोषणा मिति, भाग, धारा र अनुसूची लेखिएको चार्ट देखाई त्यसैका आधारमा विद्यार्थीलाई नेपालको संविधानको सामान्य परिचय लेख्न लगाउनुहोस् ।<br>● तातोआलु खेलका माध्यमबाट प्रश्नोत्तर गराई सिकाइको सबलीकरण गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) संविधान भनेको के हो ?<br>(ख) संविधान किन आवश्यक पर्छ ?<br>(ग) देशको संविधान र कक्षाकोठाको नियमबिच समानता र भिन्नता के के रहेका छन् ? | |
| | १३. मौलिक हकको उपयोग र नागरिक कर्तव्य पालना गर्न | **४.४ मौलिक हक र नागरिक कर्तव्य**<br>● मौलिक हकको परिचय<br>- शिक्षा र स्वास्थ्यसम्बन्धी हक<br>● नागरिक कर्तव्य | ● विद्यार्थीले उपयोग गरेका विभिन्न अधिकार भन्न लगाई ती अधिकारलाई संविधानप्रदत्त अधिकारसँग जोड्दै मौलिक हकको परिचय दिनुहोस् ।<br>● नेपालको संविधानमा व्यवस्था गरिएका शिक्षा र स्वास्थ्यसम्बन्धी हक लेखिएको चार्ट वा स्लाइड प्रस्तुत गरी प्रत्येक हकको उपयोग सम्बन्धमा छलफल गर्नुहोस् ।<br>● विभिन्न सन्दर्भ र उदाहरण प्रस्तुत गर्दै कर्तव्यको अवधारणा सम्बन्धमा प्रस्ट पारी नागरिकले पालना गर्नुपर्ने कर्तव्यहरूको सूची तयार गर्न लगाउनुहोस् र पालना गर्न अभिप्रेरित गर्नुहोस् ।<br>● एक बस्ने अरू छरिने (One stays other stray) क्रियाकलापमार्फत विद्यार्थीले पालना गर्नुपर्ने कर्तव्यका विषयमा छलफल गराई टिपोट गर्न लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) नेपालको संविधानमा कतिओटा मौलिक हकको व्यवस्था गरिएको छ ?<br>(ख) तपाईंले शिक्षासम्बन्धी मौलिक हकको उपयोग कसरी गर्नुभएको छ, लेख्नुहोस् ।<br>(ग) नेपाली नागरिकले प्राप्त गरेका स्वास्थ्यसम्बन्धी हकबारे छोटकरीमा लेख्नुहोस् ।<br>(घ) मौलिक हक उपयोग गर्न आफ्नो कर्तव्य पनि पूरा गर्नुपर्छ, किन ? | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | १४. सार्वजनिक सेवा र सुविधाको उपभोगमा सबैको समान अवसरको सम्मान गर्न | **४.५ सार्वजनिक सेवा र सुविधामा समान अवसर**<br>• शिक्षा, स्वास्थ्य<br>• सार्वजनिक स्थल, धारा, पाटीपौवा, चौतारा, बाटोघाटो आदिमा सबैको समान अवसर र पहुँच | • समुदायका मानिसले सार्वजनिक सेवा उपभोग गरेका विभिन्न चित्र, भिडियो तथा फोटो प्रदर्शन गरी ती विषयमा छलफल र प्रश्नोत्तर गराउँदै सार्वजनिक सेवासुविधाको प्रयोग सम्बन्धमा प्रस्ट पार्नुहोस् ।<br>• विद्यार्थीले उपयोग गरेका सार्वजनिक सेवा सुविधाहरूको सूची तयार गर्न लगाउनुहोस् ।<br>• शिक्षा, स्वास्थ्य, सार्वजनिक स्थल, धारा, पाटीपौवा, चौतारा, बाटोघाटोको सुविधा आदिको पहुँच र उपयोगमा सबै जातीय, लैङ्गिक, धार्मिक, अपाङ्गता भएका व्यक्ति तथा समुदायको समान अवसर भएको घटना प्रस्तुत गरी विषयवस्तुमा आधारित भई प्रश्नोत्तर गराउनुहोस् ।<br>• सार्वजनिक सेवासुविधा उपयोगमा बाधा सिर्जना गर्ने तथा ती स्थानमा विभेद गर्ने विरुद्ध विद्यमान कानुनी प्रावधानहरू प्रस्तुत गर्दै ती सेवासुविधा अवसरमा सबैको पहुँच र अवसरको सम्मान गर्न प्रेरित गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) कस्ता सेवासुविधालाई सार्वजनिक सेवासुविधा भनिन्छ, उदाहरण प्रस्तुत गर्नुहोस् ।<br>(ख) सार्वजनिक सेवासुविधामा सबैको समान पहुँच स्थापित गर्न के गर्नुपर्ला, आफ्नो सुझावलाई तीन बुँदामा प्रस्तुत गर्नुहोस् ।<br>(ग) सार्वजनिक सम्पत्तिलाई आफ्नो निजी सम्पत्ति जस्तै गरी अरूलाई प्रयोग गर्न नदिने व्यक्तिलाई तपाईं के भनेर सचेत गराउनुहुन्छ, उल्लेख गर्नुहोस् ।<br>**२. वक्तृत्वकला प्रतियोगितामा सहभागिता, सक्रियता र सिर्जनशीलताका आधारमा** | |
| **५. हाम्रो पृथ्वी** | १५. अक्षाश र देशान्तर रेखाको परिचय दिन | **५.१ अक्षांश र देशान्तर रेखाको परिचय** | • ग्लोब र विश्वको नक्सामा देखिने तेर्सा र ठाडा धर्काहरू प्रदर्शन गर्दै तिनीहरूलाई क्रमशः अक्षांश र देशान्तर रेखा हुन् भनी परिचय दिनुहोस् ।<br>• ग्लोबको नमुना तयार गर्न लगाई भिन्दाभिन्दै रङको धागोको सहायताले अक्षांश र देशान्तर रेखा बनाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>• एटलसमा विश्वको नक्सा हेरेर निर्दिष्ट स्थानहरू कति डिग्री अक्षांश र कति डिग्री देशान्तर रेखामा पर्छन् भनी अध्ययन गर्न लगाउनुहोस् र आवश्यकतानुसार सहजीकरण गर्नुहोस् ।<br>• द्रुतलेखन क्रियाकलापमार्फत सिकाइको सबलीकरण गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) अक्षांश र देशान्तरको परिचय दिनुहोस् ।<br>(ख) अक्षांश रेखा कतिओटा हुन्छन् ?<br>(ग) ग्लोबको मध्यभागबाट पूर्वपश्चिम हुने गरी खिचिएको काल्पनिक रेखालाई के भनिन्छ ?<br>(घ) ० डिग्री देशान्तर रेखालाई के भनिन्छ ?<br>**२. नक्सा अध्ययनमा सहभागिताका आधारमा**<br>**३. ग्लोबको नमुना निर्माणमा विद्यार्थीको सिर्जनशीलता र निपुणताका आधारमा** | २६ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | १६. मौसम र हावापानीको परिचय दिई मानव जीवनमा तिनको प्रभाव बताउन | **५.२ मौसम र हावापानी**<br>• परिचय<br>• मानव जीवनमा प्रभाव | • विद्यार्थीलाई कक्षाबाट बाहिर लगी तत्कालीन वायुमण्डलीय अवस्था पालैपालो वर्णन गर्न लगाउनुहोस् । आज बिहान, हिजो साँझ, हिजो दिउँसोको वायुमण्डल कस्तो थियो भन्ने कुरा सम्झेर भन्न लगाई वायुमण्डलको तत्क्षणको अवस्थालाई मौसमका रूपमा परिभाषित गरी कुनै पनि स्थानको लामो समयसम्मको मौसमको औसतलाई हावापानी भनिन्छ भनी स्पष्ट पार्नुहोस् ।<br>• मौसम र हावापानीबिच भिन्नता लेखिएको तालिका प्रदर्शन गरी बुँदागत रूपमा छलफल गराउनुहोस् ।<br>• कुन कुन महिनामा कस्तो मौसम हुन्छ भनी छलफल गराउनुहोस् ।<br>• मौसमले जनजीवनमा पार्ने प्रभावहरू (बालीनाली उत्पादन, खानेकुरा, कपडा, मानिसका क्रियाकलापहरू, विभिन्न प्रकारका रोग तथा प्रकोपहरू आदि) का बारेमा छलफल गराउनुहोस् ।<br>• तातोआलु खेलका माध्यमबाट प्रतिकूल मौसमी अवस्थामा के कस्ता सावधानी अपनाउनुपर्छ भन्ने प्रश्न सोध्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) मौसम भनेको के हो ?<br>(ख) मौसम र हावापानीबिच भिन्नता लेख्नुहोस् ।<br>(ग) मौसमले हाम्रो जीवनमा पार्ने प्रभावहरूको सूची बनाउनुहोस् ।<br>(घ) जाडो मौसममा के के सावधानी अपनाउनुपर्छ ? | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | १७. आफ्नो प्रदेशको नक्सा उतारी तथ्यहरू भर्न | **५.३ नक्साकार्य**<br>● प्रदेशको नक्सा अध्ययन<br>- प्रदेशको नक्सा उतार्ने र सङ्केतको प्रयोग गरी तथ्यहरू भर्ने अभ्यास | ● सात प्रदेशसहितको नेपालको नक्सा प्रदर्शन गरी आफ्नो विद्यालय रहेको प्रदेश पहिचान गराउनुहोस् ।<br>● विद्यालय रहेको प्रदेशको ठुलो नक्सा प्रदर्शन गरी त्यसको आकृतिका बारेमा अध्ययन, स्मरण र छलफल गर्न लगाउनुहोस् ।<br>● हेरेर वा छापेर विद्यालय रहेको प्रदेशको नक्सा बनाउनुहोस् र बिस्तारै नहेरीकन तथा नछापीकन बनाउने अभ्यास गराउनुहोस् ।<br>● बोर्डमा विद्यालय रहेको प्रदेशको नक्सा बनाई प्रमुख भौगोलिक विशिष्टता, नदी, ताल, ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थल, मुख्य सहर, वन क्षेत्र, कृषि क्षेत्र, राजमार्ग, प्रदेश सदरमुकामलगायतका तथ्यहरू कहाँ पर्छन् भनी अनुमान गर्न लगाई आवश्यकताअनुसार आफूले सङ्केत गरिदिनुहोस् ।<br>● निर्दिष्ट स्थानहरूमा उपयुक्त सङ्केतको प्रयोग गरी प्रदेशको नक्सा बनाउने र तथ्यहरू भर्ने अभ्यास गराउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) तपाईं बसेको प्रदेशको चारैतर्फको सिमाना उल्लेख गर्नुहोस् ।<br>(ख) तपाईं बसेको प्रदेशको नक्सा बनाई सङ्केतको सहायताले कुनै एक सहर, एक नदी, आफ्नो विद्यालय रहेको स्थान र एउटा प्रमुख राजमार्ग देखाउनुहोस् ।<br>**२. नक्सा निर्माणमा सहभागिता, सक्रियता र निपुणताका आधारमा** | |

<table>
<tr><th>विषयक्षेत्र</th><th>सिकाइ उपलब्धि</th><th>विषयवस्तुको विस्तृतीकरण</th><th>सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप</th><th>सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया</th><th>कार्य घण्टा</th></tr>
<tr><td></td><td>१८. भूकम्प र महमारीको परिचय दिन र यसबाट सुरक्षित हुने उपाय अवलम्बन गर्न</td><td>५.४ विपत्<br>● भूकम्प र महामारी<br>- परिचय र सुरक्षित हुने उपाय</td><td>● भूकम्प, महामारीसम्बन्धी चित्र, फोटो, भिडियो वा विपत्सम्बन्धी समाचार प्रदर्शन गर्दै विपत्को परिचय दिई सुरक्षित हुने उपाय सम्बन्धमा छलफल गरी स्पष्ट पार्नुहोस् ।<br>● समूहमा छलफल गरी आफ्नो स्थानीय क्षेत्रमा घट्ने विपत्का घटना पहिचान गरी त्यसबाट सुरक्षित हुने उपाय प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● भूकम्पबाट सुरक्षित हुने पूर्वाभ्यास गराउनुहोस् ।</td><td>तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :<br>१. नमुना प्रश्न<br>(क) भूकम्प भनेको के हो ?<br>(ख) महामारीबाट जोगिन के के गर्नुपर्छ ?<br>(ग) तपाईंको क्षेत्रमा कुन कुन विपत्को जोखिम छ, उल्लेख गर्नुहोस् ।<br>२. भूकम्पबाट सुरक्षित हुने पूर्वाभ्यासलाई तल दिइए जस्तै रुजुसूचीका आधारमा मूल्याङ्कन गर्नुहोस् ।
<table>
<tr><th>अभ्यासको क्रियाकलाप</th><th>सक्रियताका साथ गरेको</th><th>नगरेको</th></tr>
<tr><td>ड्रप</td><td></td><td></td></tr>
<tr><td>कभर</td><td></td><td></td></tr>
<tr><td>होल्ड अन</td><td></td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>६. आर्थिक क्रियाकलाप</td><td>१९. उद्योगको महत्त्व र विकासका सम्भावना बताउन</td><td>६.१ उद्योग<br>● परिचय<br>● महत्त्व<br>● विकासका सम्भावना</td><td>● केही उद्योगहरूको चित्र, चार्ट वा स्लाइड भिडियो प्रस्तुत गर्दै प्रश्नोत्तर र छलफलका माध्यमबाट उद्योगको परिचय प्रस्ट पार्नुहोस् ।<br>● घुलमिल स्थिर जोडी (Mix freeze pair) क्रियाकलापमार्फत विद्यार्थीलाई आफ्नो स्थानीय क्षेत्र वरपरका उद्योगहरूको नाम र उत्पादन लेख्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● स्थानीय क्षेत्रको कुनै उद्यमीलाई कक्षामा स्रोतव्यक्तिका रूपमा बोलाई उद्योगको परिचय, महत्त्व र विकासको सम्भावनाको विषयमा अन्तर्क्रियात्मक छलफल गराउनुहोस् ।<br>● विद्यार्थीको दुई समूह निर्माण गरी एउटा समूहलाई उद्योगको महत्त्व र अर्को समूहलाई नेपालमा उद्योग विकासका सम्भावना विषयमा समूहगत रूपमा छलफल गरी सम्बन्धित विषयवस्तु चार्टमा लेख्न र प्रस्तुत गर्न लगाउनुहोस् ।</td><td>तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :<br>१. नमुना प्रश्न<br>(क) उद्योग भनेको के हो, कुनै दुई उद्योगहरूको नाम बताउनुहोस् ।<br>(ख) 'उद्योग आर्थिक विकासको महत्त्वपूर्ण आधार हो ।' यस भनाइलाई पुष्टि गर्नुहोस् ।<br>(ग) नेपालमा उद्योगको विकास गर्न के गर्नुपर्छ, आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।<br>२. अन्तर्क्रिया कार्यक्रममा विद्यार्थीको सहभागिता, सक्रियता र तार्किकताका आधारमा</td><td>२०</td></tr>
</table>

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | २०. नेपालको जलस्रोत र खनिज सम्पदाको परिचय र महत्त्व उल्लेख गर्न | **६.२. नेपालका आर्थिक स्रोतसाधनहरू**<br>● जलस्रोत र खनिज सम्पदा<br>- परिचय<br>- महत्त्व र सदुपयोग | ● नेपालको नक्सा प्रस्तुत गर्दै प्रमुख नदीहरू (जस्तै : कोसी, गण्डकी, कर्णाली) र खनिज पाइने स्थानमा चिह्न लगाई जानकारी गराउनुहोस् ।<br>● जलस्रोत, खनिज सम्पदासँग सम्बन्धित चित्र, चार्ट वा स्लाइड प्रस्तुत गर्दै जलस्रोत र खनिज सम्पदाको परिचय छलफलद्वारा प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीको दुई समूह निर्माण गरी एउटा समूहलाई जलस्रोत र अर्को समूहलाई खनिज सम्पदाको आवश्यकता र सदुपयोग गर्ने उपाय सम्बन्धमा समूहगत रूपमा छलफल गरी चार्टमा लेख्न र प्रस्तुत गर्न लगाई प्रस्तुतीकरणमा समूहगत रूपमा पृष्ठपोषण आदानप्रदान गराउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) जलस्रोत र खनिज सम्पदाको परिचय दिनुहोस् ।<br>(ख) नेपालका प्रमुख जलस्रोत र खनिज सम्पदाहरूका उदाहरण दिनुहोस् ।<br>(ग) तपाईंले आफ्नो दैनिक जीवनमा कुन कुन प्रयोजनका लागि जलस्रोत र खनिज सम्पदाको उपयोग गर्नुभएको छ, सूची बनाउनुहोस् ।<br>(घ) जलस्रोत र खनिज सम्पदाले नेपालको आर्थिक विकासमा कसरी सहयोग पुऱ्याएका छन्, उदाहरण दिई प्रस्ट पार्नुहोस् । | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | २१. उपभोक्ता अधिकारप्रति सचेत रहन | **६.३ उपभोक्ता सचेतना**<br>● परिचय<br>● सचेतना | ● विद्यार्थीलाई आफूले दैनिक जीवनमा उपभोग गर्ने वस्तु तथा सेवाको सूची बनाउन लगाई ती वस्तु तथा सेवाको उपभोग गर्ने व्यक्ति वा समूह उपभोक्ता हुन् भनी प्रस्ट पार्नुहोस् ।<br>● उपभोक्ता अधिकार सूची उल्लिखित चार्ट प्रस्तुत गरी उपभोक्ता अधिकारको सम्बन्धमा छलफल गराउनुहोस् ।<br>● उपभोक्ता अधिकार सम्बन्धमा भएका कानुनी व्यवस्था समेटिएको संवाद तयार पारी त्यसका आधारमा दुई विद्यार्थीबिचमा संवाद गराउनुहोस् र उपभोक्ता अधिकारसम्बन्धी कानुनी व्यवस्था प्रस्ट पार्नुहोस् ।<br>● उपभोक्ता अधिकारप्रति किन सचेत रहनुपर्छ भन्ने आशय झल्कने छोटो घटना तयार गरी छलफल गराउनुहोस् ।<br>● विद्यार्थीलाई कुनै एउटा प्याकेजिङ गरिएको वस्तुको नमुना प्रस्तुत गर्दै उपभोक्ताका रूपमा बजारबाट उनीहरूले वस्तु गरिद गर्दा वस्तुको मूल्य, उत्पादन मिति, म्याद सकिने मिति, प्रयोग भएका कच्चा पदार्थ आदि उल्लेख भए नभएको यकिन गरेर मात्र सामान गरिद गर्न अभिप्रेरित गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) उपभोक्ता अधिकार भनेको के हो ? कुनै दुई उपभोक्ता अधिकारहरू उल्लेख गर्नुहोस् ।<br>(ख) तपाइँले उपभोक्ता अधिकारअन्तर्गतका के कस्ता अधिकारहरू उपयोग गर्नुभएको छ, उल्लेख गर्नुहोस् ।<br>(ग) उपभोक्ता अधिकारप्रति किन सचेत रहनुपर्छ, कारणहरू उल्लेख गर्नुहोस् ।<br>(घ) तपाइँले प्रयोग गर्नुभएका उपभोक्ता अधिकारहरू उल्लेख गर्नुहोस् ।<br>२. **संवादमा सक्रियता, सिर्जनशीलता र प्रस्तुतिका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | २२. मुद्राको परिचय दिई यसको व्यावहारिक प्रयोग गर्न | **६.४ मुद्रा**<br>● परिचय र व्यावहारिक प्रयोग<br>● नोटको जतन | ● आफूले सामान किन्दा वा कुनै सेवा लिँदा त्यसको मूल्य कसरी भुक्तानी गर्नुहुन्छ भनी विद्यार्थीलाई प्रश्न गरी मुद्रासम्बन्धी विद्यार्थीको अवधारणा पालैपालो बुझ्नुहोस् र मुद्राको परिचय प्रस्ट पार्नुहोस् ।<br>● मुद्राको कार्य सम्बन्धमा मस्तिष्कमन्थन गराउँदै विद्यार्थीबाट प्राप्त विचार शैक्षणिक पाटीमा टिपोट गर्दै थप छलफल गराउनुहोस् ।<br>● मुद्राको प्रचलन हुनुअगि वस्तु विनिमय प्रणाली प्रचलनमा रहेको कुरालाई कथात्मक शैलीमा बताउनुहोस् ।<br>● आफ्नो परिवारमा दैनिक जीवनमा मुद्राको व्यावहारिक प्रयोग कसरी गर्नुभएको छ भनी प्रश्न गर्दै जोडीमा छलफल गर्न लगाई आदानप्रदान गर्न लगाउनुहोस् र आदानप्रदान भएको विषयवस्तु शैक्षणिक पाटीमा टिपोट गरी विषयमा थप सहजीकरण गर्नुहोस् ।<br>● नोटको जतन गर्ने उपाय समेटिएको भिडियो प्रस्तुत गरी जतन गर्ने तरिका बताउन लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) मुद्रा भनेको के हो ?<br>(ख) मुद्राको प्रयोगले दैनिक जीवनमा कसरी सहयोग पुऱ्याएको छ, उदाहरणसहित प्रस्ट पार्नुहोस् ।<br>(ग) हामीले नोटको जतन किन गर्नुपर्छ, कारण दिनुहोस् । | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| **७. हाम्रो विगत** | २३. मध्यकालीन नेपालको सामाजिक र आर्थिक अवस्था उल्लेख गर्न | **७.१ मध्यकालीन नेपालको सामाजिक आर्थिक अवस्था**<br>● काठमाडौँ उपत्यका<br>● सेन राज्य तथा बाइसी र चौबिसी राज्य | ● मध्यकालीन नेपालको सामाजिक र आर्थिक अवस्था झल्काउने चित्र, फोटो प्रदर्शन गरी छलफल गर्नुहोस् ।<br>● विभिन्न चित्र भिडियो वा तालिका देखाउँदै मध्यकालीन काठमाडौँ उपत्यकाको सामाजिक अवस्था, कला संस्कृति र आर्थिक अवस्था छलफल र उदाहरणद्वारा स्पष्ट पार्नुहोस् ।<br>● सेन राज्य तथा बाइसी र चौबिसी राज्यको सामाजिक तथा आर्थिक अवस्थाका सम्बन्धमा छुट्टाछुट्टै सूची वा तालिका प्रस्तुत गर्दै छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>● रनिङ डिक्टेसनमार्फत मध्यकालीन नेपालको सामाजिक आर्थिक अवस्था सम्बन्धमा सिकाइको सबलीकरण गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) मध्यकालीन काठमाडौँ उपत्यकाको सामाजिक अवस्था प्रस्तुत गर्नुहोस् ।<br>(ख) सेन राज्यको सामाजिक तथा आर्थिक अवस्था लेख्नुहोस् ।<br>(ग) मध्यकालीन नेपालमा ससाना राज्यको उदय हुनुका कारण के थियो ? | १८ |
| | २४. सिँजा सभ्यताको परिचय दिई मानव जीवनमा पारेको प्रभाव बताउन | **७.२ सिँजा सभ्यता**<br>● परिचय<br>● मानव जीवनमा पारेको प्रभाव | ● मानव सभ्यताको ऐतिहासिकता सम्बन्धमा जानकारी गराउँदै सिँजा सभ्यतासम्बन्धी विभिन्न चित्र तथा भिडियो प्रदर्शन गरी सिँजा सभ्यताको परिचय प्रस्ट पार्नुहोस् ।<br>● सिँजा सभ्यताले मानव जीवनमा पारेको प्रभाव समूहमा छलफल गर्न लगाई स्पष्ट पार्नुहोस् ।<br>● सिँजा सभ्यताको ऐतिहासिक पृष्ठभूमि र यसले मानव जीवनमा पारेको प्रभाव सम्बन्धमा संवाद तयार गरी अभिनय गर्न लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) सिँजा सभ्यताको परिचय दिनुहोस् ।<br>(ख) सिँजा सभ्यताले मानव जीवनमा पारेको प्रभाव उल्लेख गर्नुहोस् ।<br>**२. संवाद लेखन र अभिनयमा सक्रियता, सिर्जनशीलता र प्रस्तुतीकरणका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| **८. अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग** | २५. सार्कको परिचय दिई यसका उद्देश्य र गतिविधि बताउन | **८.१ दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)**<br>● परिचय<br>● उद्देश्य र गतिविधि | ● एसियाको नक्सा र सार्कको लोगो प्रदर्शन गरी सार्क सदस्य राष्ट्रहरू पहिचान गरी सूची तयार पार्न लगाउनुहोस् र परिचय स्पष्ट पार्नुहोस् ।<br>● सार्कको उद्देश्य उल्लिखित तालिका/सूची/चार्ट प्रदर्शन गरी प्रश्नोत्तर गराउनुहोस् ।<br>● सार्कको गतिविधि समेटी समूह समूहमा चार्ट वा तालिका तयार पार्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● विभिन्न रङ्गीन कागज, गम, लठ्ठीलगायतका सामग्रीहरू प्रयोग गरेर सार्कको लोगो र सार्क राष्ट्रहरूका झन्डा बनाउन लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br>**१. नमुना प्रश्न**<br>(क) सार्कका उद्देश्यहरू लेख्नुहोस् ।<br>(ख) सार्कका कुनै दुईओटा कार्यक्षेत्र बताउनुहोस् ।<br>**२. सार्कको लोगो र झन्डा निर्माणमा सिर्जनशीलता र निपुणताका आधारमा** | १० |
| | २६. नेपालको बेलायत र संयुक्त राज्य अमेरिकासँगको सम्बन्ध र सहयोग उल्लेख गर्न | **८.२ मित्र राष्ट्रहरूसँगको सम्बन्ध र सहयोग**<br>● नेपाल-बेलायतबिचको सम्बन्ध र सहयोग<br>- नेपाल र बेलायतबिचको सामाजिक र आर्थिक सम्बन्ध तथा सहयोग<br>● नेपाल र संयुक्त राज्य अमेरिकाबिचको सम्बन्ध र सहयोग<br>● नेपाल र अमेरिकाबिचको सामाजिक र आर्थिक सम्बन्ध तथा सहयोग | ● नेपाल र बेलायत तथा नेपाल र संयुक्त राज्य अमेरिकाबिचको सम्बन्धका बारेमा विद्यार्थीको जानकारी प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● कथाकथन विधिद्वारा नेपाल र बेलायतबिचको सम्बन्धको इतिहास प्रस्तुत गर्दै एकअर्काको विकासमा नेपाल र बेलायतले पुर्‍याएको योगदान सम्बन्धमा छलफल गर्नुहोस् ।<br>● नेपाल र अमेरिकाबिचको सम्बन्धको इतिहास प्रस्तुत गर्दै विभिन्न तथ्यका आधारमा नेपाल र अमेरिकाबिचको सामाजिक र आर्थिक सम्बन्ध तथा सहयोगका क्षेत्रका सम्बन्धमा छलफल गरी स्पष्ट पार्नुहोस् ।<br>● तातोआलु खेलका माध्यमबाट सिकाइको सबलीकरण गराउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br>**१. नमुना प्रश्न**<br>(क) बेलायतले नेपाललाई गरेको सहयोगको सूची बनाउनुहोस् ।<br>(ख) नेपाल र अमेरिकाबिचको सम्बन्ध र सहयोगका कुनै दुई उदाहरण प्रस्तुत गर्नुहोस् ।<br>(ग) 'बेलायतको विकासमा नेपालीहरूको योगदान पनि उत्तिकै महत्त्वपूर्ण छ ।' यो भनाइलाई पुष्टि गर्नुहोस् । | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| **९. जनसङ्ख्या व्यवस्थापन** | २७. नेपालको जनसङ्ख्याको वर्तमान अवस्था पहिचान गर्न | **९.१ नेपालको जनसङ्ख्या**<br>● आकार र वृद्धिदर<br>● वितरण (हिमाल, पहाड र तराई) | ● वि.सं. २०६८ र वि.सं. २०७८ का जनगणनाको तथ्याङ्कका आधारमा नेपालको जनसाङ्ख्यिक अवस्था (आकार, वृद्धिदर तथा वितरण) तालिकामा प्रस्तुत गरी नेपालको जनसङ्ख्याको वर्तमान अवस्था सम्बन्धमा छलफल गराई प्रस्ट पार्नुहोस् ।<br>● वि.सं. २०६८ र वि.सं. २०७८ का जनगणनाका आधारमा नेपालको भौगोलिक क्षेत्रअनुसारका जनसाङ्ख्यिक तथ्याङ्क प्रस्तुत गरी हिमाल, पहाड र तराईको जनसङ्ख्याको वितरण तुलनात्मक अध्ययन गराउनुहोस् ।<br>● भित्तेचित्र सहकारी (Cooperative Graffity) विधिमार्फत नेपालमा भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्याको वितरण असमान हुनुका कारण सम्बन्धमा छलफल गराउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) जनसङ्ख्याको आकार भनेको के हो ?<br>(ख) जनसङ्ख्या वृद्धिदर भनेको के हो ?<br>(ग) नेपालमा भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्या असमान हुनुका कारण लेख्नुहोस् ।<br>**२. भित्तेचित्र सहकारी क्रियाकलापमा विद्यार्थीको सहभागिता र सक्रियताका आधारमा** | १४ |
| | २८. नेपालमा जनसङ्ख्या परिवर्तनको प्रभाव उल्लेख गर्न | **९.२ नेपालमा जनसङ्ख्या परिवर्तनको प्रभाव**<br>● सामाजिक र आर्थिक प्रभाव | ● विभिन्न उदाहरण प्रस्तुत गरी जनसङ्ख्या परिवर्तनको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>● जनसङ्ख्या परिवर्तनको सामाजिक र आर्थिक प्रभाव के के हुन सक्छन् भनी मस्तिष्कमन्थन गराई कापीमा टिपोट गर्न, जोडीमा छलफल गर्न र प्रतिनिधिमूलक रूपमा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● आवश्यक पृष्ठपोषण दिँदै तयार पारिएको जनसङ्ख्या परिवर्तनको सामाजिक र आर्थिक प्रभावसम्बन्धी चार्ट वा स्लाइड प्रस्तुत गरी प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) जनसङ्ख्या परिवर्तन भनेको के हो ?<br>(ख) तपाईंको स्थानीय तहमा जनसङ्ख्या घट्दै जाँदा उत्पादन र रोजगारीमा के कस्तो असर परिरहेको छ, आफ्नो अनुभवका आधारमा लेख्नुहोस् ।<br>(ग) नेपालको सहरी क्षेत्रमा जनसङ्ख्या दिनानुदिन बढ्दै गइरहेको छ । यसबाट उक्त क्षेत्रको वातावरण, आवास, रोजगार, शिक्षा र स्वास्थ्य क्षेत्रमा के कस्तो प्रभाव पर्ला, आफ्नै शैलीमा लेख्नुहोस् ।<br>(घ) जनसङ्ख्या परिवर्तनका सामाजिक र आर्थिक प्रभाव छुट्टाछुट्टै उल्लेख गर्नुहोस् | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | २९. जनसङ्ख्या व्यवस्थापनको अवधारणा र महत्त्व उल्लेख गर्न | **९.३ जनसङ्ख्या व्यवस्थापनको अवधारणा र महत्त्व** | • जनसङ्ख्या व्यवस्थापन भनेको के हो भनी प्रश्न गर्दै मस्तिष्कमन्थन गरी प्रतिनिधिमूलक रूपमा विचार प्रस्तुत गराई विभिन्न उदाहरण र सन्दर्भसहितको जनसङ्ख्या व्यवस्थापनको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>• विद्यार्थीलाई जनसङ्ख्या व्यवस्थापन किन महत्त्वपूर्ण छ भनी सामूहिक प्रश्न गर्दै पालैपालो विचार प्रस्तुत गर्न लगाउनुहोस् । सही उत्तरलाई प्रोत्साहित गर्दै शैक्षणिक पाटीमा टिपोट गरी थप बुँदाहरूसहित जनसङ्ख्या व्यवस्थापनको महत्त्व प्रस्ट पार्नुहोस् ।<br>• घुलमिल-स्थिर-जोडी विधि प्रयोग गरी जनसङ्ख्या व्यवस्थापनको अवधारणा र महत्त्व छलफल गराई विषयवस्तु थप स्पष्ट पार्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) 'जनसङ्ख्या नियन्त्रण गर्नु मात्रै जनसङ्ख्या व्यवस्थापन होइन ।' तर्कसहित पुष्टि गर्नुहोस् ।<br>(ख) नेपालमा जनसङ्ख्या व्यवस्थापन किन आवश्यक छ, कारण दिनुहोस् ।<br>(ग) जनसङ्ख्या व्यवस्थापनको महत्त्व समेटेर संवाद तयार गर्नुहोस् ।<br>२. **घुलमिल- स्थिर- जोडी क्रियाकलापमा विद्यार्थीको सक्रियता र सहभागिताका आधारमा मूल्याङ्कन गर्नुहोस्** । | |

कक्षा ८

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| **१. हामी र हाम्रो समाज** | १. सामाजिकीकरणको महत्त्व बोध गरी घुलमिल हुन | **१.१ सामाजिकीकरण**<br>● परिचय<br>● महत्त्व<br>● सामाजिकीकरणका अभ्यास | ● विद्यार्थीले समाजमा घुलमिल हुनका लागि गरेका अभ्यासहरू पालैपालो भन्न लगाई त्यसलाई जोड्दै विभिन्न उदाहरणसमेत प्रस्तुत गरी सामाजिकीकरणको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>● सामाजिकीकरणको महत्त्व सम्बन्धमा मस्तिष्कमन्थन गराई पालैपालो एक एकओटा महत्त्व भन्न लगाउनुहोस् र शिक्षकले सामाजिकीकरणको महत्त्व लेखिएको चार्ट/स्लाइड प्रदर्शन गरी तुलना गर्न लगाउनुहोस् ।<br>● सामाजिकीकरणका विभिन्न उदाहरण लेखिएको चार्ट/स्लाइड प्रदर्शन गर्दै प्रत्येक तत्त्वको सम्बन्धमा प्रश्नोत्तर र छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीको समूह निर्माण गरी प्रत्येक समूहले सामाजिकीकरणमा सहयोग गर्ने एक एकओटा निकाय (परिवार, विद्यालय, साथीभाइ, सञ्चार माध्यम) को भूमिका सम्बन्धमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) सामाजिकीकरण भनेको के हो ?<br>(ख) समुदायमा मेलमिलाप बढाउन तपाईंले के गर्नुहुन्छ, लेख्नुहोस् ।<br>(ग) सामाजिकीकरण किन आवश्यक छ, उदाहरणसहित प्रस्ट गर्नुहोस् ।<br>**२. विद्यालय वा समुदायमा विद्यार्थीको घुलमिलको अवस्था अवलोकन गरेर**<br>**३. विद्यार्थीले सामाजिक नियम, शिष्टाचार, तथा परम्परागत मूल्यमान्यताको पालन गरे/नगरेको र समूहमा मिलेर काम गर्न सके/नसकेको तथा शिक्षक, सहपाठी, अभिभावक तथा अन्य सामाजिक समूहसँगको व्यवहार अवलोकन गरेर** | १४ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| | २. विकासका पूर्वाधारका रूपमा खानेपानी र ऊर्जाको महत्त्व खोजी गर्न | **१.२ विकासका पूर्वाधार**<br>● खानेपानी र ऊर्जा<br>- परिचय<br>- महत्त्व | ● खानेपानीको उपयोग के के प्रयोजनका लागि गरिन्छ भन्ने सम्बन्धमा चित्र तथा भिडियो प्रदर्शन गर्दै छलफल गराउनुहोस् ।<br>● विभिन्न समूह बनाई प्रत्येक समूहलाई खानेपानीको अभावले हाम्रो दैनिक जीवनमा के के असर पर्न सक्छ र त्यसको समाधान कसरी गर्न सकिन्छ भन्ने शीर्षकमा गुञ्ज छलफल गराई बुँदाटिपोट गरेर प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● विद्यार्थीलाई आफ्नो समुदायमा प्रयोग हुने पानीको स्रोत (इनार, नहर, धारा आदि) पहिचान गराउन लगाई यसलाई संरक्षण गर्न अभिप्रेरित गराउनुहोस् ।<br>● खानेपानी शुद्धीकरणका उपायहरू सम्बन्धमा छलफल गराउनुहोस् ।<br>● विद्यार्थीको परिवार र समुदायमा कुन कुन प्रकारका ऊर्जाको प्रयोग गरिन्छ भन्ने सम्बन्धमा प्रश्नोत्तर गर्दै छलफल गराउनुहोस् ।<br>● नेपालमा जलविद्युत्को सम्भावना अवस्था र त्यसको आर्थिक महत्त्वका सम्बन्धमा चित्र, चार्ट तथा भिडियो प्रदर्शन गर्दै छलफल गराउनुहोस् ।<br>● वैकल्पिक ऊर्जाका स्रोत, उपयोग र सम्भावना, जस्तै : सौर्य ऊर्जा, बायो ग्याँस, वायु ऊर्जा आदि सम्बन्धमा चित्र तथा भिडियो देखाउँदै छलफल गराउनुहोस् ।<br>● 'पानी जोगाऔँ, भविष्य बचाऔँ' वा 'ऊर्जाको दुरुपयोग नगरौँ' जस्ता शीर्षकमा वक्तृत्वकला प्रतियोगिता गराउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) पानीको प्रयोग के के कामका लागि गरिन्छ ?<br>(ख) तपाईंको समुदायमा ऊर्जाका कुन कुन स्रोतहरू उपलब्ध छन् ?<br>(ग) नेपालमा खानेपानी र ऊर्जाको वर्तमान अवस्था उल्लेख गर्नुहोस् ।<br>(घ) खानेपानी र ऊर्जालाई विकासको पूर्वाधार किन मानिन्छ ?<br>(ङ) शुद्ध खानेपानीको अभावले मानव जीवनमा के के असर पर्ला ?<br>**२. वक्तृत्वकला प्रतियोगितामा विद्यार्थीले गरेको प्रस्तुतिलाई मूल्याङ्कन गर्न श्रेणी मापन फारामको प्रयोग गरेर** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| | ३. आफू बसेको प्रदेशमा भएका विकासका सम्भावनाहरू पहिचान गर्न | **१.३ आफू बसेको प्रदेशमा भएका विकासका सम्भावनाहरू**<br><br>● विकासका लागि आवश्यक स्रोतसाधनहरू<br><br>● प्रदेशभित्रका विकासका अवस्था र सम्भावनाका क्षेत्रहरू (जस्तै : कृषि, पर्यटन, जलस्रोत, जडीबुटी, खनिज आदि) | ● आफू बसेको प्रदेशमा विकासको अवस्था सम्बन्धमा सम्बन्धित चित्र, भिडियो, चार्ट आदि प्रदर्शन गर्दै छलफल गराउनुहोस् ।<br><br>● विद्यार्थीको साना समूह निर्माण गरी आफ्नो प्रदेशमा विकासका सम्भावित क्षेत्रहरू कृषि, पर्यटन, उद्योग र पूर्वाधार विकासबारे गुन्ज छलफल गराउने र पालैपालो सबै समूहको प्रस्तुति गराई निष्कर्ष निकाल्नुहोस् ।<br><br>● आफ्नो प्रदेशको विकासका लागि त्यहाँ उपलब्ध स्रोतसाधन, जस्तै : जनशक्ति, जलस्रोत, खनिज, वन, माटो आदिले प्रदेशको विकासमा कसरी सहयोग पुग्छ भनी प्रश्नोत्तर गर्दै छलफल गर्नुहोस् ।<br><br>● यदि तपाईं आफ्नो प्रदेशको मुख्यमन्त्री बन्नुभयो भने विकासका लागि के के काम गर्नुहुन्छ भनी मस्तिष्कमन्थन गरेर लेख्न लगाउनुहोस् र पालैपालो कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br><br>**१. नमुना प्रश्न**<br><br>(क) तपाईंको प्रदेशमा विकासका सम्भावनाहरू के के छन्, लेख्नुहोस् ।<br><br>(ख) तपाईंको प्रदेशमा विकासका कुन कुन स्रोतसाधनहरू उपलब्ध छन् ?<br><br>(ग) तपाईंको प्रदेशमा कृषि र उद्योगको विकासको के कस्तो सम्भावना रहेको छ ?<br><br>**२. छलफल र समूह कार्यमा विद्यार्थीको सहभागिता र सक्रियताका आधारमा** | |

<table>
<tr><th>विषयक्षेत्र</th><th>सिकाइ उपलब्धि</th><th>विषयवस्तुको विस्तृतीकरण</th><th>सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप</th><th>सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया</th><th>कार्य-घण्टा</th></tr>
<tr>
<td>२. हाम्रा मूल्यमान्यता</td>
<td>४. नैतिक आचरणको विकास र अभ्यास गर्न</td>
<td>२.१ नैतिक आचरण<br>● सेवा र परोपकार<br>● सहिष्णुता, आपसी सद्भाव र एकता<br>● इमानदारी<br>● निष्पक्षता<br>● जिम्मेवारी वहन<br>● अतिथि सत्कार</td>
<td>● नीति, पञ्चतन्त्र, हितोपदेश तथा लोककथाहरू सुनाएर त्यसको अर्थ र शिक्षा सम्बन्धमा छलफल गर्नुहोस् ।<br>● विद्यार्थीलाई सेवा र परोपकारसम्बन्धी कथालाई भूमिका अभिनयका माध्यमबाट प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● विद्यार्थीलाई दैनिक रूपमा गरिने कार्यको सूची बनाई ती कार्यहरू राम्रो वा गलत के हुन्, छुट्याउन लगाउनुहोस् ।<br>● उदाहरणीय व्यक्तित्व वा अन्य प्रतिष्ठित व्यक्तित्वहरूको जीवनीबारे जानकारी दिएर उहाँहरूको नैतिकताका पक्षहरूबारे छलफल गराउनुहोस् ।<br>● असहाय तथा गरिबहरूलाई मदत गरेको कथा सुनाएर त्यसका आधारमा विद्यार्थीलाई आफ्ना विचार राख्न दिई छलफल गराउनुहोस् ।<br>● विद्यार्थीलाई आफ्नो रीति संस्कारअनुसार अतिथि सत्कार कसरी गर्ने भनेर (अतिथि स्वागत भूमिका खेल) खेलाई अतिथि सत्कारको अभ्यास गराउनुहोस् ।</td>
<td>तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः<br>१. नमुना प्रश्न<br>(क) नैतिक आचरणभित्र कुन कुन पक्ष पर्छन् ?<br>(ख) इमानदारी र निष्पक्षता किन आवश्यक पर्छ ?<br>(ग) तपाईँले घरमा आएका अतिथिलाई कसरी सत्कार गर्नुभएको छ ?<br>२. विद्यार्थीलाई 'मेरो नैतिक आचरण' नामक स्वमूल्याङ्कन फाराम भर्न लगाउनुहोस्
<table>
<tr><th rowspan="2">नैतिक आचरण</th><th colspan="3">मूल्याङ्कनका मापदण्ड</th></tr>
<tr><th>सधैँ (३)</th><th>प्रायः (२)</th><th>कहिले-काहीँ (१)</th></tr>
<tr><td>म सत्य बोल्छु ।</td><td></td><td></td><td></td></tr>
<tr><td>म अरूको सम्मान गर्छु ।</td><td></td><td></td><td></td></tr>
<tr><td>म इमानदार रहन्छु ।</td><td></td><td></td><td></td></tr>
<tr><td>म समयमा काम पूरा गर्छु ।</td><td></td><td></td><td></td></tr>
<tr><td>म अरूलाई सेवा र सहयोग गर्छु ।</td><td></td><td></td><td></td></tr>
</table>
३. भूमिका निर्वाह मूल्याङ्कनको श्रेणीमापन फाराम प्रयोग गरी मूल्याङ्कन गरेर<br>४. विद्यार्थीको विद्यालयबाहिरको आचरणबारे अभिभावकसँग परामर्श गरी सञ्चित अभिलेखमा समावेश गरेर</td>
<td>२२</td>
</tr>
</table>

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| | ५. विविधतामा एकताका रूपमा नेपालको परिचय दिई सामाजिक सद्भाव कायम राख्न | २.२ **नेपालमा विविधताको सम्मान, सामाजिक सद्भाव, एकता र सहअस्तित्व** (जातीय, भाषिक, धार्मिक, सांस्कृतिक, भौगोलिक तथा पेसा व्यवसाय) | • कक्षामा भएका विद्यार्थीको विभिन्न समूह बनाई आफ्नो जातीय, भाषिक वा धार्मिक समुदायको विशेषता प्रस्तुत गर्न लगाउनुहोस् ।<br>• विद्यार्थीलाई एकअर्काको भाषामा दैनिक प्रयोगका शब्द सिकेर कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>• विद्यार्थीलाई आफ्नो जातीय वेशभूषा लगाएर विद्यालयमा आउन लगाई जातीय वेशभूषा प्रदर्शनी गर्न लगाउनुहोस् ।<br>• विद्यार्थीको विभिन्न समूह बनाई प्रत्येक समूहलाई फरक फरक चाडपर्वमा हुने मुख्य क्रियाकलापको अभिनय गर्न लगाउनुहोस् ।<br>• विद्यार्थीलाई नेपालको विभिन्न भौगोलिक क्षेत्रका जीवनशैली, पेसा व्यवसाय, खाना, वेशभूषा, भाषासम्बन्धी चित्र, फोटो, भिडियो तथा अडियो प्रदर्शन गर्दै छलफल गर्नुहोस् ।<br>• विद्यार्थीलाई खुला ठाउँमा लगी वृत्ताकार घेरामा बसेर सयथरी बाजा... भन्ने गीत गाउँदै नाच्न लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) नेपालका केही जातीय समूहको नाम लेख्नुहोस् ।<br>(ख) सामाजिक सद्भावको महत्त्व के छ, उदाहरणसहित लेख्नुहोस् ।<br>(ग) धार्मिक सहिष्णुता किन आवश्यक छ, यसको फाइदा पनि लेख्नुहोस् ।<br>(घ) पेसागत विविधताले समाजलाई कसरी प्रभाव पार्छ, व्याख्या गर्नुहोस् ।<br>२. **चाडपर्वमा हुने क्रियाकलापको अभिनयमा सक्रियता, सिर्जनशीलता र प्रस्तुतिकलाका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| | ६. नेपालका राष्ट्रिय सम्पदाहरूको पहिचान गरी संरक्षण र संवर्धन कार्यमा सरिक हुन | **२.३ नेपालका राष्ट्रिय सम्पदाहरू**<br><br>● राष्ट्रिय सम्पदाहरूको पहिचान (ऐतिहासिक गढी, दरबार, किल्ला, धार्मिक स्थल)<br><br>● विश्व सम्पदामा सूचीकृत सम्पदा स्थलहरू<br><br>● राष्ट्रिय सम्पदाहरूको संरक्षण र संवर्धन | ● ऐतिहासिक गढी, दरबार, किल्ला, धार्मिक स्थलका चित्र, भिडियो, वा फोटा प्रस्तुत गरी छलफल गर्दै राष्ट्रिय सम्पदाहरूको परिचय दिनुहोस् ।<br><br>● विद्यार्थीका विभिन्न समूह बनाई पुस्तकालय कम्प्युटर ल्याबमा नेपालका विश्व सम्पदाहरूको बारेमा खोजी गरी पोस्टर वा पावरप्वाइन्ट तयार गरी कक्षामा प्रस्तुत गर्दै छलफल गर्नुहोस् ।<br><br>● विद्यार्थीलाई आफ्नो समुदायमा भएका ऐतिहासिक, धार्मिक, प्राकृतिक सम्पदा स्थलहरूका बारेमा कथा, निबन्ध वा कविता लेखेर कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br><br>● 'नेपालका राष्ट्रिय सम्पदाको संरक्षण' शीर्षकमा वक्तृता तयार गर्न लगाउनुहोस् ।<br><br>● कक्षामा समूह निर्माण गरी सम्पदाको संरक्षणमा सरकार, समुदाय र विद्यार्थीको भूमिका सम्बन्धमा छलफल गरी प्रस्तुत गर्न लगाउनुहोस् ।<br><br>● राष्ट्रिय सम्पदाका बारेमा विद्यार्थीलाई समूह बनाएर रोचक प्रतिस्पर्धात्मक हाजिरीजवाफ कार्यक्रम आयोजना गर्न लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br><br>**१. नमुना प्रश्न**<br><br>(क) नेपालका तीनओटा प्रमुख ऐतिहासिक गढीहरूको नाम लेख्नुहोस् ।<br><br>(ख) नेपालको कुनै एक विश्व सम्पदा स्थलको सङ्क्षिप्त परिचय दिनुहोस् ।<br><br>(ग) नेपालका विश्व सम्पदा स्थलहरूको सूची तयार गर्नुहोस् ।<br><br>(घ) ऐतिहासिक गढी, दरबार, र किल्लाहरूको संरक्षण गर्न सरकार र स्थानीय समुदायले अपनाउनुपर्ने उपायहरू उल्लेख गर्नुहोस् ।<br><br>**२. विद्यार्थीले तयार गरेको कथा, निबन्ध, कवितामा विषयवस्तुको गहनता, सिर्जनशीलता र प्रस्तुतीकरण शैलीका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| | ७. राष्ट्रियताको सम्मान गर्न | **२.४ राष्ट्रियताको सम्मान**<br>● राष्ट्रिय चिह्नहरू<br>● स्वदेशी उत्पादनको प्रयोग<br>● स्वदेशमा काम र रोजगारीको खोजी<br>● नेपालीपनमा गर्व (कला, संस्कृति, मौलिकता) | ● विद्यार्थीलाई सामूहिक रूपमा राष्ट्रिय गान गाउन लगाउनुहोस् ।<br>● नेपालको राष्ट्रिय चिह्नहरूमध्ये एक जनाले एउटा राष्ट्रिय चिह्न (चित्र वा प्रतिरूप) बनाउन लगाएर एक एक सेट बनाई ठुलो कागजमा टाँसेर कक्षामा प्रदर्शन गर्न लगाउनुहोस् ।<br>● स्वदेशी उत्पादनको प्रचार गर्न पोस्टर वा विज्ञापन सामग्री बनाउने कार्य गराउनुहोस् ।<br>● 'मेरो देश, मेरो पहिचान' शीर्षकमा कविता, कथा वा अन्य सिर्जनात्मक सिपमा आधारित प्रतियोगिता गराउनुहोस् ।<br>● विद्यार्थीलाई 'स्वदेशमै रोजगारीको खोजी' विषयमा इमेलको नमुना तयार पार्न लगाई कक्षामा प्रस्तुत गराउनुहोस् ।<br>● विद्यार्थीलाई 'नेपाली मौलिकता र पहिचान बचाउनु हाम्रो दायित्व' शीर्षकमा मन्तव्य व्यक्त गर्न लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**नमुना प्रश्न**<br>(क) स्वदेशी उत्पादनको प्रयोग किन आवश्यक छ ?<br>(ख) नेपालमै रोजगारीका अवसर सिर्जना गर्ने उपायहरू के के हुन् ?<br>(ग) हामीले स्वदेशी उत्पादन प्रयोग गर्दा के के फाइदा हुन्छ ?<br>(घ) नेपालको संस्कृति र मौलिकताको प्रचार गर्न कस्ता कस्ता उपायहरू अपनाउनुहुन्छ ?<br>**२. राष्ट्रिय चिह्नका चित्र वा प्रतिरुप निर्माणमा सहभागिता, सक्रियता र सिर्जनशीलताका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| **३.सामाजिक सुधार** | ८. असल समाजका बाधकतत्त्वहरू पहिचान गरी सुधारका उपाय अवलम्बन गर्न | **३.१. असल समाजका बाधकतत्त्वहरू**<br>● लागुपदार्थ दुर्व्यसन<br>- असर र सुरक्षित हुने उपाय<br>● भ्रष्टाचार<br>- असर र रोकथाम | ● लागुपदार्थ दुर्व्यसनका घटना सम्बन्धमा विद्यार्थीले देखेसुनेका घटनाहरू भन्न लगाई छलफल गराउनुहोस् ।<br>● लागुपदार्थ दुर्व्यसनसम्बन्धी समस्याहरूको असर र त्यसबाट सुरक्षित हुने वा रोकथाम गर्ने उपाय सम्बन्धमा चित्र, फोटो र भिडियो प्रदर्शन गर्दै छलफल गर्नुहोस् ।<br>● भ्रष्टाचारसम्बन्धी घटना, समाचार, अनुभव आदि प्रस्तुत गरी भ्रष्टाचारको परिचय प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीलाई दुई समूहमा विभाजन गरी एक समूहलाई भ्रष्टाचारको असर र अर्को समूहलाई भ्रष्टाचारका रोकथामका उपायमा छलफल गर्न लगाई समूह प्रतिनिधिद्वारा प्रस्तुत गरी प्रस्ट पार्नुहोस् ।<br>● समूहमा लागुपदार्थ दुर्व्यसन र भ्रष्टाचारविरुद्ध नारा, प्लेकार्ड, पोस्टर र अन्य सामग्री निर्माण गरी सचेतना र्‍याली आयोजना गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) लागुपदार्थ दुर्व्यसन भनेको के हो ?<br>(ख) लागुपदार्थ दुर्व्यसनमा फसेमा के के असर पर्छ ?<br>(ग) लागुपदार्थको दुर्व्यसनबाट बच्न के के गर्नुपर्छ ?<br>(घ) भ्रष्टाचारका असरहरूको सूची तयार गर्नुहोस् ।<br>(ङ) भ्रष्टाचार नियन्त्रण गर्ने तरिकाहरू लेख्नुहोस् ।<br>**२. सचेतना र्‍यालीमा सहभागिता, सक्रियता र सिर्जनशीलताका आधारमा** | १४ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| | ९. असल समाज निर्माणमा विभिन्न निकायको भूमिका पहिचान गर्न | **३.२. असल समाज निर्माणमा विभिन्न निकायको भूमिका**<br>● स्थानीय तह<br>● प्रहरी चौकी | ● असल समाज निर्माणमा स्थानीय तहले खेल्ने भूमिका लेखिएको चार्ट प्रदर्शन गर्दै छलफल गर्नुहोस् ।<br>● प्रहरी कार्यालयले समाजमा हुने नराम्रा गतिविधि नियन्त्रण गर्न गरेका कार्यसम्बन्धी घटनाहरूको नमुना प्रस्तुत गर्दै छलफल गराउनुहोस् ।<br>● प्रहरीले समाजमा हुने झैझगडा, चोरी, गालीगलौज जस्ता गलत कार्य गरेको र प्रहरीले समाउने, सम्झाइबुझाइ गर्ने जस्ता कार्य गरेको भूमिका अभिनय गर्न लगाई प्रदर्शन गराउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) स्थानीय तहले असल समाज निर्माणमा के के भूमिका खेल्न सक्छ ?<br>(ख) समाजमा झैझगडा भएमा कहाँ उजुरी गर्नुपर्छ ?<br>(ग) प्रहरीले समाजमा हुने नराम्रा गतिविधिको नियन्त्रण गर्न के के कार्य गर्नुपर्ला ?<br>**२. विद्यार्थीको सक्रियता, सिर्जनशीलता र विषयवस्तुको बुझाइका आधारमा श्रेणीमापन फाराम प्रयोग गरी भूमिका अभिनय क्रियाकलापको मूल्याङ्कन गरेर** | |
| **४. नागरिक चेतना** | १०. लोकतान्त्रिक शासन व्यवस्थामा सरकार र नागरिकले खेल्नुपर्ने भूमिका उल्लेख गर्न | **४.१ लोकतन्त्रमा नागरिक र सरकारको भूमिका**<br>● लोकतान्त्रिक शासन व्यवस्थाको परिचय र विशेषता<br>● लोकतान्त्रिक शासन व्यवस्थामा नागरिक र सरकारका अपेक्षित भूमिका | ● लोकतान्त्रिक शासन व्यवस्थासम्बन्धी पूर्वज्ञान परीक्षणका लागि केडब्ल्युएल चार्ट (KWL Chart) भर्न लगाउनुहोस् ।<br>● लोकतान्त्रिक शासन व्यवस्थाका विशेषताहरूको प्रतिबिम्बन (Reflection) गराई लोकतान्त्रिक व्यवस्थामा सरकार र नागरिकले खेल्नुपर्ने भूमिकाबारे गुञ्ज छलफल (Buzz Group Discussion) गराउनुहोस् ।<br>● ग्यालरी वाक (Gallery Walk) विधिको प्रयोग गरी सिकाइको सबलीकरण गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) लोकतान्त्रिक शासन व्यवस्थामा सरकारले खेल्नुपर्ने भूमिकाको सूची बनाउनुहोस् ।<br>(ख) जिम्मेवार नागरिकको हैसियतले लोकतान्त्रिक शासन व्यवस्थाको विकासका लागि तपाईंका अभिभावकले कस्तो भूमिका खेल्न सक्नुहुन्छ, उल्लेख गर्नुहोस् ।<br>**२. गुञ्ज छलफल र ग्यालरी वाकमा सहभागिता, सक्रियता र सिर्जनशीलताका आधारमा** | २२ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| | ११. सङ्घीयताको परिचय दिई यसको महत्त्व उल्लेख गर्न | **४.२ नेपालमा सङ्घीयता**<br>● सङ्घीय शासन व्यवस्थाको परिचय र महत्त्व | ● नेपालका ७ प्रदेश देखाउने नक्सा प्रदर्शन गर्दै नेपालमा ७ प्रदेश र ७५३ स्थानीय तह छन् भनी सङ्घीय शासन व्यवस्थाको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीको तीनओटा समूह निर्माण गरी एक समूहले एक तहको सरकारको कार्य सम्बन्धमा पाठ्यपुस्तक र सन्दर्भ सामग्री अध्ययन गरी छलफल गरेर बुँदाटिपोट गराई पालैपालो कक्षामा प्रस्तुत गराउनुहोस् ।<br>● समूह निर्माण गरी नेपालमा सङ्घीय शासन व्यवस्थाको महत्त्वका बारेमा अन्तर्क्रिया गर्न लगाई निष्कर्ष प्रस्तुत गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) सङ्घीय शासनको परिचय दिनुहोस् ।<br>(ख) प्रदेश सरकारले गर्ने कार्यको सूची बनाउनुहोस् ।<br>(ग) तपाईंको स्थानीय तहले के के कार्य गरेको छ, उल्लेख गर्नुहोस् ।<br>(घ) नेपालमा सङ्घीय शासन व्यवस्था लागु भएपछि भएका सकारात्मक प्रभावहरूको सूची तयार पार्नुहोस् ।<br>**२. अन्तर्क्रियामा सहभागिता, सक्रियता र सिर्जनशीलताका आधारमा** | |
| | १२. स्थानीय विवाद समाधानमा न्यायिक समिति र मेलमिलाप केन्द्रको भूमिका प्रस्तुत गर्न | **४.३ स्थानीय न्यायिक समिति**<br>● स्थानीय न्यायिक समितिको परिचय र कार्यहरू<br>● स्थानीय विवाद समाधानमा न्यायिक समिति र मेलमिलाप केन्द्रको भूमिका | ● स्थानीय विवाद समाधानसम्बन्धी विद्यार्थीले देखेसुनेका अभ्यासहरू प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● स्थानीय न्यायिक समितिबाट विवाद समाधान गरिएको काल्पनिक घटना प्रस्तुत गर्दै न्यायिक समिति र यसअन्तर्गत रहने मेलमिलाप केन्द्रको परिचय दिनुहोस् ।<br>● न्यायिक समितिका कार्यहरू लेखिएको चार्ट प्रस्तुत गरी प्रत्येक बुँदामा केन्द्रित रही छलफल गराउनुहोस् ।<br>● विद्यार्थीलाई भूमिका अभिनयका माध्यमबाट स्थानीय विवादका उदाहरण प्रस्तुत गर्न लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) स्थानीय न्यायिक समितिको परिचय दिनुहोस् ।<br>(ख) मेलमिलाप कर्ताको मुख्य भूमिका के हो ?<br>(ग) स्थानीय न्यायिक समितिबाट समुदायलाई कसरी फाइदा पुगेको छ ?<br>**२. भूमिका अभिनयमा सहभागिता, सक्रियता र सिर्जनशीलताका आधारमा** | |

<table>
<tr><th>विषयक्षेत्र</th><th>सिकाइ उपलब्धि</th><th>विषयवस्तुको विस्तृतीकरण</th><th>सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप</th><th>सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया</th><th>कार्य-घण्टा</th></tr>
<tr><td></td><td>१३. मानव अधिकारको परिचय दिई यसको सम्मान गर्न</td><td>४.४ मानव अधिकार<br>● मानव अधिकारको परिचय<br>● मानव अधिकारको उपयोग</td><td>● मानव अधिकारका विषयमा प्रश्नोत्तर गर्दै विद्यार्थीको पूर्वज्ञान पत्ता लगाई मानव अधिकारको परिचय प्रस्ट पारिदिनुहोस् ।<br>● विद्यार्थीले देखेका, सुनेका र अनुभव गरेका मानव अधिकार उपयोग तथा उल्लङ्घनका घटनालाई दुई दुई जनाको जोडीमा बसेर छोटो कथाका रूपमा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● मानव अधिकार र मौलिक अधिकारबिच समानता र भिन्नता लेखिएको तालिका प्रस्तुत गरी छलफल गराउनुहोस् ।<br>● मानव अधिकार उपयोग भएको र उल्लङ्घन भएको समाचार, भिडियो वा चित्र प्रस्तुत गर्दै मानव अधिकार हनन हुन नदिने उपायहरू सम्बन्धमा छलफल गराउनुहोस् ।</td><td>तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः<br>१. नमुना प्रश्न<br>(क) मानव अधिकार र मौलिक हकबिच तीनओटा भिन्नता देखाउनुहोस् ।<br>(ख) मानव अधिकारले व्यक्तिको विकासमा कसरी सहयोग पुऱ्याउँछ ?<br>(ग) तपाईंले मानव अधिकारको सम्मान कसरी गर्नुहुन्छ, सूची बनाउनुहोस् ।<br>२. कथा प्रस्तुतिमा सहभागिता, सक्रियता र सिर्जनशीलताका आधारमा<br>३. तल दिइए जस्तै श्रेणीमापनमार्फत मूल्याङ्कन गरेर<br>
<table>
<tr><th rowspan="2">क्र. सं.</th><th rowspan="2">व्यवहार सूचक</th><th colspan="3">अङ्कन</th></tr>
<tr><th>अपेक्षित</th><th>अपेक्षित-भन्दा कम</th><th>अपेक्षित-भन्दा धेरै कम</th></tr>
<tr><td>१</td><td>साथी, शिक्षक, कर्मचारी सबैसँग आदरपूर्वक व्यवहार गर्ने</td><td></td><td></td><td></td></tr>
<tr><td>२</td><td>अरूका विचारको सम्मान गर्ने</td><td></td><td></td><td></td></tr>
<tr><td>३</td><td>जातजाति, धर्म, भाषाको सम्मान गर्ने</td><td></td><td></td><td></td></tr>
<tr><td>४</td><td>साथी, शिक्षक, कर्मचारी सबैसँग आदरपूर्वक व्यवहार गर्ने</td><td></td><td></td><td></td></tr>
<tr><td>५</td><td>अरूलाई नहेप्ने, दुर्व्यवहार नगर्ने</td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| | १४. सचेत सेवाग्राहीका रूपमा सार्वजनिक सेवाको उपयोग गर्न | **४.५ सार्वजनिक सेवाको उपयोग**<br>● सार्वजनिक सेवा र सुशासनको परिचय<br>● सार्वजनिक सेवा उपयोग<br>- नागरिक बडापत्र, सूचना अधिकारी, उजुरीपेटिका र निवेदन | ● सार्वजनिक सेवासँग सम्बन्धित चित्र, फोटो र भिडियो प्रस्तुत गर्दै सार्वजनिक सेवा तथा सुशासनको परिचय दिनुहोस् ।<br>● सार्वजनिक सेवामा सेवाग्राहीले भोग्नुपर्ने समस्याबारे अन्तर्क्रिया गर्दै सुशासनको आवश्यकताबारे प्रस्ट पारिदिनुहोस् ।<br>● नागरिक बडापत्र र उजुरीपेटिकाको परिचय दिई समूहगत रूपमा तिनीहरूको नमुना तयार पारी प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● सार्वजनिक निकायबाट सेवा लिनका लागि निवेदनको नमुना तयार गर्न लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) सार्वजनिक सेवाहरूको सूची बनाउनुहोस् ।<br>(ख) सुशासनको अर्थ लेखी सार्वजनिक सेवा प्रवाहमा यसको महत्त्व उल्लेख गर्नुहोस् ।<br>(ग) तपाईंले स्थानीय सरकारबाट के के सेवाहरू लिनुभएको छ, कक्षामा बताउनुहोस् ।<br>(घ) स्थानीय तहबाट प्रदान गरिने सेवा लिने प्रक्रिया खोजी गरी लेख्नुहोस् ।<br>**२. नागरिक बडापत्र र उजुरीपेटिकाको नमुना निर्माणमा सहभागिता, सक्रियता र सिर्जनशीलताका आधारमा** | |
| **५. हाम्रो पृथ्वी** | १५. पृथ्वीको गतिको प्रभाव बताउन | **५.१ पृथ्वीको गति**<br>● **दैनिक गति**<br>- परिचय<br>- प्रभाव (दिन र रात)<br>● **वार्षिक गति**<br>- परिचय<br>- प्रभाव (समय फरक, ऋतु परिवर्तन) | ● पृथ्वीमा दिन र रात किन हुन्छ होला भनी जिज्ञासा प्रस्तुत गर्दै छलफल गराउनुहोस् ।<br>● ग्लोब र मैनबत्तीको प्रयोग गरेर पृथ्वीको दैनिक गति र त्यसले पारेको प्रभावका बारेमा छलफल गराउनुहोस् ।<br>● पृथ्वीको वार्षिक गति र त्यसले पारेको प्रभावका सम्बन्धमा प्रस्ट पारिदिनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) दिन कसरी हुन्छ ?<br>(ख) कुन दिनदेखि ग्रीष्म ऋतु सुरु हुन्छ ?<br>(ग) हिउँदमा मानिस के के काम गर्छन् ? | २६ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| | १६. ऋतुअनुसारका हावापानी र मानवीय गतिविधि पहिचान गर्न | **५.२ ऋतु अनुसारका मानवीय गतिविधि**<br>(ग्रीष्म, शरद, हिउँद, वसन्त) | ● ऋतु परिवर्तन र पृथ्वीको वार्षिक गतिसम्बन्धी चार्ट प्रदर्शन गर्दै कुन कुन ऋतुमा मौसम र वनस्पतिको अवस्था कस्तो हुन्छ भनी छलफल गराउनुहोस् ।<br>● कुन कुन ऋतुमा मानिसको जीवनशैली कस्तो हुन्छ भनी चित्र, फोटा, भिडियो तथा चार्ट प्रदर्शन गर्दै छलफल गराउनुहोस् ।<br>● पृथ्वीको गतिअनुसार चार ऋतु हुने भए पनि नेपाललगायत मौसमी हावापानी पाइने क्षेत्रमा भने छओटा ऋतुको परम्परा (शरद, हेमन्त, शिशिर, वसन्त, ग्रीष्म र वर्षा) भएको जानकारी गराउनुहोस् ।<br>● ऋतुअनुसारका मानवीय क्रियाकलापसम्बन्धी कविता, गीत, नाटक, चित्र आदि सिर्जना गर्न लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) ऋतु परिवर्तन किन हुन्छ ?<br>(ख) ग्रीष्म ऋतुमा कस्तो मौसम पाइन्छ ?<br>(ख) नेपालमा वर्षा ऋतुमा के के समस्या आइपर्छ ?<br>(ग) धान र मकै कुन ऋतुमा लगाइने बाली हो<br>(घ) हिउँदका विशेषताहरू के के हुन् ?<br>**२. सिर्जनात्मक लेखनमा सहभागिता, सक्रियता र सिर्जनशीलताका आधारमा** | |
| | १७. एसिया महादेशको परिचय दिन | **५.३ एसिया महादेश**<br>● भौगोलिक अवस्था<br>● देशहरू र जनजीवन | ● विश्वको नक्सा प्रदर्शन गर्दै एसिया महादेशको सङ्क्षिप्त परिचय दिनुहोस् ।<br>● एसिया महादेशको भौतिक नक्सा प्रदर्शन गर्दै यसका मुख्य भौगोलिक अवस्थाको परिचय दिनुहोस् ।<br>● एसियाका विभिन्न भौगोलिक अवस्थाअनुसार जनजीवन र देशहरू झल्कने चित्र, फोटो तथा भिडियो प्रदर्शन गर्दै छलफल गराउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) एसियाको भौगोलिक अवस्था उल्लेख गर्नुहोस् ।<br>(ख) एसिया महादेशका मानिसहरूको जनजीवन सम्बन्धमा व्याख्या गर्नुहोस् ।<br>**२. नक्सा अध्ययनमा सहभागिता र सक्रियताका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| | १८. नेपालको नक्सा कोरी उपयुक्त सङ्केतको प्रयोग गरी तथ्य भर्न | **५.४ नक्साकार्य**<br>• नेपालको नक्सा अध्ययन र प्रयोग<br>• नेपालको नक्सा कोर्ने र उपयुक्त सङ्केत प्रयोग गरी तथ्यहरू भर्ने अभ्यास | • नेपालको नक्सा प्रदर्शन गर्दै विद्यार्थीलाई एटलसमा भएको नेपालको नक्सा अध्ययन गर्न लगाउनुहोस् ।<br>• ट्रेसिङ विधि वा स्वतन्त्र विधिको प्रयोग गरी नेपालको नक्सा उतार्न सिकाउनुहोस् र त्यसमा एटलस हेर्दै विभिन्न तथ्यहरू भर्न लगाई कक्षामा प्रदर्शन गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>१. **नमुना प्रश्न**<br>नेपालको नक्सा बनाई सात प्रदेश र तिनका राजधानी भर्नुहोस् ।<br>२. **विद्यार्थीले नक्साङ्कन गर्दा मापदण्ड पूरा भए नभएको अवलोकन गरेर ।**<br>३. **विद्यार्थीले नक्सामा तथ्य र सङ्केत भरेको अवलोकन गरेर** | |
| | १९. शीतलहर, चट्याङ, हिमपहिरो तथा हिमताल विस्फोटको परिचय दिई सुरक्षित हुन | **५.५ विपत्**<br>• शीतलहर, चट्याङ, हिमपहिरो, हिमताल विष्फोट<br>- परिचय र सुरक्षित हुने उपाय | • कक्षामा चार समूह बनाई हरेक समूहलाई एक एक ओटा विपत्का सम्बन्धमा पाठ्यपुस्तक र सन्दर्भ सामग्री अध्ययन गर्दै छलफल गर्नुहोस् र मुख्य बुँदाहरू टिपोट गरी समूह नेताबाट पालैपालो प्रस्तुत गर्दै छलफल गराउनुहोस् ।<br>• शीतलहर, चट्याङ, हिम पहिरो, हिमताल विष्फोटलगायतका विपत्सम्बन्धी चित्र, फोटो, भिडियो प्रदर्शन गर्दै ती विपत्का कारण र प्रभाव र सुरक्षाका उपाय सम्बन्धमा पालैपालो छलफल गराउनुहोस् ।<br>• विपत्सम्बन्धी समाचार प्रस्तुत गर्दै त्यसका कारण, असर र सो विपत्बाट सुरक्षित हुने उपाय सम्बन्धमा छलफल गराउनुहोस् ।<br>• विपत्को पूर्वतयारी योजना बनाई पूर्वाभ्यास गराउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>१. **नमुना प्रश्न**<br>(क) विपत् भनेको के हो ?<br>(ख) शीतलहरको समयमा अपनाउनुपर्ने सावधानी उल्लेख गर्नुहोस् ।<br>(ग) चट्याङबाट जोगिन के के गर्नुपर्छ ?<br>(घ) तपाईंको क्षेत्रमा कुन कुन विपत्को जोखिम छ ? यसका लागि तपाईंले कस्तो सावधानी अपनाउनुभएको छ ?<br>२. **विपत्को पूर्वाभ्यास गरिरहँदा रुजुसूचीको प्रयोग गरेर** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| **६. आर्थिक क्रियाकलाप** | २०. नेपालका आर्थिक क्रियाकलाप (सेवा, व्यापार र पर्यटन) को वर्तमान अवस्था, महत्त्व र विकासका सम्भावना बताउन | **६.१ नेपालका आर्थिक क्रियाकलाप**<br>● सेवा, व्यापार र पर्यटन<br>- परिचय, महत्त्व र विकासको सम्भावना | ● आर्थिक क्रियाकलापका रूपमा सेवा क्षेत्रका सम्बन्धमा चित्र, फोटो भिडियो, स्लाइड प्रस्तुत गर्दै परिचय, वर्तमान अवस्था र महत्त्वका सम्बन्धमा छलफल गराउनुहोस् ।<br>● व्यापारको अवस्था र महत्त्वका सम्बन्धमा चार्ट प्रस्तुत गर्दै छलफल गराउनुहोस् ।<br>● 'नेपालमा पर्यटन विकासको सम्भावना र पर्यटन प्रवर्धनका उपाय' शीर्षकमा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) सेवा भनेको के हो ? सेवाका कुनै दुई उदाहरण दिनुहोस् ।<br>(ख) नेपालमा पर्यटनको वर्तमान अवस्था कस्तो छ, लेख्नुहोस् ।<br>(ग) 'नेपालको आर्थिक विकासमा सेवा क्षेत्रको प्रमुख भूमिका रहेको छ ।' यस भनाइलाई आफ्नै शब्दमा पुष्टि गर्नुहोस् ।<br>(घ) व्यापारबाट कसरी फाइदा हुन्छ, उल्लेख गर्नुहोस् ।<br>**२. वक्तृत्वकला प्रतियोगितामा विद्यार्थीको सक्रियता, सिर्जनशीलता, समयको पालना, प्रस्तुतीकरण आदिको आधारमा श्रेणी मापन तालिका प्रयोग गरेर** | २० |
| | २१. मानव संसाधनसँग परिचित भई महत्त्व बताउन र स्वरोजगार सिर्जनाका उपायहरू खोजी गर्न | **६.२ मानव संसाधन**<br>● परिचय र महत्त्व<br>● स्वरोजगार सिर्जनाका उपाय | ● मानव संसाधनसँग सम्बन्धित विभिन्न चित्र, पोस्टर तथा भिडियो प्रस्तुत गरी मानव संसाधनको अवधारणा र महत्त्व प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीलाई शिक्षक, डाक्टर, स्वास्थ्यकर्मी, इन्जिनियर आदिको भूमिका अभिनय गराउनुहोस् र देशको विविध क्षेत्रको विकासका लागि मानव संशाधनको महत्त्व प्रस्ट पार्नुहोस् ।<br>● स्वरोजगारका लागि कर्जा/ऋण लिने, सिप सिक्ने, व्यवसाय सुरु गर्ने जस्ता विषयवस्तु समावेश गरी स्वरोजगार सिर्जना गर्ने उपायसम्बन्धी घटना बनाई प्रस्तुत गर्नुहोस् र उक्त विषयमा छलफल गराउनुहोस् ।<br>● कुनै स्थानीय स्वरोजगारको सफल कथा उदाहरणका रूपमा सुनाउने वा प्रत्यक्ष स्रोतव्यक्तिका रूपमा आमन्त्रण गरी स्वरोजगारीका लागि अभिप्रेरित गराउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) मानव संशाधन भनेको के हो ?<br>(ख) देश विकासमा मानव संशाधनको महत्त्व उल्लेख गर्नुहोस् ।<br>(ग) स्वरोजगारको महत्त्वका बारेमा दुई साथीबिचको संवाद लेख्नुहोस् ।<br>(घ) स्वरोजगारले कसरी बेरोजगारी घटाउँछ, प्रस्तुत गर्नुहोस् । | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| | २२. नेपालका बैङ्क तथा वित्तीय संस्थाको परिचय दिन र यी संस्थाहरूबाट प्राप्त हुने सेवाहरूको पहिचान गर्न | **६.३. नेपालका बैङ्क तथा वित्तीय संस्था**<br>● परिचय<br>● बैङ्क तथा वित्तीय संस्थाहरूबाट प्राप्त हुने सेवाहरू<br>- बचत<br>- कर्जा प्रवाह र कर्जाको सदुपयोग | ● बैङ्क तथा वित्तीय संस्थाहरूको चित्र, पोस्टर वा स्लाइड प्रस्तुत गरी ती संस्थाका कार्यहरू सम्बन्धमा छलफल गराउनुहोस् ।<br>● बैङ्क तथा वित्तीय संस्थामा बचतसम्बन्धी व्यवस्था र बचत गर्नाले हुने फाइदा सम्बन्धमा प्रश्नोत्तर गर्दै छलफल गर्नुहोस् ।<br>● बैङ्क तथा वित्तीय संस्थाबाट कर्जा लिने प्रक्रिया र लिएको कर्जाको सदुपयोग सम्बन्धमा घटना अध्ययन प्रस्तुत गर्दै छलफल गराउनुहोस् ।<br>● बैङ्क तथा वित्तीय संस्थाबाट सेवा लिने प्रक्रिया विद्यार्थीलाई नै भूमिका अभिनय गर्न लगाई प्रस्ट पार्नुहोस् ।<br>● चेक लेख्ने, भौचर भर्ने, केवाइसी (Know Your Customer) फाराम भर्ने, कर्जाको निवेदन दिनेलगायतका व्यावहारिक नमुना अभ्यास गराउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) बैङ्क तथा वित्तीय संस्थाको परिचय दिनुहोस् ।<br>(ख) बैङ्क तथा वित्तीय संस्थाबाट लिन सकिने सेवाहरूको सूची बनाउनुहोस् ।<br>(ग) बैङ्क तथा वित्तीय संस्थाबाट लिएको कर्जाको सदुपयोग गर्नाले हुने फाइदा र दुरुपयोग गर्नाले हुने बेफाइदाको सूची तयार पार्नुहोस् ।<br>**२. भूमिका अभिनयमा विद्यार्थीको सक्रियता, सिर्जनशीलता, प्रस्तुतीकरण आदिका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| **७. हाम्रो विगत** | २३. नेपालको एकीकरणमा पृथ्वीनारायण शाह, राजेन्द्रलक्ष्मी, बहादुर शाहको योगदान र एकीकरणको प्रभाव उल्लेख गर्न | **७.१ नेपालको एकीकरण**<br>● नेपालको एकीकरणमा पृथ्वीनारायण शाह, राजेन्द्र लक्ष्मी, बहादुर शाहको भूमिका र जनसहभागिता<br>● नेपाल एकीकरणको प्रभाव | ● नेपालको हालको राजनीतिक नक्सा र सुगौली सन्धिभन्दा अगिको नक्सा प्रदर्शन गर्दै नेपाल कसरी विस्तार भएको थियो भन्ने सम्बन्धमा छलफल गराउनुहोस् ।<br>● पृथ्वीनारायण शाहको सङ्क्षिप्त जीवनी प्रस्तुत गर्दै कथाकथन विधिका माध्यमबाट नेपाल एकीकरणमा पृथ्वीनारायण शाहको योगदानको चर्चा गराउनुहोस् ।<br>● पृथ्वीनारायण शाहका दिव्य उपदेशहरू लेखिएको चार्ट वा स्लाइड प्रदर्शन गर्दै उहाँबाट हामीले सिक्नुपर्ने पक्षहरूका सम्बन्धमा छलफल गराउनुहोस् ।<br>● राजेन्द्रलक्ष्मी, प्रतापसिंह शाह र बहादुर शाहको तस्बिरहरू प्रदर्शन गर्दै उहाँहरूको सङ्क्षिप्त जीवनी र नेपाल एकीकरणमा भएका योगदानको चर्चा गर्नुहोस् ।<br>● एकीकरण अभियानमा राजाको मात्र नभएर सेना नायकहरू तथा जनताको पनि सहभागिता रहेको तथ्य कथात्मक रूपमा प्रस्तुत गरी छलफल गराउनुहोस् ।<br>● नेपाल एकीकरणको सामाजिक र आर्थिक प्रभावका बुँदा लेखिएको स्लाइड वा चार्ट प्रदर्शन गर्दै छलफल गराउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) नेपाल एकीकरणमा प्रमुख भूमिका कसको थियो ?<br>(ख) पृथ्वीनारायण शाह, बहादुर शाह र राजेन्द्रलक्ष्मीको जीवनीबाट तपाईंले के सिक्नुभयो ?<br>(ग) नेपाल एकीकरणका समयमा नेपालको सामाजिक अवस्था कस्तो थियो ?<br>(घ) नेपाल एकीकरणको प्रभावहरू बताउनुहोस् । | १८ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| | २४. काठमाडौँ उपत्यका र सिन्धु उपत्यकाको प्राचीन सभ्यता र यसले मानव जीवनमा पारेको प्रभाव बताउन | **७.२ मानव सभ्यता**<br>● **काठमाडौँ र सिन्धु उपत्यकाको सभ्यता**<br>- परिचय<br>- मानव जीवनमा पारेको प्रभाव | ● विभिन्न किंवदन्ती आदिका आधारमा काठमाडौँ र सिन्धु उपत्यकाको सभ्यताबारे बताउनुहोस् ।<br>● काठमाडौँ र सिन्धु उपत्यकाको सभ्यताले मानव जीवनमा पारेको प्रभावबारे विद्यार्थीलाई अध्ययन र खोज गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) काठमाडौँ उपत्यकामा प्राचीन बस्ती कस्तो थियो ?<br>(ख) सिन्धु सभ्यताका मानिसको जीवनशैली कस्तो थियो ?<br>(ग) सिन्धु सभ्यता र काठमाडौँको सभ्यताका समानता र भिन्नता के के थिए ? | |
| | २५. आफ्नो क्षेत्रका ऐतिहासिक स्थल एवम् स्मारकहरूको अध्ययन प्रतिवेदन तयार गर्न | **७.३ आफ्ना क्षेत्रका ऐतिहासिक स्थल**<br>● अवलोकन<br>● प्रतिवेदन लेखन | ● विद्यार्थीको सहभागितामा स्थानीय ऐतिहासिक स्थल, मठमन्दिर तथा स्मारकहरूको सूची तयार पार्नुहोस् ।<br>● तीमध्ये कुनै एक विषयक्षेत्र छनोट गरी अवलोकन भ्रमणको योजना बनाउन लगाउनुहोस् ।<br>● विद्यार्थीको विभिन्न समूह बनाई भ्रमणका क्रममा गर्नुपर्ने काम एवम् जिम्मेवारीको जानकारी गराउनुहोस् ।<br>● योजनाअनुसार भ्रमण गराई आवश्यक तथ्यतथ्याङ्क सङ्कलन र टिपोट गरी सोका आधारमा प्रतिवेदन तयार पारेर कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● भ्रमणका क्रममा उक्त भ्रमण स्थलको सामान्य सरसफाइ गर्न लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. श्रेणीमापन फारामको प्रयोग गरी विद्यार्थीको भ्रमण कार्य र प्रतिवेदनको मूल्याङ्कन गरेर** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| **८. अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग** | २६. भूपरिवेष्टित राष्ट्रको परिचय दिई भूपरिवेष्टित राष्ट्रका रूपमा नेपालले भोग्नुपरेको समस्या र समाधानका उपायहरू बताउन | **८.१ भूपरिवेष्टित राष्ट्र**<br>● परिचय<br>● एसियाका भूपरिवेष्टित देशहरू<br>● नेपालले भोग्नुपरेका समस्या र समाधानका उपाय | ● नक्साका माध्मद्वारा भूपरिवेष्टित राष्ट्रहरू पहिचान गराउनुहोस् ।<br>● विभिन्न महादेशहरूको नामअनुसार समूह निर्माण गरी ग्लोब वा महादेशहरूको नक्साको सहायताबाट प्रत्येक समूहलाई आआफ्नो महादेशअन्तर्गतका भूपरिवेष्टित राष्ट्रहरूको नाम सङ्कलन गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● नेपाललगायत भूपरिवेष्टित राष्ट्रले भूपरिवेष्टित अवस्थितिका कारण प्राप्त अवसर वा सम्भावनाबारे प्रश्नोत्तर गर्दै छलफल गराउनुहोस् ।<br>● नक्सा, चित्र, फोटो, चार्ट, भिडियो प्रदर्शन गर्दै भूपरिवेष्टित मुलुकका रूपमा नेपालले भोग्नुपरेका समस्या, त्यसको समाधान सम्बन्धमा मस्तिष्कमन्थन विधिका माध्यमबाट छलफल गराई प्रस्ट पार्नुहोस् ।<br>● भूपरिवेष्टित राष्ट्रका समस्या र समाधानका उपायसम्बन्धमा वक्तृत्वकला प्रतियोगिताको आयोजना गर्न लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) कस्ता राष्ट्रलाई भूपरिवेष्टित राष्ट्र भनिन्छ ?<br>(ख) भूपरिवेष्टित अवस्थितिबाट नेपालले कसरी फाइदा लिन सक्छ ?<br>(ग) नेपालले भूपरिवेष्टित राष्ट्र भएका कारण के के समस्या भोग्नुपरेको छ ?<br>(घ) नेपालले भूपरिवेष्टित राष्ट्र भएका कारण भोग्नुपरेका समस्या समाधानका उपायहरूको सूची बनाउनुहोस् ।<br>२. **वक्तृत्वकला प्रतियोगितामा सहभागिता, सक्रियता, सिर्जनशीलता, प्रस्तुतीकरण आदिका आधारमा** | १० |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| | २७. कुटनीतिक नियोगको परिचय दिई यिनका कार्यहरू बताउन | **८.२ कुटनीतिक नियोग र यिनका कार्यहरू**<br>● राजदूतावास र यसले गर्ने कार्य<br>● काउन्सिलर कार्यालय र यसले गर्ने कार्य | ● नेपाल र कुनै एक मित्रराष्ट्रबिचको सम्बन्धको प्रसङ्ग उल्लेख गर्दै देशहरूबिच सम्बन्ध विकासका लागि भूमिका निर्वाह गर्ने निकायका रूपमा कूटनीतिक नियोगको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>● कुटनीतिक नियोगका रूपमा कुनै राजदुतावासको चित्र र राजदुतावासले गर्ने कार्य लेखिएको चार्ट प्रदर्शन गर्दै छलफल गराउनुहोस् ।<br>● काउन्सिलर कार्यालयले गर्ने कार्य लेखिएको चार्ट विद्यार्थीलाई प्रस्तुत गर्न लगाई छलफल गराउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) कूटनीतिक नियोग भनेको के हो ?<br>(ख) नेपालले कतिओटा देशमा राजदुतावास स्थापना गरेको छ ?<br>(ग) काउन्सिलर कार्यालयका कार्यहरू उल्लेख गर्नुहोस् ।<br>(घ) तपाईं कुनै देशका लागि नेपालको राजदुत हुनुभएको भए दुई देशबिचको सम्बन्ध अझै सुमधुर बनाउन के गर्नुहुन्थ्यो ? | |
| **९. जनसङ्ख्या व्यवस्थापन** | २८. नेपालको जनसङ्ख्याको बनोटको अवस्था विश्लेषण गर्न | **९.१ नेपालमा जनसङ्ख्याको बनोट**<br>● लैङ्गिक, जातिगत, भाषिक, धार्मिक | ● विद्यार्थीसँग छलफल गर्दै उनीहरूको समुदायमा कुन कुन जातजाति, भाषा, धर्म र लैङ्गिक अवस्थाका मानिसहरू बस्छन् भनी बोर्डमा टिपोट गर्नुहोस् र यो हाम्रो समुदायको जनसङ्ख्याको बनोट हो भनी प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीको चार समूह बनाएर एक समूहलाई जनसङ्ख्या बनोटको एक आधार तोकी सो सम्बन्धमा पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री अध्ययन गरेर छलफल गर्दै बुँदाटिपोट गरेर समूह नेताबाट कक्षामा पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● नेपालको जनसङ्ख्या बनोटसम्बन्धी तथ्याङ्कलाई स्तम्भ वा वृत्त चित्रमा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● ससाना समूहमा रहेर जाति, भाषा, धर्म र लिङ्गअनुसारको जनसङ्ख्याको तथ्याङ्क खोजी गर्न लगाउनुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) जनसङ्ख्या बनोट भनेको के हो ?<br>(ख) लिङ्गअनुसार नेपालको जनसङ्ख्याको अवस्था कस्तो रहेको छ ?<br>**२. विद्यार्थीले उपयुक्त ढाँचामा स्तम्भ चित्र वा वृत्तचित्र निर्माण गरे नगरेको आधारमा मूल्याङ्कन गरेर** | १४ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| | २९. नेपालमा बसाइँसराइका प्रकार, कारण र प्रभाव बताउन | **९.२ नेपालमा बसाइँसराइ**<br>● प्रकार<br>● कारण<br>● प्रभाव | ● आफ्नो परिवार वा समुदायमा बसाइँ सरेर आएका व्यक्तिसँग छलफल गरेर मानिसहरू किन बसाइँ सर्छन् भन्ने सम्बन्धमा जानकारी लिएर कक्षामा सुनाउन लगाउनुहोस् ।<br>● विभिन्न उद्देश्यले (अध्ययन, रोजगार, विवाह आदि) बसाइँ सरेर गएको वा आएको घटनाका माध्यमबाट बसाइँसराइको परिचय प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीलाई चित्र, भिडियो प्रदर्शन गर्दै आन्तरिक र बाह्य/अन्तर्राष्ट्रिय बसाइँसराइ एवम् उत्प्रवासन र आप्रवासनको परिचय प्रस्ट पार्नुहोस् ।<br>● नेपालमा बसाइँसराइका कारणहरू (आकर्षण र विकर्षण) र प्रभावहरू उल्लेख भएको चार्ट वा तालिका वा स्लाइड निर्माण गर्ने र उक्त विषयवस्तु कक्षामा प्रस्तुत गरी प्रस्ट पार्नुहोस् ।<br>● बसाइँसराइका कारण उत्पत्ति स्थल र गन्तव्य स्थलमा पर्ने प्रभाव एवम् बसाइँसराइको व्यवस्थापन सम्बन्धमा छलफल गरी प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) बसाइँसराइ भनेको के हो ?<br>(ख) बसाइँसराइका प्रकारहरू उल्लेख गर्नुहोस् ।<br>(ग) नेपालमा बसाइँसराइका कारण उल्लेख गर्नुहोस् ।<br>(घ) नेपालमा बसाइँसराइका प्रभावहरू उल्लेख गर्नुहोस् ।<br>२. **विद्यार्थीको परियोजना कार्यमा सक्रियता, सिर्जनशीलता, तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण आदिको आधारमा श्रेणी मापन तालिका प्रयोग गरी मूल्याङ्कन गरेर** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य-घण्टा |
|---|---|---|---|---|---|
| | ३०. जनसङ्ख्या व्यवस्थापनका उपायहरू पहिचान गरी जनसङ्ख्या व्यवस्थापनमा स्थानीय सरकारको भूमिका उल्लेख गर्न | **९.३ जनसङ्ख्या व्यवस्थापन**<br>● जनसङ्ख्या व्यवस्थापनका उपायहरू<br>● जनसङ्ख्या व्यवस्थापनमा स्थानीय सरकारको भूमिका | ● बाक्लो जनसङ्ख्या भएको र पातलो जनसङ्ख्या भएको चित्र वा भिडियो प्रदर्शन गर्दै सोच-जोडी- आदानप्रदान गर (Think-Pair- Share) विधिको प्रयोग गरी जनसङ्ख्या व्यवस्थापनको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>● नेपालमा विभिन्न भौगोलिक क्षेत्रमा जनसङ्ख्याको अवस्था, जनसङ्ख्या व्यवस्थापन नहुँदा आइपरेका समस्या र व्यवस्थापनका सम्भावित उपायहरू लिखित चार्ट वा पावरप्वाइन्ट स्लाइड वा भिडियो क्लिपर डकुमेन्ट्री प्रस्तुत गरी विद्यार्थीलाई प्रश्नोत्तर र छलफल गराई प्रस्ट पार्नुहोस् ।<br>● जनसङ्ख्या व्यवस्थापनमा स्थानीय सरकार (गाउँपालिका/नगरपालिका) को भूमिका उल्लेख भएको चार्ट वा तालिका वा पावरप्वाइन्ट स्लाइड प्रस्तुत गरी विषयवस्तु प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधारहरू निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) जनसङ्ख्या व्यवस्थापनको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>(ख) जनसङ्ख्या व्यवस्थापन नहुँदा के कस्ता समस्या आइपर्न सक्छन् ?<br>(ग) जनसङ्ख्या व्यवस्थापनका उपायहरू सूचीबद्ध गर्नुहोस् । | |

## ५. परियोजना तथा प्रयोगात्मक कार्य

पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धिहरूसँग सम्बन्धित केही प्रयोगात्मक तथा परियोजना कार्यका नमुनाहरू तल दिइएका छन् । यीबाहेक पाठ्यक्रमका सिकाइ उपलब्धि पूरा गर्नका लागि अन्य प्रयोगात्मक तथा परियोजना कार्यहरू शिक्षकले आवश्यकतानुसार गराउनुपर्ने छ । परियोजना तथा प्रयोगात्मक कार्यहरू नियमित सिकाइ सहजीकरणकै क्रममा गराउनुपर्ने छ ।

### कक्षा ६

| क्र.स. | क्षेत्र | सम्भावित परियोजना तथा प्रयोगात्मक कार्य |
| --- | --- | --- |
| १. | हामी र हाम्रो समाज | • समुदायमा हुने विकासका कार्यहरू अवलोकन गरी प्राप्त जानकारीका आधारमा प्रतिवेदन तयार गर्नुहोस् ।<br>• विद्यालय वरपरको वातावरण सरसफाइ कार्यक्रम गरी सामूहिक रूपमा सरसफाइ कार्य गर्दाको अनुभव कक्षामा प्रस्तुत गर्नुहोस् । |
| २. | हाम्रा मूल्यमान्यता | • चाडपर्वहरूको विशेषता झल्किने चित्रहरूसहित आकर्षक पोस्टर बनाई कक्षामा प्रदर्शन गर्नुहोस् ।<br>• आफ्नो समुदायका सम्पदाहरूमध्ये कुनै एक सम्पदासम्बन्धी निम्नलिखित जानकारी खोजी गरी एक प्रतिवेदन तयार गर्नुहोस् :<br>- सम्पदाको नाम<br>- परिचय<br>- मुख्य विशेषता<br>- वर्तमान अवस्था<br>- संरक्षणका लागि भएका प्रयासहरू |
| ३. | सामाजिक सुधार | • गलत प्रथाहरूबाट तपाईंको समुदायमा कस्तो असर परेको छ ? ती प्रथाहरूको अन्त्य गर्न के गर्नुपर्ला, स्थानीय व्यक्तिहरूसँग छलफल गरी निष्कर्षका आधारमा एक प्रतिवेदन तयार गर्नुहोस् ।<br>• दुर्व्यवहारविरुद्ध चेतना विस्तार गर्ने प्लेकार्ड तयार गरी विभिन्न समूह बनाई सचेतना कार्यक्रम आयोजना गर्नुहोस् । |
| ४. | नागरिक चेतना | • तपाईंको परिवारमा स्थानीय सरकारले प्रदान गर्ने कुन कुन सेवाहरू लिनुभएको छ, अभिभावकसँग सोधी प्राप्त जानकारी कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>• बालबालिकाका अधिकारसम्बधी चेतनामूलक सन्देश लेखिएका प्लेकार्ड तयार गरी विद्यालयको प्रार्थना सभामा प्रदर्शन गर्नुहोस् । |
| ५. | हाम्रो पृथ्वी | • पृथ्वीको बाहिरी सतहका विभिन्न स्वरूपहरूको मोडेल तयार गरी प्रदर्शन गर्नुहोस् ।<br>• आफ्नो समुदायमा आइरहने विपत्बाट धनजनको सुरक्षाका लागि के कस्ता प्रयासहरू भएका छन्, सोधखोज गरी प्राप्त जानकारीका आधारमा एक प्रतिवेदन तयार गर्नुहोस् । |
| ६. | आर्थिक क्रियाकलाप | • कृषिमा सुधारका लागि तपाईंको समुदायमा के कस्ता प्रयास भएका छन्, सोधखोज गरी प्राप्त जानकारीका आधारमा प्रतिवेदन तयार गर्नुहोस् ।<br>• व्यवसायमा लगानी गर्दा हुने फाइदा र लगानीका क्रममा ध्यान दिनुपर्ने कुराहरूबारे आर्थिक लगानी गरेर स्वरोजगार बन्नुभएका समुदायका कुनै एक व्यक्तिसँग अन्तर्क्रिया गरी प्राप्त जानकारी कक्षामा प्रस्तुत गर्नुहोस् । |

| क्र.स. | क्षेत्र | सम्भावित परियोजना तथा प्रयोगात्मक कार्य |
|---|---|---|
| ७. | हाम्रो विगत | • आफू बसोबास गर्ने स्थानको नामकरण कसरी भएको हो भन्ने विषयमा स्थानीय ज्येष्ठ नागरिक तथा जानकार व्यक्तिहरूसँग छलफल गरी प्राप्त सूचना कक्षामा सुनाउनुहोस् ।<br>• अभिभावकको सहायता लिई आफ्नो कुलको वंशावली तयार गर्नुहोस् । |
| ८. | अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग | • भारतमा रोजगारी गरेर फर्कनुभएका समुदायका एक जना व्यक्तिलाई भेटी भारत र नेपालको सामाजिक र सांस्कृतिक जीवनमा देखिने समानताका बारेमा जानकारी सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>• नेपाल, भारत र चीनको झन्डाको नमुना बनाई विद्यालयमा प्रदर्शन गर्नुहोस् । |
| ९. | जनसङ्ख्या व्यवस्थापन | • आफ्नो समुदायमा पछिल्ला तीन वर्षमा जन्म, मृत्यु भएका मानिसहरूको तथ्याङ्क खोजी गरी स्तम्भचित्रमा प्रस्तुत गर्नुहोस् ।<br>• विद्यालयको अभिलेख अध्ययन गरी पछिल्ला दुई वर्षमा विद्यालयमा भर्ना भएका छात्र र छात्राहरूको सङ्ख्या पत्ता लगाई रेखाचित्रमा प्रस्तुत गर्नुहोस् । |

## कक्षा ७

| क्र.स. | क्षेत्र | सम्भावित परियोजना तथा प्रयोगात्मक कार्य |
|---|---|---|
| १. | हामी र हाम्रो समाज | • तपाईंको समुदायमा भएको यातायात र सञ्चारको विकासले के के कुरालाई सहज बनाएको छ, सोधखोज गरी एक प्रतिवेदन प्रस्तुत गर्नुहोस् ।<br>• तपाईं बसोबास गर्ने स्थानीय तहमा के कस्ता विकासका सम्भावना रहेका छन्, स्थानीय विज्ञ व्यक्तिहरूसँग छलफल गरी आफूले प्राप्त गरेका जानकारी कक्षाका साथीहरूलाई बताउनुहोस् । |
| २. | हाम्रा मूल्यमान्यता | • स्थानीय ज्येष्ठ नागरिक, असहाय र अशक्त व्यक्तिहरूलाई भेटेर उहाँहरूको समस्या, चाहना र दैनिकीका बारेमा छलफल गरी यसबाट तपाईंले हासिल गर्नुभएका अनुभव समेट्दै एउटा प्रतिवेदन तयार गर्नुहोस् ।<br>• आफ्नो समुदायमा प्रचलित लोकबाजाहरूका बारेमा निम्नलिखित जानकारी खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् : |

| लोकबाजाको नाम | निर्माणमा प्रयोग भएका वस्तु | बजाउने तरिका | बजाइने मुख्य अवसर | बाजासँग सम्बन्धित जाति वा समुदाय |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

<table>
<tr><th>क्र.स.</th><th>क्षेत्र</th><th>सम्भावित परियोजना तथा प्रयोगात्मक कार्य</th></tr>
<tr><td>३.</td><td>सामाजिक सुधार</td><td>
<ul>
<li>बालविवाह, दाइजो प्रथा, फजुल खर्च, देखासिकी, ठगी जस्ता सामाजिक समस्याविरुद्ध जनचेतना विस्तार गर्ने प्लेकार्ड तयार पारी समुदायमा प्रदर्शन गर्नुहोस् ।</li>
<li>सामाजिक सुधारका लागि सक्रिय कुनै एक संस्थाको वेबसाइटबाट वा संस्थाको भ्रमण गरेर त्यस संस्थाले समाज सुधारका लागि गर्ने कार्यका बारेमा जानकारी लिनुहोस् र प्राप्त जानकारी कक्षामा सुनाउनुहोस् ।</li>
</ul>
</td></tr>
<tr><td>४.</td><td>नागरिक चेतना</td><td>
<ul>
<li>विभिन्न लोकतान्त्रिक व्यवहारहरू लेखी तल दिइए जस्तै रुजूसूचीका आधारमा आफ्नो समुदायका मानिसहरूले लोकतान्त्रिक व्यवहारको अध्ययन गरी प्राप्त जानकारी कक्षामा प्रस्तुत गर्नुहोस् ः</li>
</ul>
<table>
<tr><th>लोकतान्त्रिक व्यवहार</th><th>गर्छन्</th><th>गर्दैनन्</th></tr>
<tr><td>सार्वजनिक स्थानमा पालो पर्खिने र लाइनमा बस्ने</td><td></td><td></td></tr>
<tr><td>धैर्यपूर्वक सुन्ने</td><td></td><td></td></tr>
<tr><td>.......................................</td><td></td><td></td></tr>
<tr><td>.........................................</td><td></td><td></td></tr>
<tr><td>...........................................</td><td></td><td></td></tr>
<tr><td>...........................................</td><td></td><td></td></tr>
</table>
<ul>
<li>नेपाली नागरिकका शिक्षा र स्वास्थ्यसम्बन्धी मौलिक हकहरूलाई चार्टमा प्रस्तुत गर्नुहोस् ।</li>
</ul>
</td></tr>
<tr><td>५.</td><td>हाम्रो पृथ्वी</td><td>
<ul>
<li>विभिन्न महिनाका मौसमका विशेषता, मौसमअनुसार गरिने मुख्य आर्थिक क्रियाकलाप, मौसमअनुसार लगाइने कपडाहरू र मौसमका कारण आउन सक्ने प्रकोपहरूसहितको आकर्षक चार्ट बनाई कक्षाकोठा वा विद्यालयको बुलेटिन बोर्डमा टाँस्नुहोस् ।</li>
</ul>
</td></tr>
</table>

| क्र.स. | क्षेत्र | सम्भावित परियोजना तथा प्रयोगात्मक कार्य |
|---|---|---|
| ६. | आर्थिक क्रियाकलाप | ● स्थानीय क्षेत्रको कुनै एक उद्योगसम्बन्धी विषयमा जानकारी खोजी गरी प्राप्त जानकारीका आधारमा प्रतिवेदन तयार पार्नुहोस् :<br>- उद्योगको नाम<br>- परिचय<br>- उद्योगमा प्रयोग हुने कच्चा पदार्थ<br>- उद्योगबाट उत्पादित वस्तु<br>- उद्योगमा कार्यरत जनशक्ति<br>- उत्पादित वस्तुको खपत (बजार)<br>● नेपालमा प्रचलित मुद्राहरू १, २, ५, १०, २०, ५०, १००, ५००, १००० को चित्रात्मक नोटहरू चार्टपेपरमा टाँसेर नोटको जतन गर्ने उपाय लेख्नुहोस् । त्यसका आधारमा नोटको जतन गर्ने तरिका सम्बन्धमा घरपरिवार र साथीहरूलाई पनि सचेत गराउनुहोस् । |
| ७. | हाम्रो विगत | ● सिँजा र काठमाडौँ उपत्यकाको प्राचीन सभ्यता झल्किने चित्र बनाई विद्यालयको बुलेटिन बोर्डमा टाँस्नुहोस् ।<br>● मध्यकालीन नेपाली समाजमा चलेका विभिन्न चलनहरूमध्ये कुन कुन चलनहरू वर्तमान समयमा प्रचलनमा छन्, कुन कुन चलनमा सुधार गरिएका छन्, तिनको खोजी गरेर तालिका बनाई प्रस्तुत गर्नुहोस् । |
| ८. | अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग | ● इन्टरनेट वा सन्दर्भ सामग्रीबाट सार्कका उद्देश्य र गतिविधिहरू खोजी गरी तालिकामा प्रस्तुत गर्नुहोस् ।<br>● विभिन्न स्रोतबाट खोजी गरी बेलायत सरकारले नेपालमा गरेको सामाजिक र आर्थिक सहयोगका क्षेत्रहरू समेटी एउटा प्रतिवेदन तयार गर्नुहोस् । |
| ९. | जनसङ्ख्या व्यवस्थापन | ● तपाईंको विद्यालयका कक्षा ६, ७ र ८ को कुल विद्यार्थी सङ्ख्या पत्ता लगाई प्राप्त तथ्याङ्कलाई स्तम्भचित्रमा प्रस्तुत गर्नुहोस् ।<br>● जनसङ्ख्या परिवर्तनको सामाजिक आर्थिक प्रभावलाई वृक्षचित्रमा प्रस्तुत गर्नुहोस् । |

## कक्षा ८

| क्र.स. | क्षेत्र | सम्भावित परियोजना तथा प्रयोगात्मक कार्य |
|---|---|---|
| १. | हामी र हाम्रो समाज | • खानेपानीको बचत र ऊर्जाको उपयोगबारे सचेतना पोस्टर बनाएर समुदायमा प्रदर्शन गर्नुहोस् ।<br>• तपाईँ बसोबास गरेको स्थानमा उपलब्ध स्रोतसाधनहरू पहिचान गरी त्यहाँको विकासका लागि उपलब्ध स्रोतसाधन र तिनको प्रयोग गर्ने तरिकालाई तालिका बनाई कक्षामा प्रस्तुत गर्नुहोस् । |
| २. | हाम्रा मूल्यमान्यता | • वृद्धाश्रम, अनाथालय वा अस्पतालमा सेवा गरेको कार्य अवलोकन गरेर वा सोसम्बन्धी भिडियो हेरेर प्रतिवेदन तयार गर्नुहोस् ।<br>• आफ्नो घर, विद्यालय र समाजप्रति गर्नुपर्ने जिम्मेवारीसम्बन्धी पोस्टर तयार गरी प्रस्तुत गर्नुहोस् ।<br>• विद्यालय नजिकै रहेको सम्पदा स्थलमा गएर सफाइ तथा सचेतना अभियान सञ्चालन गर्नुहोस् ।<br>• राष्ट्रिय सम्पदाबारे छोटो भिडियो बनाएर कक्षामा प्रदर्शन गरी सामाजिक सञ्जालमा समेत पोस्ट गर्नुहोस् । |
| ३. | सामाजिक सुधार | • सामूहिक रूपमा लागुपदार्थ दुर्व्यसन वा धूमपान/मद्यपान वा घरेलु हिंसाविरुद्ध जनचेतना जगाउने नाराहरू तयार पारी प्लेकार्ड बनाएर प्रदर्शन गर्नुहोस् ।<br>• स्थानीय तह वा वडा कार्यालयको भ्रमण गरी सामाजिक सुधारका लागि कार्यालयबाट भएका प्रयासहरूको जानकारी प्राप्त गरी त्यसका आधारमा प्रतिवेदन तयार गर्नुहोस् । |
| ४. | नागरिक चेतना | • सङ्घ, प्रदेश र स्थानीय तहले गरेका जनसरोकारसँग सम्बन्धित कार्यहरूको समाचारहरू सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>• आफ्नो परिवार र समुदायका सदस्यसँग सोधेर उहाँहरूले उपयोग गर्न पाएका र नपाएका अधिकारहरूको सूची तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>• कुनै एक सार्वजनिक निकायबाट प्रवाह हुने सेवालाई थप व्यवस्थित, पारदर्शी, जवाफदेही र सेवाग्राहीमैत्री बनाई सुशासनको प्रत्याभूति दिनका लागि अपनाउनुपर्ने उपायहरू उल्लेख गर्दै कार्यालय प्रमुखलाई पत्र लेख्नुहोस् । |
| ५. | हाम्रो पृथ्वी | • टेबुलको एक छेउमा मैनबत्ती बाल्नुहोस् र अर्को छेउमा ग्लोब राख्नुहोस् । कोठालाई अँध्यारो पारिदिनुहोस् । अब ग्लोबको डल्लोलाई विस्तारै घुमाउनुहोस् । के हुन्छ हेर्नुहोस् र किन विश्वको सबै ठाउँमा एउटै समय नभएको होला भन्ने जिज्ञासाको उत्तर खोज्नुहोस् ।<br>• कोठालाई अँध्यारो पारिदिनुहोस् । टेबुलको बिचमा मैनबत्ती बाल्नुहोस् र त्यसको वरिपरि ग्लोबलाई एउटै दिशामा ढल्कने गरी वृत्ताकारमा हिँडाउनुहोस् । के हुन्छ हेर्नुहोस्, किन वर्षभरि नै एउटै ऋतु नभएको होला भन्ने जिज्ञासाको उत्तर खोज्नुहोस् ।<br>• नेपालमा प्रचलित छ ओटा ऋतु र तिनका विशेषता झल्कने आकर्षक पोस्टर तयार पार्नुहोस् ।<br>• पुस्तक, एटलस र इन्टरनेटको प्रयोग गरी एसिया महादेशका बारेमा विभिन्न जानकारीहरू सङ्कलन गर्नुहोस् र एसिया महादेश शीर्षकमा एक प्रतिवेदन तयार पारी प्रस्तुत गर्नुहोस् ।<br>• कुनै एक विपत्बाट जोगिन सुरक्षा योजना तथा स्थानान्तरण नक्सा तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् । |

| क्र.स. | क्षेत्र | सम्भावित परियोजना तथा प्रयोगात्मक कार्य |
|---|---|---|
| ६. | आर्थिक क्रियाकलाप | • स्थानीय व्यापारी, जागिरे व्यक्ति वा पर्यटन व्यवसायीसँग उहाँले सो व्यवसाय कसरी सुरु गर्नुभयो, कसरी यो अवस्थामा आइपुग्नुभयो र उहाँको व्यवसायको अवस्था अहिले कस्तो रहेको छ भन्ने सम्बन्धमा छलफल गरी प्रतिवेदन तयार पार्नुहोस् ।<br>• तपाईंको परिवार वा समुदायमा रहेका स्वरोजगार व्यक्तिसँग अन्तर्क्रिया गरी प्रतिवेदन तयार गर्नुहोस् ।<br>• कुनै बैङ्क वा वित्तीय संस्थाको वेबसाइट अध्ययन गरेर वा जानकार व्यक्तिसँग सोधेर बैङ्कले दिने सेवाका सम्बन्धमा सङ्क्षिप्त प्रतिवेदन तयार पारी प्रस्तुत गर्नुहोस् । |
| ७. | हाम्रो विगत | • एकीकरण अभियानका घटना झल्कने समयरेखा तयार पारी प्रदर्शन गर्नुहोस् ।<br>• सिन्धु सभ्यता शीर्षकमा काल्पनिक चित्र, ती ठाउँका हालका फोटा र मुख्य विशेषताहरू समेटेर पोस्टर वा बुकलेट बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>• तपाईंको समुदायमा रहेको कुनै एक ऐतिहासिक सम्पदा वा स्मारकको स्थलगत अवलोकन गरी एक प्रतिवेदन तयार पार्नुहोस् । |
| ८. | अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग | • एटलसमा भएको एसियाको नक्सा हेर्दै एसियाको रेखाङ्कित (खाली) नक्सामा भूपरिवेष्टित देशहरू देखाई कक्षामा टाँस्नुहोस् ।<br>• वैदेशिक रोजगारीबाट फर्कनुभएका समुदायका एकजना व्यक्तिलाई विदेश जाने क्रममा र विदेशमा रहँदा कुटनीतिक नियोगहरूबाट के कस्ता सहयोग लिनुभयो भन्ने कुरा सोधी प्राप्त जानकारी कक्षामा प्रस्तुत गर्नुहोस् । |
| ९. | जनसङ्ख्या व्यवस्थापन | • चार समूह निर्माण गरी प्रत्येक समूहलाई एक एकओटा पर्ने गरी वि.सं. २०७८ को जनसङ्ख्याको निम्नलिखित आधारअनुसारको जनसङ्ख्या बनोटका तथ्याङ्कलाई वृत्तचित्र वा स्तम्भचित्रमा प्रस्तुत गर्नुहोस् ।<br>समूह क : लिङ्गअनुसार जनसङ्ख्याको बनोट<br>समूह ख : जातजातिअनुसार जनसङ्ख्याको बनोट<br>समूह ग : भाषाअनुसार जनसङ्ख्याको बनोट<br>समूह घ : धर्मअनुसार जनसङ्ख्याको बनोट<br>• तपाईंको समुदायमा बसाइँ सरेर आउने र जाने मानिस हुनुहुन्छ भने त्यस्ता व्यक्तिको विवरण सङ्कलन गरी त्यसका कारणहरू र तिनको प्रभाव खोजी गरी एउटा प्रतिवेदन तयार पार्नुहोस् ।<br>• तपाईंको समुदायमा जनसङ्ख्या व्यवस्थापन कसरी गर्नुपर्ला भन्ने सम्बन्धमा आफ्ना सुझावसहितको सङ्क्षिप्त प्रतिवेदन तयार पार्नुहोस् । |

## ६. सिकाइ सहजीकरण प्रक्रिया

सामाजिक अध्ययन विषयको पाठ्यक्रम विभिन्न सामाजिक विज्ञानका क्षेत्रलाई समेटेर एकीकृत रूपमा तयार गरिएको छ । यसमा उल्लेख गरिएका विषयवस्तुहरूको सिकाइ सहजीकरणमा सबै क्षेत्रलाई समान महत्त्व दिनुपर्ने हुन्छ । सम्बन्धित विषयवस्तुको एकीकृत रूपमा अध्ययन गराई विषयवस्तुको ज्ञान, सिप, अभिवृत्ति, मूल्यको आर्जन तथा तिनलाई प्रयोग गर्ने सामर्थ्य विकास गराउनुपर्छ । यस विषयले व्यावहारिक सिकाइलाई जोड दिने हुँदा कक्षाभित्र वा बाहिर आआफ्नो गाउँ, टोल, समुदायसँग सम्बन्ध राखी क्रियाकलापहरू गराउनुपर्छ । यी विषयवस्तुलाई जस्ताको तस्तै कण्ठ गराउने शिक्षण पद्धतिलाई निरुत्साहित गरी विद्यार्थीलाई आफ्ना समुदायमा खोज गरी सिकेका कुराहरूलाई सिर्जनात्मक विश्लेषण गर्ने प्रतिभाको विकास गर्न प्रोत्साहित गरिनुपर्छ । सामाजिक अध्ययन विषयले विद्यार्थीका विभिन्न सिर्जनाहरू जस्तै कथा, कविता, नाटक, समाचार, चिठी, सम्पादकीय, गीत,

प्रतिवेदन, रेखाचित्र, वृत्तचित्र, स्तम्भचित्र, तालिका, तस्बिर, नक्सा, फोटोमार्फत भाव अभिव्यक्त गरुन् भन्ने लक्ष्य राखेको छ । यी सबै सिपहरूको विकास गर्न विद्यार्थीलाई आफ्ना रुचिअनुसारका सिपहरूको विकास गर्न प्रोत्साहित गर्नुपर्छ । यसका निम्ति शिक्षकद्वारा निर्मित वार्षिक शैक्षणिक कार्ययोजना, त्रैमासिक योजना, एकाइ योजना र दैनिक पाठयोजनाको ठुलो भूमिका रहन्छ । विद्यार्थीलाई क्रियाकलापमा आधारित रही गरेर सिक्ने वातावरण र अवसर तयार गर्नुपर्छ भन्ने सोच र चिन्तनको अभिवृद्धि गराउनु नै यसको मूल लक्ष्य हो । उनीहरूलाई बहुबौद्धिकताको सिद्धान्तअनुरूप रुचि र क्षमताअनुसारका ज्ञान र सिप एवम् मूल्यहरूको विकास गर्न क्रियाकलापमा विविधता ल्याउनुपर्छ । यसका निम्ति योजनाबद्ध सिकाइ सहजीकरणको ठुलो भूमिका रहन्छ ।

विद्यार्थीलाई 'गर र सिक' भन्ने धारणाको अभिवृद्धि गराउनु सामाजिक अध्ययन विषयको मूल लक्ष्य हो । बालबालिका आफैँले गरेर सिकेका कुरामा विश्वास गर्छन् । मनमा विश्वास जागेपछि उक्त सिकाइले व्यवहारमा सुधार ल्याउँछ । त्यसैले सामाजिक अध्ययन विषयमा सिकाइ सहजीकरण गर्दा विभिन्न प्रकारका विद्यार्थीकेन्द्रित शिक्षण विधिहरू प्रयोग गर्नुपर्छ, जस्तै : प्रश्नोत्तर, प्रदर्शन, समस्या समाधान, छलफल, अवलोकन, सोधखोज, अभिनय, परियोजना, प्रयोग, स्थलगत भ्रमण, घटना अध्ययन, समालोचनात्मक चिन्तन, सामुदायिक कार्य इत्यादि । समालोचनात्मक चिन्तन सिप विधिअर्न्तगत मस्तिष्कमन्थन (Brain storming), सङ्गठित सिंहावलोकन (Structure overview), जिग्स (Jigsaw), जोडीमा पढाइ र जोडीमा सारांश (Paired reading paired summarizing), मान्यता रेखा (Value line) जस्ता तरिकाहरू आवश्यकतानुसार प्रयोग गर्न सकिन्छ । जुनसुकै क्रियाकलाप गराउदा पनि विद्यार्थीकेन्द्रित हुनु आवश्यक हुन्छ । अध्यापन गर्दा विद्यार्थीको सहभागितालाई प्रोत्साहित गर्नुपर्छ । विद्यार्थी आफैँलाई कुनै कुनै समस्या समाधान गर्न गाऱ्हो तथा अप्ठ्यारो पर्न सक्छ, त्यस्तो अवस्थामा मात्र कमीकमजोरीलाई राम्ररी केलाई शिक्षकद्वारा सहयोग पुऱ्याई समाधान गरिदिनु उचित हुन्छ । विद्यार्थीको आवश्यकता र अवस्थाका आधारमा विधि र सामग्रीको पहुँचयुक्तता (Accessibility) र उपयुक्त अनुकूलन (Reasonable accommodation) गरी सिकाइ सहजीकरण गर्नुपर्छ ।

## ७. विद्यार्थी मूल्याङ्कन

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भएनभएको सुनिश्चित गर्न निर्माणात्मक र निर्णयात्मक दुबै किसिमका मूल्याङ्कन गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो आन्तरिक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनुपर्छ । आन्तरिक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । आन्तरिक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कनलगायतका साधन प्रयोग गर्न सकिन्छ । विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनलगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रुजूसूची, श्रेणीमापनलगायतका व्यवहार अवलोकन फाराम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइस्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्छ । पटक पटकको सुधारात्मक सिकाइपश्चात् पनि न्यूनतम स्तरको सिकाइ हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नुपर्छ । निर्णयात्मक मूल्याङ्कनको कुल भारको ५० प्रतिशत आन्तरिक मूल्याङ्कनबाट समावेश गरिने छ भने अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत अङ्क समावेश गरिने छ ।

### (क) आन्तरिक मूल्याङ्कन

आन्तरिक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा अभिलेखित गर्नुपर्छ । यसका लागि आन्तरिक मूल्याङ्कनलाई अभिलेखित गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ ।

यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

**आधारभूत तह कक्षा ६ - ८ को आन्तरिक मूल्याङ्कनका आधार**

| क्र.स. | मूल्याङ्कनका आधार | मूल्याङ्कनका आधारको विस्तृतीकरण | जम्मा अङ्कभार प्रतिशत |
|---|---|---|---|
| १. | सहभागिता | उपस्थिति र सिकाइ क्रियाकलापमा सक्रियता र सहभागिता | ४ |
| २. | परियोजना कार्य / प्रयोगात्मक कार्य | परियोजना कार्य सम्पादन, सहकार्य, जिम्मेवारी वहन, सक्रियता, सिर्जनशीलता, समय पालना, अभिलेखीकरण, प्रदर्शन तथा प्रस्तुतीकरण | ३६ |
| ३. | त्रैमासिक परीक्षा | आवधिक परीक्षाको प्राप्ताङ्कका आधारमा निर्धारण गरिने | १० |
| **जम्मा** | | | **५०** |

**(ख) बाह्य मूल्याङ्कन**

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुने छ। प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै विषयवस्तुबाट समेटिएको हुनुपर्ने छ। यस विषयको परीक्षामा सोधिने प्रश्नहरू विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुने छन्। पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीले ज्ञान, सिप, अभिवृत्ति र मूल्यको आर्जन तथा तिनलाई प्रयोग गर्ने सामर्थ्य हासिल गरे नगरेको मूल्याङ्कन गरी त्यसका आधारमा सिकाइ स्तरको प्रमाणीकरण गरिन्छ। अन्तिम परीक्षाको प्रश्नपत्र पाठ्यक्रम विकास केन्द्रले तयार गरेको विशिष्टीकरण तालिकालाई आधार मानी निर्माण गर्नुपर्छ। विद्यार्थीको आवश्यकता र अवस्थाका आधारमा मूल्याङ्कनका साधनको उपयुक्त अनुकूलन (Reasonable accommodation) गरी प्रयोग गर्नुपर्ने छ।

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर